CC-0. Nepal Sanskrit Academy, Kathmandu

पशुपतिक्षेत्रका शक्तिपीठ र तत्सम्बद्ध जात्राहरू



डा. माधवप्रसाद लामिछाने

नेपाल प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पशुपतिक्षेत्रका शक्तिपीठ र तत्सम्बद्ध जात्राहरू

डा. माधवप्रसाद लामिछाने

नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पशुपतिक्षेत्रका शक्तिपीठ र तत्सम्बद्ध जात्राहरु

लेखक : डा. माधवप्रसाद लामिछाने

प्रकाशक : नेपाल प्रज्ञा-प्रतिष्ठान

सर्वाधिकार : नेपाल प्रज्ञा-प्रतिष्ठान

संस्करण : पहिलो, वि.सं. २०७९ (६०० प्रति)

कम्प्युटर सेटिङ : रञ्जन घिमिरे

आवरण सज्जा : वसन्तराज अज्ञात

मुद्रण : प्रज्ञा छापाखाना,
कमलादी, काठमाडौँ

मूल्य : रु. २३५/-

ISBN : 978-9937-781-73-2

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुलपतिको मन्तव्य

नेपालका भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका विविध विधाको अध्ययन, अनुसन्धान एवम् प्रवर्धन गर्दै तत् तत् विषयमा उत्कृष्ट ग्रन्थ प्रकाशन गर्ने अभिप्रायका साथ वि.सं. २०१४ मा सुरुमा नेपाली साहित्य-कला एकेडेमीका रूपमा स्थापित नेपाल एकेडेमीले क्रमशः रायल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका नामबाट विकसित हुँदै आफूले राज्यबाट प्राप्त गरेको उत्तरदायित्वलाई गहनतापूर्वक वहन गर्दै आएको कुरा सबैलाई अवगत भएकै छ। २०६२/०६३ को जन आन्दोलनपछि साबिकको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट ललितकला एवम् नाट्य-सङ्गीत विधालाई छुट्टयाई छुट्टाछुट्टै प्रज्ञा-प्रतिष्ठान गठन गरिएको र नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ अन्तर्गत नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनको अध्ययन, अनुसन्धानमार्फत प्रवर्धन गर्ने उद्देश्यले वर्तमान नेपाल प्रज्ञा-प्रतिष्ठान गठन गरिएको हो। यस अर्थमा आफ्नो गठनदेखिकै बिरासत ग्रहण गर्दै हाल कानुनबमोजिमका विषयक्षेत्रमा यो प्रज्ञा-प्रतिष्ठान कार्यरत छ।

भाषा, संस्कृति, धर्म, दर्शन आदि क्षेत्रमा रहेको मुलुकको विविधतालाई सम्बोधन गर्दै यस्तो विविधताभित्र रहेको एकतालाई अझ समृद्ध पार्ने क्रममा नेपालका प्राज्ञिक जगत्का समग्र विज्ञहरूलाई समेट्दै अगि बढ्न हामी कटिबद्ध छौँ। देशभित्र र बाहिर रहेका समग्र नेपाली स्रष्टाको छाता भई उनीहरूको ज्ञान र सिपलाई अधिकतम प्रयोग गर्दै उनीहरूलाई प्राज्ञिक अध्ययन, अनुसन्धानको अभिभारा प्रदान गर्न प्रज्ञा-प्रतिष्ठान कटिबद्ध छ। यसरी राष्ट्रिय रूपमा समग्र नेपालीहरूको साझा प्राज्ञिक थलो बनाउने लक्ष्यका साथ नेपाल प्रज्ञा-प्रतिष्ठानका नीति र कार्यक्रम रहने गरेका छन्। यसका अतिरिक्त अन्तर्राष्ट्रिय जगत्मा स्थापित समान प्रकृतिका प्राज्ञिक संस्थाहरूसँग संस्थागत समझदारी बढाउँदै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्राज्ञिक आदान-प्रदानमार्फत नेपाल प्रज्ञा-प्रतिष्ठानको अन्तर्राष्ट्रिय छवि निर्माण गर्न पनि हामी प्रतिबद्ध छौँ । यसरी स्पष्ट राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय छवि भएको प्रज्ञा-प्रतिष्ठानका रूपमा नेपाल प्रज्ञा-प्रतिष्ठानलाई विकसित गर्ने हाम्रो प्रयासलाई सार्थक बनाउन सरोकारवाला समग्र प्राज्ञहरूको सहयोगको आवश्यकता हामीले महसुस गरेका छौँ । यसरी नेपालभित्र र बाहिर पनि गोष्ठी, सेमिनार, सभा, सम्मेलन, अध्ययन, अनुसन्धान एवम् ग्रन्थ प्रकाशनसहित अनुवादमार्फत ज्ञान र सृजनाको आदान-प्रदानमा नै नेपाल प्रज्ञा-प्रतिष्ठान सक्रिय रहने प्रतिबद्धता सरोकारवाला सबै प्राज्ञहरूसँग जाहेर गर्दछौँ ।

(गङ्गाप्रसाद उप्रेती)
कुलपति
नेपाल प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रकाशकीय

भाषा, साहित्य, धर्म, दर्शन, संस्कृति, समाजशास्त्र, ज्ञान-विज्ञान एवम् कला-वास्तुकला आदि नेपाली जनजीवनका विविध पक्षहरूको अध्ययन अनुसन्धानका माध्यमद्वारा सिङ्गो नेपाल राष्ट्रको सुदृढीकरण र समष्टि रूपमा नेपाली राष्ट्रियताको दिगो विकासमा सघाउ पुऱ्याउने पवित्र उद्देश्यबाट अभिप्रेरित भएर नेपाल प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिएको हो। अतः नेपाल राष्ट्रलाई आवश्यक पर्ने प्रज्ञानको पूर्ति गर्नु नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रमुख दायित्व हो। नेपाल प्रज्ञा-प्रतिष्ठानले स्थापना कालदेखि नै नेपालको मूर्त-अमूर्त सांस्कृतिक सम्पदाको अध्ययन/अनुसन्धानका माध्यमबाट नेपाल राष्ट्रको आवश्यकता परिपूर्ति र विश्वसामु नेपाललाई चिनाउने काममा लागिरहेको छ।

अहिले नेपाल प्रज्ञा-प्रतिष्ठानअन्तर्गत एघारओटा विभाग छन् र ती विभागहरू प्रवचन, गोष्ठी, अनुसन्धान परियोजना तथा पत्रिका एवम् पुस्तक प्रकाशनका माध्यमबाट आ-आफ्ना क्षेत्रको विषयगत उन्नयनमा लागिरहेका छन्।

यसै गरी युगअनुसार नेपालीहरूका बिच आपसी सद्भाव बढाएर नेपालको अस्मितालाई कायम राखिराख्न सघाउ पुऱ्याउने खालका अध्ययन/अनुसन्धानमा पनि नेपाल प्रज्ञा-प्रतिष्ठान निरन्तर रूपले अगि बढिरहेको छ।

प्रज्ञा-प्रतिष्ठानले विभिन्न विभागीय र केन्द्रीय अनुसन्धान परियोजनाअन्तर्गत तयार गरिएका प्रतिवेदनहरूलाई विज्ञहरूबाट मूल्याङ्कन गराउने र उनीहरूको सिफारिसका आधारमा प्रकाशन गर्ने नीति एकातिर लिएको छ भने अर्कातिर विगतमा विभिन्न कालखण्डमा प्रकाशितमध्ये हाल अप्राप्य अवस्थामा रहेका महत्त्वपूर्ण कृतिहरूलाई आवश्यकता र औचित्यका आधारमा पुनः प्रकाशन गर्ने नीतिसमेत लिएको छ। यसै सन्दर्भमा नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रज्ञा-प्रतिष्ठानको सामाजिकशास्त्र विभागको परियोजनामा डा. माधवप्रसाद लामिछानेले तयार गर्नुभएको पशुपतिक्षेत्रका शक्तिपीठ र तत्सम्बद्ध जात्राहरू शीर्षकको प्रतिवेदन प्रकाशन गरिएको छ। यस्तो महत्त्वपूर्ण ग्रन्थ तयार गर्ने विद्वान् डा. माधवप्रसाद लामिछानेलाई हार्दिक धन्यवाद दिन्छु। यस कृतिलाई प्रकाशनयोग्य बनाउन सुसाङ्ख्य सज्जा गर्ने ना.सु. रञ्जन घिमिरे र आवरण सज्जा गर्ने वसन्तराज श्रेष्ठका साथै योजना तथा कार्यक्रम महाशाखा र प्रकाशन शाखासँग सम्बद्ध सबै कर्मचारीलाई धन्यवाद दिन्छु।

(डा. जगमान गुरुङ)
उपकुलपति

कमलादी, काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विभागीय मन्तव्य

नेपाल प्रज्ञा–प्रतिष्ठानले भाषा, साहित्य, संस्कृति, दर्शनशास्त्र र सामाजिक शास्त्र गरी पाँचओटा विषयक्षेत्रमा केन्द्रित अध्ययन/अनुसन्धान गराउँदै आएको छ। यही परम्पराअनुरूप सामाजिक शास्त्र विभागको अनुसन्धान परियोजनाअन्तर्गत उपप्रा. डा. माधवप्रसाद लामिछानेले तयार पार्नुभएको पशुपतिक्षेत्रका शक्तिपीठ र तत्सम्बद्ध जात्राहरू नामक पुस्तक प्रकाशनमा ल्याउन लागिएको हो ।

हाम्रा आराध्यदेव पशुपतिको क्षेत्रको उल्लेख हामी प्रामाणिक रूपमा लिच्छविकालदेखि नै पाउँछौं। पशुपतिक्षेत्र एवम् श्रीपशुपतिनाथको माहात्म्य, पशुपतिक्षेत्रका शक्तिपीठहरू, पशुपतिक्षेत्रका शक्तिपीठसँग सम्बद्ध जात्राहरू र उपसंहार नामक चार अध्यायमा यो पुस्तक विभक्त छ। यसका साथै टिप्पणीमा प्रयोग भएका अभिलेख र अध्ययनक्षेत्रभित्र पर्ने शक्तिपीठहरूका उपलब्ध तस्बिरहरूलाई परिशिष्टमा समावेश गरिएको छ। आकारले सानो भए तापनि शाक्तपरम्पराप्रति रुचि राख्नेहरूका लागि यो पुस्तक पठनीय सामग्री हुने विश्वास गरिएको छ। यसको मूल्याङ्कन प्राध्यापक विद्यानाथ उपाध्याय भट्टबाट भएको हो त्यसैले मूल्याङ्कनकर्तामा म धन्यवाद ज्ञापन गर्दछु। समयमै आफ्नो अनुसन्धान कार्य पूरा गरी शोधप्रतिवेदन बुझाउनुका साथै पुस्तक प्रकाशन गर्ने क्रममा यसको परिमार्जनमा संलग्न डा. माधवप्रसाद लामिछाने धन्यवादका पात्र हुनुहुन्छ। यस पुस्तकको गुणदोषको समुचित मूल्याङ्कन हुने छ भन्ने आशा मैले लिएको छु।

अन्त्यमा यस पुस्तकलाई प्रकाशनयोग्य बनाउन आन्तरिक साजसज्जा गर्ने नायब सुब्बा रञ्जन घिमिरे, आवरण सज्जा गर्ने कलाकार वसन्तराज अज्ञातलगायत प्रकाशन शाखासँग सम्बद्ध सबै कर्मचारीहरूलाई धन्यवाद प्रदान गर्दछु।

दिनेशराज पन्त

प्रा. दिनेशराज पन्त
प्रमुख
सामाजिक शास्त्र विभाग

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुरोवाक्

धार्मिक, ऐतिहासिक र पुरातात्त्विक दृष्टिले पशुपतिक्षेत्रको ठूलो महत्त्व रहेको छ। स्कन्दपुराणको हिमवत्खण्डअन्तर्गत नेपालमाहात्म्य, पशुपतिपुराण आदि ग्रन्थहरूमा यस क्षेत्रको महत्तालाई विशद रूपमा वर्णन गरेको पाइन्छ। त्यस कारणले विभिन्न कालखण्डमा राजा, महाराजा, साधुसन्त आदिले यस क्षेत्रमा विभिन्न धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको निर्माण गरेका छन्। भगवान् श्रीपशुपतिनाथको प्राकट्यभूमि भएकाले यस क्षेत्रको धार्मिक महत्त्व त छँदैछ त्यसका साथै यहाँ उपलब्ध हुने पुरातात्त्विक सम्पदाहरूले यहाँको इतिहास र संस्कृतिको अध्ययन अनुसन्धानका लागि पनि भरपूर सामग्री प्रदान गरेका छन्। त्यस दृष्टिले पनि यस क्षेत्रको महत्ता बढ्न गएको छ। यस क्षेत्रमा विभिन्न देवीदेवताका मन्दिर, क्षेत्र, थान एवं पीठहरू रहेका छन्। प्रस्तुत कृतिमा पशुपतिक्षेत्रमा रहेका शक्तिपीठ एवं ती पीठहरूसँग सम्बद्ध जात्रापर्वहरूका बारेमा अध्ययन गरिएको छ। सतीदेवीको अङ्ग पतन भएको स्थानविशेषलाई नै पीठ मान्ने आम जनधारणा देखिन्छ तर सधैं याग गर्न योग्य स्थानलाई पीठस्थान भनिन्छ र त्यस्तो पीठस्थान शरीरबाहिर र शरीरभित्र नाभि, हृदय, कण्ठ, तालु, भ्रूमध्य, ब्रह्मरन्ध्र आदि स्थानमा हुन्छ भनी महामहेश्वराचार्य अभिनवगुप्तले तन्त्रालोकमा उल्लेख गरेका छन्। त्यस आधारमा यहाँ मैले पशुपतिक्षेत्रमा अवस्थित देवीस्थानहरू यागयोग्य स्थान भएकाले तिनलाई शक्तिपीठको संज्ञा दिएको छु। यस विषयक्षेत्रमा अध्ययन गर्ने रुचिका कारण मैले यहाँ केही कलम चलाएको हुँ तर यो अध्ययन पूर्ण भने होइन। यस विषयक्षेत्रमा थप अध्ययनको प्रशस्त सम्भावना भएकाले त्यसतर्फ विद्वान्हरूको ध्यान जानेछ भन्ने मैले आशा लिएको छु।

पशुपतिक्षेत्रका शक्तिपीठ र तत्सम्बद्ध जात्राहरू शीर्षकको प्रस्तुत शोधप्रतिवेदन सामाजिक शास्त्रविभागको परियोजनाअन्तर्गत रही सोही विभागका प्रमुख आदरणीय प्राज्ञ प्रा. दिनेशराज पन्तको निर्देशनमा तयार पारिएको हो। उहाँबाट मैले अध्ययन/अनुसन्धानमा निरन्तर लागिरहने प्रेरणा र हार्दिक स्नेह पाएको छु। यस शोधप्रतिवेदनलाई प्रकाशमा ल्याउन उहाँले देखाउनुभएको तत्परता र अमूल्य सुझावका लागि उहाँप्रति हार्दिक धन्यवाद एवम् कार्तज्ञ प्रकट गर्दछु। त्यसैगरी यस प्रतिष्ठानका वर्तमान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुलपति प्राज्ञ गङ्गा प्रसाद उप्रेती, उपकुपति प्राज्ञ डा.जगमान गुरुङ र सदस्यसचिव जगत्प्रसाद उपाध्यायप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

यस सन्दर्भमा म मेरा आदरणीय गुरुहरू प्रा. विद्यानाथ उपाध्याय भट्ट, प्रा.डा. स्थानेश्वर तिमल्सिना र प्रा.डा. दिवाकर आचार्यलाई पनि स्मरण गर्न चाहन्छु जसबाट मैले सदैव अध्ययन अनुसन्धानमा लाग्ने प्रेरणा पाएको छु । अध्ययनका क्रममा सम्बद्ध विषयमा महत्त्वपूर्ण जानकारी प्रदान गर्ने मृत्युञ्जय कर्माचार्य, जयन कर्माचार्यलगायतलाई धन्यवाद दिन्छु ।

त्यसैगरी यो पुस्तक प्रकाशनका लागि प्राविधिक तथा प्रशासनिक सहयोग गर्नु हुने प्रज्ञा–प्रतिष्ठानका नायब सुब्बा रञ्जन घिमिरे, आवरण सज्जा गर्ने कलाकार मित्र वसन्तराज अज्ञात, प्रज्ञा छापाखानाका शाखा अधिकृत इन्द्र सुवेदी र प्रज्ञा–प्रतिष्ठानका सम्वद्ध सबै कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन्छु ।

अन्त्यमा दृष्टिदोष एवं प्रमादवश कुनै त्रुटि रहन गएका भए त्यसप्रति म सबैसँग क्षमायाचना गर्दछु ।

डा. माधवप्रसाद लामिछाने
नेपाल संस्कृत विश्वविद्यालय,
वाल्मीकि विद्यापीठ
(पूर्वमीमांसा तथा तन्त्रविभाग)
प्रदर्शनीमार्ग, काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयक्रम

प्रथम अध्याय	पशुपतिक्षेत्र एवम् पशुपतिनाथको माहात्म्य	१
द्वितीय अध्याय	पशुपतिक्षेत्रका शक्तिपीठहरू	११
तृतीय अध्याय	पशुपति क्षेत्रका शक्तिपीठसँग सम्बद्ध जात्रापर्वहरू	५८
चतुर्थ अध्याय	उपसंहार	८३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रथम अध्याय

पशुपतिक्षेत्र एवम् पशुपतिनाथको माहात्म्य

१.१. विषयप्रवेश

धार्मिक, ऐतिहासिक र पुरातात्त्विक दृष्टिले पशुपतिक्षेत्रको ठूलो महत्त्व रहेको छ। स्कन्दपुराणको हिमवत्खण्डअन्तर्गत नेपालमाहात्म्य, पशुपतिपुराण आदि ग्रन्थहरूमा यस क्षेत्रको महत्तालाई विशद रूपमा वर्णन गरेको पाइन्छ। त्यस कारणले विभिन्न कालखण्डमा राजा, महाराजा, साधुसन्त आदिले यस क्षेत्रमा विभिन्न धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको निर्माण गरेका छन्। पशुपतिनाथको प्राकटचभूमि भएकाले यस क्षेत्रको धार्मिक महत्त्व त छँदैछ, त्यसका साथै यहाँ उपलब्ध हुने पुरातात्त्विक सम्पदाहरूले यहाँको इतिहास र संस्कृतिको अध्ययन अनुसन्धानका लागि पनि भरपूर सामग्री प्रदान गरेका छन्। त्यस दृष्टिले पनि यस क्षेत्रको महत्ता बढ्न गएको छ। यसै सन्दर्भमा यस अध्यायमा पशुपतिक्षेत्र एवम् पशुपतिनाथको माहात्म्यलाई उजागर गर्ने पौराणिक सन्दर्भहरूको चर्चा गरिएको छ।

१.२ पशुपतिक्षेत्रको सीमा र क्षेत्रफल

पशुपतिनाथको मन्दिर र तत्सम्बद्ध अन्य सम्पदाले चर्चेको ठाउँलाई पशुपतिक्षेत्र भनिएको छ। संवत् ४५५ (वि.सं. ५९०) को भस्मेश्वरस्थित प्रतिहार वार्त ध्रुवसङ्घको शिलालेखमा भगवान् पशुपतिको क्षेत्र भन्ने उल्लेख पाइन्छ। सो क्षेत्रमा आफूले प्रतिष्ठापन गरेका भद्रेश्वर, नाथेश्वर, शुभेश्वर, स्थितेश्वर र वीरेश्वरको पूजाका लागि भूमि प्रदान गरेको विवरण पाइन्छ (जोशी, २०३०, पृ. १२०) वि.सं. १८७० चैत्र कृष्ण अमावास्या सोमवारका दिन श्री ५ गीर्वाणयुद्ध विक्रम शाहले पशुपतिनाथमा शिवरात्रि, रामनवमी, मेषसङ्क्रान्ति, दमनारोपण, दशहरा, महाष्टमी, विजया दशमी, धनुर्मास, श्रीपञ्चमी पर्वमा पूजा गर्न, देवपाटनका भत्केबिग्रेका देवालय बनाउन र मर्मतसम्भार गर्नका लागि पूर्व गौरीघाट छेउको बालश्मशानतीर्थ मूलबाटो साँध, दक्षिण दिखेल बाटो साँध, पश्चिम देवबियाखाल मूल बाटो र दोबाटो, कोटुबहिल पर्खालको साँध, उत्तर लुहशालाखेल, महंचपाल, धान्यपोखरीको डिलको ठाडो ढुङ्गो वाहाहिटीजोल, तितिजोलको बाटो साँध चार किल्ला तोकी

CC-0. Nepal Sanskrit Academy, Kathmandu
जग्गा गुठी राखेको देखिन्छ (टण्डन, २०५६, पृ. ४१३)। माथि उल्लिखित क्षेत्रलाई नै पशुपतिमन्दिरसँग सम्बद्ध भण्डारी तथा विसेटहरूले पशुपतिक्षेत्रको चार किल्ला मान्दै आएका छन्।

राजपत्रमा प्रकाशित सूचनाअनुसार गुह्येश्वरी मन्दिरको ९८४ फिट पूर्वतर्फ वाग्वतीनदीको उत्तर किनारादेखि दक्षिण शिवपुरीबाबाको आश्रमवरपरको काठमाडौं महानगरपालिका ८ नं. वडाको कित्ता नं. १ को जङ्गलको भित्री भाग, विमानस्थलबाट तिलगङ्गा चक्रपथ निक्लने कच्ची बाटो पूर्वी सिमाना, काठमाडौं महानगरपालिका वडा नं. ७ , लगायत वडा नं. ७ को भगवान्स्थान हुँदै रातो पुल, चक्रपथ गौशाला निक्लने भाग पश्चिमी सिमाना, काठमाडौँ वडा नं. ७ लगायत क्षेत्र उत्तरी सिमाना र रातो पुलबाट गौशाला चोकतर्फ जाने काठमाडौँ महानगरपालिका वडा नं. ८ लगायत क्षेत्रदेखि गौशाला चोकदेखि विमानस्थलसम्म जाने कच्ची मोटरवाटोसमेतको क्षेत्र दक्षिणी सिमाना तोकिएको छ (रिमाल, २०७७, पृ. २५३)।

माथि उल्लिखित क्षेत्र समेटिएको करिब २६४ हेक्टर जग्गा पशुपतिक्षेत्रको जम्मा क्षेत्रफल देखिन्छ जसअन्तर्गत प्राचीन स्मारक क्षेत्रले करिब ८३.५५ हेक्टर क्षेत्रफल ओगटेको छ (रिमाल, २०७७, पृ. २५३)।

१.३. पशुपतिक्षेत्रको महत्त्व दर्शाउने पौराणिक सन्दर्भहरू

विभिन्न मठ, मन्दिर, स्तूप आदि रहेको पशुपतिक्षेत्र धार्मिक दृष्टिले अत्यन्त पवित्र स्थल मानिन्छ। पुरातात्त्विक र ऐतिहासिक दृष्टिले यो क्षेत्र नेपालको ज्यादै महत्त्वपूर्ण सम्पदास्थल हो। यस क्षेत्रभित्र श्लेष्मान्तक नामको एउटा सानो वनक्षेत्र पनि रहेको छ। सो वनक्षेत्रअन्तर्गत किरातेश्वर मन्दिर, गुह्येश्वरीपीठ, गोरक्षमन्दिर एवं गोरक्षपीठ, मनकामना मन्दिर, विश्वरूपा मन्दिर, मृगस्थली, ध्रुवस्थली आदि सम्पदाक्षेत्र रहेका छन्। पशुपतिनाथ मन्दिरको उत्तरमा कैलास नामको सानो थली परेको डाँडो छ। बालाचतुर्दशीका दिन पशुपतिक्षेत्रमा सद्बीज छर्न आउनेहरू र चालु वर्षभित्र मरेका आफन्तहरूको स्मृतिमा सोही दिन पशुपतिमा आई बत्ती बाल्नेहरू यस स्थानमा जाग्राम बस्ने गर्दछन्। यहाँ लिच्छविकालिक शैलीका केही शिवलिङ्गहरू पाइएकाले लिच्छविकालमा पनि यो ठाउँ निकै महत्त्वपूर्ण थियो भन्ने बुझिन्छ। यसै प्रसङ्गमा अब यहाँ पशुपतिक्षेत्रको महत्त्व दर्शाउने विभिन्न पौराणिक सन्दर्भहरू प्रस्तुत गरिन्छ।

१.३.१ नेपालमाहात्म्यमा पशुपतिक्षेत्रको वर्णन

स्कन्दपुराणअन्तर्गत नेपालमाहात्म्यमा श्लेष्मान्तक वनको सुन्दर वर्णन गरिएको छ। शाल, ताल, तमाल, हिन्ताल, खर्जूर, नागरङ्ग, बीजपूर आदि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वृक्षवनस्पति एवम् फलफूलहरूले सुशोभित, नाना प्रकारका चराचुरुङ्गीहरूको चिर्विरले युक्त, चारैतिर फूलहरूको शोभाले युक्त वाग्वती नदीको तटमा अवस्थित मनोरम श्लेष्मान्तक वनलाई देखेर पार्वतीले सहित शिवजी ज्यादै प्रसन्न हुनुभयो र काशी एवम् कैलासमण्डललाई छोडेर यहीँ रहन थाल्नुभयो। आफ्ना गणहरूले नदेखिने भएर मृग एवम् मृगीरूप धारण गरी शिवपार्वती श्लेष्मान्तक वनमा विचरण गर्न थाल्नुभयो। यता शिवपार्वतीलाई नदेखेर ब्रह्मा आदि देवताहरू ज्यादै चिन्तित भए अनि नारद आदि मुनिगणका साथ शिवपार्वतीको खोजीमा गाउँ, सहर, नदी, वन, उपवन, पर्वत सबैतिर डुले तर शिवपार्वतीलाई कहीँ देखेनन्। यसरी शिवपार्वतीको खोजीमा डुल्दै ती देवताहरू हिमालयको काखमा रहेको रमणीय श्लेष्मान्तक वनमा पुगे जहाँ उनीहरूले एउटा सिङ र तीन आँखा भएका अति सुन्दर मृग र मृगीरूप धारण गरेर मृगहरूको समूहमा विचरण गरिरहेका शिवपार्वतीलाई देखे। यसरी शिवपार्वतीलाई देखेपछि देवताहरूले विभिन्न प्रकारका स्तोत्रले स्तुति गरे तर शिवपार्वतीले आफ्नो मृगरूप त्यागनुभएन। त्यसपछि देवताहरूले सिङमा समातेर मृगलाई नियन्त्रणमा लिने सल्लाह गरेर बलियोसँग मृगको सिङ समाते। देवताहरूले आफ्नो सिङमा समात्नेबित्तिकै मृगरूप शिवजी उफ्रनुभयो र देवताहरूले समातेको सिङ चार टुक्रा भयो। एउटा टुक्रा उछिट्टिएर वाग्वती नदीको तीरमा पशुपतिलिङ्गका रूपमा रह्यो। त्यसपछि देवताहरूले शिवजीलाई काशी अथवा कैलास जान अनुरोध गरे तर शिवजीले आफू त्यहीँ बस्ने तथा श्लेष्मान्तक वनमा पशुरूप लिएर बसेको हुनाले पशुपति नामले आफू लोकमा प्रसिद्ध हुने बताउनुभयो। देवता तथा मनुष्यहरू जसले पशुपतिरूप मेरो दर्शन गर्दछन् तिनीहरू मेरो अनुग्रहका कारण फेरि पशुरूपमा जन्म लिने छैनन् भनेर शिवजीले भन्नुभयो (नेपालमाहात्म्य, १।७–२७)। यसका अतिरिक्त पशुपतिक्षेत्रमा रहेका पशुकुण्ड, मृगस्थली, किरातेश्वरजस्ता पावन स्थलहरूको माहात्म्य पनि त्यहाँ बताइएको छ (नेपालमाहात्म्य, १। २८–३१)।

१.३.२ हिमवत्खण्डमा पशुपतिक्षेत्रको वर्णन

अनेकौं तीर्थ, मनोरम वन, सिद्ध एवम् ऋषिहरूको तपोवनका रूपमा रहेको तथा पहिले सिद्धाद्रि (सिद्धपर्वत) नामले प्रसिद्ध यस वनक्षेत्रमा श्लेष्मान्तक नामको नागले हजार वर्षसम्म शिवको तपस्या गरेको र सो तपस्याबाट प्रसन्न भएका शिवले श्लेष्मान्तक नागलाई स्वच्छन्दगतिवाला हुने, वासुकि नागको साथीका रूपमा प्रसिद्ध हुने, यो वनक्षेत्र र सिद्धाद्रि श्लेष्मान्तक नामले प्रसिद्ध हुने आदि वर दिएको वर्णन हिमवत्खण्डमा पाइन्छ (हिमवत्खण्ड, ७९।३–२३)। त्यसैगरी हिमवत्खण्डमा नेपालमण्डलको मध्यमा उत्तरमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मृगेन्द्रशिखरंको कूटेश्वरदेखि दक्षिण तिलेश्वरसम्म, पूर्वमा विकटेश्वरदेखि पश्चिममा चन्दनभराटेश्वरसम्म, ईशान दिशामा रहेको योगधारा नदीदेखि विष्णुतीर्थसम्म र आग्नेय दिशामा गोदावरी तीर्थसम्मको क्षेत्रलाई मोक्षदायक क्षेत्र मानिएको छ। उक्त क्षेत्रको बिचमा पशुपतिसँग सम्वद्ध क्षेत्र रहेको छ जहाँ जीवहरूले भोग र मोक्ष प्राप्त गर्दछन्। सोही क्षेत्रको एक योजनभित्रको क्षेत्र रुद्रले आराधना गरेको मूल क्षेत्र हो जहाँ पशुपतिरूप ज्योतिर्लिङ्ग विराजमान छन् (हिमवत्खण्ड, ७१।२–१०)। आफ्ना गणहरूका साथ ज्योतिर्लिङ्ग पशुपति विराजित यो नगर धन्य छ। चौध भुवनमा यो नगर श्रेष्ठ एवम् दुर्लभ नगर हो। काशीमा मोक्षरूप पुरुषार्थको प्राप्ति हुन्छ भने यहाँ धर्म, अर्थ, काम र मोक्षरूप चारै पुरुषार्थको प्राप्ति हुन्छ त्यसैले यो क्षेत्र काशीभन्दा चार गुणा मान्य छ (हिमवत्खण्ड, ७२।२–६)। पशुपतिपुरीलाई उत्तरकाशीको संज्ञा दिइएको छ र उक्त नगरीलाई शङ्करले एकक्षण पनि छोड्नुहुन्न भनी वताइएको छ। स्वर्गमा रहने देवताहरूले पशुपतिक्षेत्रका मानिसलाई तीन आँखा भएका, त्रिशूल लिएका, ध्वजामा वृष भएका, शिरमा जटा र किरीटमा चन्द्र भएका महेश्वरका गणका रूपमा देख्छन्, साथै चतुर्वर्ग (धर्म, अर्थ, काम, मोक्ष) पुरुषार्थ प्राप्तिका लागि देवताहरू पशुपतिपुरीमा रुद्रका साथ रहने इच्छा गर्छन् भनी पशुपतिक्षेत्रको महत्त्व देखाइएको छ (हिमवत्खण्ड, ७२।९–१७)।

१.४.२. पशुपतिपुराणमा पशुपतिक्षेत्रसम्बन्धी विवरण

पशुपतिपुराण पशुपतिक्षेत्रको विषयमा लेखिएको स्थानीय पुराण हो। यस पुराणमा शिवले श्लेष्मान्तक वनमा आएर मृगको रूप धारण गरेको, शिवलाई खोज्दै आएका ब्रह्मा आदि देवताहरूले पार्वतीको वचनअनुसार मृगको रूप लिएका शिवलाई चिनेर ब्रह्मा, विष्णु र इन्द्रले मृगेश्वर शिवको सिङ समातेको र त्यो सिङ देवताहरूले समात्नेबित्तिकै उनीहरूको हातमा तीन टुक्रा भई खसेको र हरिणेश्वर शिव आकाशमा उडेको कथा छ (पशुपतिपुराण, १६। २०–२६)। पशुपतिक्षेत्रमा रहेका मृगोदकतीर्थ, कोषोदकतीर्थ, भृगुपतन, भृगुकन्दरतीर्थ, गोरक्षतीर्थ आदि तीर्थहरूको माहात्म्य बताइएको छ (पशुपतिपुराण, १७।४०–४७)। वाग्वती नदीलाई शिवजीको अट्टहासबाट निस्केको हो भन्ने उल्लेखद्वारा यस नदीको महत्त्व र पवित्रताको सङ्केत दिइएको छ (पशुपतिपुराण, १।४८–५०)।

१.५. पशुपतिक्षेत्रको महत्त्व झल्काउने ऐतिहासिक सन्दर्भहरू

पशुपतिक्षेत्रको महत्त्वलाई बुझाउने ऐतिहासिक अभिलेखहरू पनि उपलब्ध छन्। संवत् ४५५ (वि.सं. ५९०) को देवपाटनको भस्मेश्वरस्थित भद्रेश्वर नामको शिवलिङ्गको जलहरीको लेखमा भगवान् श्रीपशुपतिनाथको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

क्षेत्रका रूपमा यस स्थानको चर्चा गरिएको छ। लिच्छविकालमा पशुपतिभेगका केही स्थलहरूले तीर्थस्थलका रूपमा प्रसिद्धि पाइसकेका थिए। संवत् १०३ (वि.सं. ७३६) को नरेन्द्रदेवको वज्रघरको अभिलेखमा आर्यभिक्षुसङ्घको अभिभारामा सुम्पिएका ठाउँहरूको चार किल्लाको उल्लेख गर्दा दक्षिणेश्वर र अम्बुतीर्थको खेतको दोसाँध भन्ने कुराको चर्चा आएको छ (जोशी, २०३०, पृ. ५१४)। त्यहाँ उल्लिखित दक्षिणेश्वर पशुपतिभेगमै कतै थियो भन्ने अनुमान गर्न सकिन्छ किनभने सोही अभिलेखमा ब्रह्मतीर्थको उल्लेख भएको छ र वाग्वतीयात्रा गर्ने सन्दर्भमा ब्रह्मतीर्थ भनी तिलगङ्गाको उत्तरतिर गई नुहाउने चलन छ। पशुपतिनाथको मन्दिर रहेको क्षेत्र धार्मिक सद्भावले सम्पन्न उल्लेख्य स्थलका रूपमा लिच्छविकालदेखि नै विकसित छ। एकातिर बुद्ध, अवलोकितेश्वरजस्ता मूर्ति एवं चैत्यहरूका स्थापना अत्यधिक मात्रामा यहाँ भएका थिए भने अर्कातिर पाशुपत सम्प्रदायसँग सम्बद्ध विविध सङ्घहरूका साथसाथै आर्यभिक्षुसङ्घजस्ता बौद्ध मतसँग सम्बद्ध सङ्घको अस्तित्व पनि थियो। नरेन्द्रदेवको पाटन गैह्रीधाराको संवत् ८३ (वि.सं. ७१७) को अभिलेखमा पशुपतिमा वाग्वतीनदीदेखि पूर्वपट्टि वज्रेश्वरमण्डलीको उल्लेख आएको छ (जोशी, २०३०, पृ. ४९१)। सोही अभिलेखमा देवतालाई गर्नुपर्ने कारणपूजा, उपलेपन, सम्मार्जन, प्रतिसंस्कार आदि गरेर बाँकी रहेको पैसाले भगवान् वज्रेश्वरलाई उद्देश्य गरेर पाशुपत र ब्राह्मणहरूलाई भोजन गराउनुपर्छ भन्ने उल्लेख भएको छ (जोशी, २०३०, पृ. ४९१)। यो प्रसंग त्यतिखेरको समाजमा वैदिक, पाशुपत शैव र बौद्धका बिच रहेको धार्मिक सद्भावको उदाहरण हो। धर्मप्रति आस्था र विश्वास भएका व्यक्तिहरूले मठ, मन्दिर, स्तूप, विहार, चैत्यजस्ता धार्मिक महत्त्वका साधनास्थल एवं पाटी, पौवा, धर्मशाला, सत्तल, ढुङ्गेधाराहरूको स्थापना गरिदिएको हुनाले पशुपतिक्षेत्रले पवित्र तीर्थस्थलका रूपमा विकसित हुने मौका पायो।

१.६. पुराणहरूमा पशुपतितत्त्व

पुराणहरूमा पशुपतितत्त्वसम्बन्धी प्रशस्त उल्लेख पाइन्छ। पशुपतितत्त्वको मूर्त श्रीविग्रह श्रीपशुपतिनाथ मन्दिरमा प्रतिष्ठापित छ त्यसैले अब यहाँ विभिन्न पुराणमा भएका पशुपतिसम्बन्धी विषयको सङ्क्षिप्त चर्चा गरिन्छ।

१.६.१. शिवमहापुराणमा पशुपतितत्त्व

शिवपुराणको वायवीयसंहितामा पशुपतिस्वरूप शिवको प्रतिपादनको प्रसङ्गमा पति, पशु र पाश पदार्थको विवेचना गरिएको छ। पशुरूप जीव, कर्मबन्धनरूप पाश वा प्रकृति र ती सबैको नियन्ता पति वा शिवको ज्ञानलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वस्तुपरिच्छेद भनिन्छ र त्यही वस्तुपरिच्छेदात्मक ज्ञान नै अज्ञानजन्य दुःखको नाशको कारण हो (शिवमहापुराण (वायवीयसंहिता), ५। १७–१८)। कल्याणस्वरूप शिवतत्त्व नै ब्रह्मादेखि स्थावरसम्म पशुस्वरूप सम्पूर्ण चराचर जगत्का पति भएकाले त्यही परमेश्वरलाई पशुपति भनिएको हो। पशुरूप जीवलाई पालन गर्ने र आफ्नो अनुग्रहद्वारा मुक्ति पनि दिलाउने भएकाले नै शिवतत्त्वलाई पशुपति भनिएको हो (शिवमहापुराण (वायवीयसंहिता), ६।३१–३३)। यद्यपि शिव निर्गुण छन् तथापि सगुण उपासनाद्वारा निर्गुण तत्त्वको प्राप्तिका लागि मूर्तिस्वरूप शिवको उपासनाक्रमलाई साधनका रूपमा बताइएको हो। जसरी बलेको काठका माध्यमबाट मात्र अग्निलाई देख्न सकिन्छ त्यसरी नै मूर्तिमा आरूढ भएर रहेमात्र शिवको उपासना एवं दर्शन हुन सक्छ। यसकारण शिवका पशुपति, नीलकण्ठ आदि विभिन्न मूर्तिहरू ध्यान, पूजा तथा उपासनाका लागि कल्पना गरिएका हुन्।

१.६.२. भागवतमहापुराणमा पशुपतितत्त्व

भागवतमहापुराणको चतुर्थ स्कन्धमा दक्षयज्ञ विध्वंसको प्रसङ्गमा भगवान् शिवको जटाबाट वीरभद्र नामक रुद्रको उत्पत्ति भएको वर्णन पाइन्छ। भगवान् शिवले उग्र रूप धारण गर्नुभयो र क्रोधले ओठ टोकेर आफ्नो एउटा जटा उखेल्नुभयो जुन बिजुली एवं आगोको ज्वालाझैँ बलिरहेको थियो। अचानक बसेको ठाउँबाट उठेर गम्भीर अट्टहासका साथ उक्त जटालाई भुइँमा जोडले पछार्नुभयो। त्यसबाट तुरुन्तै विशाल शरीर भएका, हजारौँ हात भएका, कालो वर्ण भएका, सूर्यसमान उज्ज्वल तीन नेत्र भएका, डरलाग्दो दाह्रा भएका, आगोको ज्वालाजस्ता जटा भएका, गलामा नरमुण्डको माला लगाएका र हातमा विभिन्न प्रकारका अस्त्रशस्त्र धारण गरेका रुद्र उत्पन्न भए (भागवतमहापुराण,४।५।२–३)। तिनै वीरभद्र नामक रुद्रलाई पशुपति भनेर सम्बोधन गरिएको छ (भागवतमहापुराण,४।५।२३–२४) भगवान् श्रीपशुपतिनाथ ब्रह्मादि स्थावरपर्यन्त सम्पूर्ण पशुहरूका पालनकर्ता पति हुनुहुन्छ। तिनै पशुपतिलाई दक्षप्रजापतिले अनुग्रहकर्ताका रूपमा यसप्रकार स्तुति गरेका छन्–

> *हे भगवान्! मैले अपराध गरेको थिएँ तर तपाईंले मलाई दण्ड दिएर अनुग्रह गर्नुभयो। तपाईं र भगवान् विष्णु आचारहीन नाममात्रका ब्राह्मणहरूलाई त उपेक्षा गर्नुहुन्न भने यज्ञयागादि गर्ने हामीजस्तालाई त के उपेक्षा गर्नुहुन्थ्यो र? हे प्रभु! तपाईंले सर्वप्रथम ब्रह्मा बनेर विद्या, तप र व्रत आदिलाई धारण गर्ने ब्राह्मणहरूलाई आफ्नो मुखबाट उत्पन्न गर्नुभयो। गोठालाले हातमा लठ्ठी लिएर जसरी गाईहरूको रक्षा गर्दछ त्यसरी नै तपाईं शास्त्रको*

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अनुशासनद्वारा ब्राह्मणहरूलाई सबै विपत्तिबाट बचाउनुहुन्छ। तपाइंको तात्त्विक स्वरूपलाई नजानेर मैले सभामा तपाइंलाई अपमानजनक वचन भनें। तपाइंजस्तो पूज्यतम महानुभावलाई निन्दा गरेको कारणले अधोलोकमा गिर्दो मलाई मेरा अपमानजनक वचनहरूको ख्याल नगरी आफ्नो करुणापूर्ण दृष्टिले मलाई नरक जानबाट बचाउनुभयो। त्यस्ता भगवान् मप्रति प्रसन्न हुनुहोस् (भागवतमहापुराण, ४।७।१३–१५)।

शिवलाई यहाँ यज्ञमूर्तिका रूपमा प्रतिपादन गरिएको छ। सम्पूर्ण देवतादेखि लिएर प्राणीमात्र सदाशिवशक्तिका अगाडि पशुसमान हुन्। यस कारण शिव सर्वनियन्ता पशुपति हुन्। दक्षप्रजापतिमा पशुको शिर राखिदिनु र सबलाई नियन्त्रणमा राखेर अनुग्रह गरिनु पशुपतितत्त्वको प्रतीकात्मक अर्थ हो। समुद्रमन्थनका क्रममा हालाहल नामको विष उत्पन्न भएपछि उक्त उग्र विषबाट बच्नका लागि प्रजापतिहरूले पशुपतिनाथको स्तुति गर्दै भगवान्का सद्योजात आदि पाँच मुखलाई उपनिषद्स्वरूप मानेका छन्। तिनै सद्योजात, वामदेव, अघोर, तत्पुरुष र ईशान यी पाँच मुखहरूबाट अठतीस कलात्मक मन्त्रहरू व्यक्त भएका छन्। जब पशुपतिनाथ आफ्नो वास्तव स्वयंप्रकाशस्वरूपमा स्थित हुन्छन् तब त्यस अवस्थालाई नै शिव नामक परमार्थतत्त्व भनिन्छ (भागवतमहापुराण, ८।७।२९)।

१.६.३. वाराहपुराणमा पशुपतितत्त्व

वाराहपुराणमा दक्षप्रजापति र उनका सहयोगी देवता एवम् रुद्र र उनका अनुचरहरूका बिच महायुद्ध भएको वर्णन छ। रुद्रका तर्फबाट पाशुपतास्त्र र नारायणका तर्फबाट नारायणास्त्रको प्रयोग भई दिव्य एक हजार वर्षसम्म युद्ध हुँदा ब्रह्माले हरि र हर दुबैलाई शान्त रहन आग्रह गरेपछि दुबै शान्त भएको र ब्रह्माले लोकलाई रुद्रलाई यज्ञभाग दिन आज्ञा दिएको प्रसङ्ग त्यहाँ पाइन्छ (वाराहपुराण, २१।५३–६४)। त्यसपछि ब्रह्माले देवताहरूलाई रुद्रको स्तुति गर्न भनेका छन्। देवताहरूको स्तुतिबाट प्रसन्न भएका रुद्र भन्छन्–

म सम्पूर्ण विद्याको पति हुँ, आद्य स्वरूप हुँ र सनातन पनि हुँ। पशुभावले रहेका सम्पूर्ण जीवहरूमा म पतिभावले रहेको छु। यसकारण सम्पूर्ण लोकहरूमा मेरो नाम पशुपति रहेको छ। जसले मेरो पशुपतिरूपको चिन्तन, भजन गर्छन् तिनीहरूले पाशुपतदीक्षा प्राप्त गर्न सक्छन् (वाराहपुराण, २१।७९–८०)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१.६.६. लिङ्गपुराणमा पशुपतितत्त्व

लिङ्गपुराणको पूर्वभागमा ब्रह्मा आदि देवतादेखि लिएर पिशाचसम्मका सम्पूर्ण पशुहरूका उद्धारकर्ता भएकाले सर्वेश्वर भगवान्लाई पशुपति भनिएको हो भनी बताइएको छ (लिङ्गपुराण, १।७१५४)। सोही पुराणमा ब्रह्मा आदि परयोनिका देवताहरू र अवरयोनिका प्राणीहरूको पशुपाशविमोचनका लागि स्वयं पशुपतिनाथले पाशुपतयोगको प्रवर्तन गरेको बताइएको छ (लिङ्गपुराण, १।७१५५) पशुपतिको अनुग्रहबाट नै ज्ञान प्राप्त हुन्छ, ज्ञानबाट योगको प्रवर्तन हुन्छ र योगबाट मुक्ति प्राप्त हुन्छ त्यसैले पशुपतिको अनुग्रह नै मुक्तिको कारण हो भन्ने कुरा त्यहाँ बताइएको छ (लिङ्गपुराण, १।७।४)। सोही प्रसङ्गमा अठ्ठाइस योगाचार्यहरूको नामावली त्यहाँ दिइएको छ। जसअनुसार ती अठ्ठाइस पाशुपत योगाचार्यहरू श्वेत, सुतार, मदन, सुहोत्र, कङ्कण, लोकाक्षि, जैगीषव्य, दधिवाहन, ऋषभ, मुनि, उग्र, अत्रि, सुबालक, गौतम, वेदशीर्ष, गोकर्ण, गुहावासी, शिखण्डभृत्, जटामाली, अट्टहास, दारुक, लाङ्गली, महाकायमुनि, शूली, मुण्डीश्वर, सहिष्णु, सोमशर्मा र लकुलीश हुन् (लिङ्गपुराण, १।७।३०–३४)।

१.६.७ हिमवत्खण्डमा पशुपतितत्त्व

कुनै समयमा ब्रह्मा र विष्णुका बिचमा आफू नै ठूलो हुँ भन्ने विवाद उत्पन्न भयो। ब्रह्माले आफू नै जगत्को कर्ता, हर्ता र पालक भएको, आफूविना कोही पनि जगत्पति नभएको कुरा विष्णुलाई बताए भने विष्णुले पनि आफू नै जगत्को कर्ता भएको, आफूबाट नै जगत्को पालना हुने, आफूमा नै यो सारा जगत् विलीन हुने, आफू नित्य, निरञ्जनस्वरूप भएको कुरा ब्रह्मालाई बताए। ती दुवैको घमण्ड चूर गर्न भगवान् शिव उनीहरूका अगाडि सानो, सूक्ष्म तन्तुजस्तो तैजस रूपमा प्रकट हुनुभयो। उक्त ज्योतिःपुञ्ज बिस्तारै बढ्दै सारा संसारमा व्याप्त भयो। त्यसपछि ज्योतिर्मय लिङ्गका रूपमा प्रकट हुनुभएका शिवजीले आकाशवाणीद्वारा जसले सबैभन्दा पहिले यो ज्योतिर्लिङ्गको सबैभन्दा माथिल्लो र सबैभन्दा तल्लो भाग पत्ता लगाउन सक्छ त्यही नै लोककर्ता र पालकका रूपमा पूज्य हुनेछ भनेको प्रसङ्ग हिमवत्खण्डमा छ (हिमवत्खण्ड, ७४।८–४२)। यस्तो आकाशवाणी सुनेपछि ब्रह्माले विष्णुलाई ज्योतिर्लिङ्गको मूल पत्ता लगाउन तल पातालतिर पठाए भने आफू माथि स्वर्गतिर लागे। माथितिर जाने क्रममा सप्तलोक पार गरेर ब्रह्मा गोलोक पुगे जहाँ उनको भेट सुरभि नामको कामधेनुसँग भयो। कामधेनुले ब्रह्मालाई त्यहाँ आउनुको कारण सोधिन्। ब्रह्माले ज्योतिर्लिङ्गको टुप्पो पत्ता लगाउन आफू माथितिर लागेको तथा विष्णु तल पातालतिर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लागेको तर ज्योतिर्लिङ्गको टुप्पो फेला नपरेकाले कुनै उपाय भए बताउन आग्रह गरे। ब्रह्माको कुरा सुनेपछि कामधेनुले उक्त ज्योतिर्मय लिङ्ग शिवलिङ्ग भएको र त्यसको फेद र टुप्पो पत्ता लगाउन कोही पनि समर्थ नरहेको बताइन्। त्यसपछि ब्रह्माले कामधेनु, बन्धूक, केतकी र जवापुष्पलाई आफ्नो साथमा हिँड्न र विष्णुसमक्ष गई आफूले ज्योतिर्लिङ्गको टुप्पो पत्ता लगाएको कुराको दृष्टसाक्षी बनिदिन आग्रह गरे। कामधेनुले असत्य बोल्न अस्वीकार गरिन् तर ब्रह्माले गाई, ब्राह्मण, शरणागत र भयभीत व्यक्तिको रक्षाका लागि असत्य बोल्दा दोष नलाग्ने कुरा बताएर साक्षी बसिदिन अनुनय विनय गरेपछि उनीहरू त्यसका लागि तयार भए। यता ज्योतिर्लिङ्गको फेद पत्ता लगाउन तल पातालतिर लागेका विष्णुको भेट महातलको अन्तिम सीमामा पुगेपछि अनन्तनागसँग भयो। अनन्तले विष्णुलाई उचित स्वागतसत्कार गरेर त्यहाँ आउनुको कारण सोधे। विष्णुले आफू तेजोमय लिङ्गको फेद पत्ता लगाउन आएको बताए। त्यसपछि अनन्तले उक्त ज्योतिर्लिङ्गको फेदलाई भयङ्कर डरलाग्दा करोडौं नागहरूले बेरेर रहने तथा दश योजन टाढा रहेका व्यक्तिहरू पनि उनीहरूको उच्छ्वासले भस्म हुने भएकाले उक्त ज्योतिर्लिङ्गको फेदमा कोही पनि पुग्न सक्तैन त्यसैले तपाईं उतै फर्कनुहोस् भने। अनन्तनागको यस्तो यथार्थ कुरा सुनेर विष्णु रसातलमा फर्किए जहाँ ब्रह्मा रहेका थिए र पहिले उनीहरूका बिचमा को ठूलो भन्ने विवाद भएको थियो। त्यहाँ रसातलमा जलमाथि विष्णुले ब्रह्मा, कामधेनु गाई, केतकी र जवापुष्पलाई देखे। विष्णु आएको देखी ब्रह्माले विष्णुलाई उचित सत्कार गरे तथा महातलतिर गएको काम सम्पन्न भयो त ? भनेर सोधे। ब्रह्माको प्रश्न सुनी विष्णुले मैले त ज्योतिर्लिङ्गको फेद पत्ता लगाउन सकिनँ, त्यो अगम्य रहेछ भनेर बताए अनि तपाईंले त्यसको टुप्पो पत्ता लगाउनुभयो त ? साँचो भन्नुहोस् भनी सोधे। ब्रह्माले साक्षीका रूपमा कामधेनु, बन्धूक, केतकी र जवापुष्पलाई देखाए अनि तिनैलाई सोध्न भने। कामधेनुले ब्रह्मा ज्योतिर्लिङ्गको टुप्पोमा पुगेको बताइन्, अरूले पनि कामधेनुको समर्थन गरे। उनीहरूको कुरा सुनेपछि विष्णु मलिन अनुहार बनाएर तलतिर टाउको झुकाएर बसे। यत्तिकैमा शिवजीबाट आकाशवाणी भयो। असत्य वचन बोलेकोमा कामधेनु आदिलाई शिवजीले श्राप दिनुभयो। त्यसपछि ब्रह्मा र विष्णु दुबैले ज्योतिर्लिङ्गको स्तुति गरे। तिनको स्तुतिबाट प्रसन्न भएका शिवले ज्योतिर्लिङ्गभित्र हातको बुढी औँलोजत्रो लिङ्गस्वरूपको दर्शन दिए। उनीहरूले फेरि स्तुति गरे। केही क्षणपछि त्यस लिङ्गमा चार हात, तीन आँखा र दिव्य मुखमण्डल भएका शिव त्रिशूल र डमरु हातमा लिएको दिव्यरूपमा प्रकट भए। शिवको काखमा जगदम्बा पार्वती पनि हुनुहुन्थ्यो। ब्रह्मा र विष्णुले पुनः

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पार्वतीसहित शिवको स्तुति गरे। उनीहरूको स्तुतिबाट प्रसन्न भएका शिवजीले ब्रह्मालाई पहिलेजस्तै जगत्को सृष्टि गर्ने कार्यमा नियुक्त गरे भने विष्णुलाई जगत्पालनको कार्यमा नियुक्त गरे। त्यसपछि शिवले गणेश, सूर्य र दावानलहरूको सृष्टि गरी त्यहाँको जल शोषण गर्न र चन्द्रमा सृष्टि गरेर संसारलाई आनन्द दिन अह्राए। यसरी सम्पूर्ण लोकको सृष्टि भएपछि म यही देवपूजित भूमिमा दिव्य दश हजार वर्षसम्म ज्योतिर्लिङ्गको रूपमा रहनेछु भनेर शिवजीले भनेको कथाप्रसङ्ग पाइन्छ (हिमवत्खण्ड, ७६।२–८८)। पछि लम्बोदर आदिले जल पिएपछि द्वीप, पर्वत र समुद्रहरू बने। उक्त ज्योतिर्लिङ्ग नेपालमा प्रकट भयो। कलियुगको आगमन भएपछि उक्त ज्योतिर्लिङ्ग तिरोहित भयो। सो स्थानमा धनुप्रमाणको अर्थात् चार हातको तेजोलिङ्ग प्रादुर्भाव भयो। कलिको आगमनले मानिसहरू धर्मकर्मले रहित भएपछि सो तेजोलिङ्ग उपेक्षित रह्यो, धेरै समयसम्म माटोले पुरिएर भूगर्भमै रहिरह्यो। उक्त तेजोलिङ्ग पुरिएको स्थानमा एउटी कामधेनु गाई आएर प्रतिदिन आफ्नो दूधको धारा बगाउँथिन्। यो कुरा केही म्लेच्छहरूले चाल पाए र यसको रहस्य के रहेछ भनेर जान्ने इच्छाले उनीहरूले गाईले दूध चढाएको ठाउँमा खनेर हेरे तर तेजोलिङ्गको दुर्धर्ष तेजले डढेर उनीहरू तत्काल त्यहीँ भस्म भए तर शिवको अनुग्रहले उनीहरू मुक्त भए। यो कुरा थाहा पाएर ब्रह्मा आदि देवताहरू त्यहाँ आए। ब्रह्माले उक्त लिङ्गमाथि वेदिकासहित सम्पूर्ण लक्षणले युक्त पञ्चवक्त्र लिङ्गको स्थापना गरे। त्यसमाथि विष्णुले पनि नीलमणिमय लिङ्गको स्थापना गरे। त्यसैले यो महालिङ्ग ब्रह्मविष्णुशिवात्मक पशुपतिको विग्रहस्वरूप हो (हिमवत्खण्ड, ७७।१–४२)।

१.७. उपसंहार

पशुपतिक्षेत्रको धार्मिक एवं सांस्कृतिक महत्त्वका विषयमा विभिन्न पुराणहरूमा उल्लेख पाइने कुरा माथि उल्लेख गरियो। त्यसैगरी पशुपतिनाथको माहात्म्यलाई उद्घाटन गर्ने विभिन्न पौराणिक सन्दर्भहरूको उल्लेख माथि गरियो। हाम्रो धर्म एवं संस्कृतिको मुख्य आधार भनेका वेद, पुराण, आगम वा तन्त्र, स्मृतिशास्त्र आदि नै हुन्। तिनै शास्त्रहरूले नै हाम्रा धार्मिक एवं सांस्कृतिक क्रियाकलापहरूलाई निर्देश गर्दछन्। ती शास्त्रहरूले कुनै स्थानविशेषलाई महत्त्व दिएका छन् भने ती क्षेत्रहरू हाम्रा आस्थाका धरोहर बन्न पुग्दछन्। सोही आधारमा नै पशुपतिक्षेत्र नेपाली जनजीवनमा आस्थाको केन्द्र बन्न पुगेको हो। यस्तो पावन क्षेत्रका अधिष्ठाताका रूपमा भगवान् श्रीपशुपतिनाथलाई नेपाली जनजीवनले अत्यन्त श्रद्धा र विश्वासका साथ ग्रहण गरेको छ। नेपालमा हिन्दु धर्मावलम्बीले मात्र होइन बौद्ध, जैन, शिख, किरात आदि धर्मावलम्बीले पनि कुनै न कुनै रूपमा पशुपतिनाथलाई श्रद्धा र विश्वासपूर्वक ग्रहण गरेको हामी पाउँछौँ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

द्वितीय अध्याय

पशुपतिक्षेत्रका शक्तिपीठहरू

२.१. विषयप्रवेश

मातृशक्तिको उपासनापरम्परा ज्यादै प्राचीन परम्परा हो । परिवार र समाजको गठनमा आमाको रूपमा नारीले ज्यादै महत्त्वपूर्ण भूमिका निर्वाह गरेको र त्यसैको परिणामस्वरूप विश्वका विभिन्न भूभागमा मातृसत्तात्मक संस्थाहरू बनेको र देवीपूजाको प्रचलन प्रारम्भ भएको कुरा समाजशास्त्रीहरू बताउँछन् । यसै सन्दर्भमा यस अध्यायमा पशुपतिक्षेत्रमा रहेका शक्तिपीठहरूको अध्ययन गरिएको छ ।

२.२. शक्तिउपासनाको वैदिक तथा पौराणिक पृष्ठभूमि

परब्रह्मस्थानीय उपास्यका रूपमा देवी या महाशक्तिलाई ग्रहण गर्ने अर्थात् देवी वा मातृशक्तिलाई विश्वब्रह्माण्डको एकमात्र परम कारण मान्दै उनलाई नित्य, शाश्वत तत्त्वका रूपमा उपासना गर्ने धार्मिक सम्प्रदायलाई शाक्तसम्प्रदाय भनिन्छ । मातृशक्तिको उपासनापरम्परा ज्यादै प्राचीन मानिन्छ । परिवार तथा समाजको आविर्भाव एवं प्रारम्भिक गठनमा आमाको रूपमा नारीले महत्त्वपूर्ण भूमिका निर्वाह गरेकाले विश्वका विभिन्न भागमा मातृसत्तात्मक संस्थाहरू बने र त्यसको फलस्वरूप देवीपूजाको प्रचलन प्रारम्भ भयो भन्ने समाजशास्त्री तथा पुरातत्त्वविद्हरूको मत रहेको छ । जेम्स जे. प्रिस्टन को मतमा देवीपूजाको प्रमाण तीस हजार वर्षपूर्व नवपाषाणकालसम्म पाइन्छ (प्रिन्स्टन, १९८६, पृ. ६) । मध्य तथा पूर्वी यूरोपमा हात्तीका दाँत तथा हाडबाट बनेका नारी आकृतिका अवशेषहरू पाइएका छन् । करिब बीस हजार वर्षभन्दा पुराना पूर्वपाषाणकालिक ती अवशेषहरूले तात्कालिक समयमै देवीपूजाको प्रचलन रहेको प्रमाण दिइरहेका छन् (क्षेत्री र खतिवडा, वि.सं. २०५४, पृ. ९३) । इरान, इराक, भूमध्यसागरीय क्षेत्र, पश्चिमएसिया र मोहनजोदडो एवं हडप्पासभ्यताबाट प्राप्त नारीचित्र, मूर्ति र अवशेषबाट पनि शक्तिको उपासनापरम्परा ज्यादै प्राचीन रहेको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सर्वप्राचीन लिखित साहित्यका रूपमा ऋग्वेदमा सर्वप्रथम देवी वा शक्तिको उल्लेख पाइन्छ। ऋग्वेदका ऋचाहरूमा वर्णित देवीहरू कुनै निश्चित तत्त्वका रूपमा नभई प्रकृतिकै कुनै शान्त र सुन्दर रूपमा वर्णन गरिएको पाइन्छ। त्यसै क्रममा ऋग्वेदमा सरस्वतीलाई बल, ज्ञान, ऐश्वर्य र अन्न आदि प्रदान गर्ने देवीका रूपमा चित्रण गर्दै उनी सबैलाई पवित्र बनाउने देवी हुन् भनिएको छ। यिनी उत्तम बुद्धिले युक्त विद्वान् व्यक्तिहरूलाई ज्ञान प्रदान गर्दै तिनको यज्ञ, श्रेष्ठ कर्म र देवताको उपासनालाई धारण गर्दछिन् भनिएको छ (ऋग्वेदसंहिता, १।२।३।१०–१२)। त्यसैगरी ऋग्वेदकै दशम मण्डलमा सरस्वतीको वर्णनको प्रसङ्गमा ज्ञानको प्रकाश दिने परम सुखदाता प्रभुको प्रार्थना गर्दै मानिसहरू सरस्वतीलाई असीमित ज्ञानले सम्पन्न शक्तिका रूपमा स्विकार्दछन् भनिएको छ (ऋग्वेदसंहिता, १०।६१)। अथर्ववेदमा लोकहितकारी कार्य गर्दा शत्रुहरूको घातप्रतिघातद्वारा मनमा क्षोभ उत्पन्न हुने स्थितिमा आफ्नो ज्ञानमय एवं स्नेहमय लेपनद्वारा उक्त क्षोभरूपी घाउ निको पार्न देवी सरस्वतीसँग प्रार्थना गरिएको छ (अथर्ववेदसंहिता, ७।५७।१)। त्यसैगरी उषालाई ऋग्वेदमा समस्त विद्याले परिपूर्ण, दुःखदायी अज्ञानदेखि भिन्न, विविध प्रकारका ज्ञानलाई प्रकाशित गर्ने, पापलाई डढाउने एवं मनुष्यमात्रका लागि ज्ञानमार्गको प्रदर्शक देवीका रूपमा वर्णन गरिएको पाइन्छ। अदितिलाई ऋग्वेदमा समस्त प्राणी एवं जगत्रूपी प्रपञ्चकी जननी तथा संहारकर्त्रीका रूपमा वर्णन गरिएको छ। त्यसैगरी ऋग्वेदमा रात्रि, पृथिवी, इला, भारती, मही आदि देवीहरूको पनि चर्चा पाइन्छ।

ब्राह्मण एवं आरण्यकग्रन्थहरूमा ब्रह्मको शक्तिका रूपमा गायत्री एवं सावित्रीको वर्णन पाइन्छ। तैत्तिरीयारण्यकमा दुर्गादेवीको विस्तृत वर्णन पाइन्छ, जहाँ दुःस्वप्ननाशिनी दुर्गादेवीसँग आफ्ना सम्पूर्ण पापहरूको हरण गर्न प्रार्थना गरिएको छ (तैत्तिरीयारण्यक, १०।१)। त्यसैगरी ब्राह्मणग्रन्थहरूमा कुहु, राका, सिनीवाली आदि रात्रिदेवीहरूको पनि उल्लेख पाइन्छ। शतपथब्राह्मणमा देवी सरस्वतीलाई पशुबलि दिने वर्णन पाइन्छ (शतपथब्राह्मण, ३।९।१।७)।

उपनिषद्हरूमा ब्रह्ममा अन्तर्निहित शक्तिलाई नै सम्पूर्ण जगत्रूपी प्रपञ्चको कारण मानिएको छ। एउटै ब्रह्म विभिन्न शक्तिको योगले विभिन्न रूपमा आभासित हुन्छ। उसका विभिन्न शक्तिहरूमध्ये इच्छा, ज्ञान र क्रियारूप शक्ति प्रमुख मानिन्छन्। छान्दोग्योपनिषद्, ऐतरेयोपनिषद्, केनोपनिषद्, काठकोपनिषद्, बह्वृचोपनिषद्, मैत्रेय्युपनिषद्, वृहज्ज्वालोपनिषद् आदि उपनिषद्हरूमा शक्तिका विविध रूप र महिमाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वर्णन एवं स्तुति गरिएका प्रसङ्गहरू पाइन्छन्। यसका अतिरिक्त त्रिपुरोपनिषद्, त्रिपुरातापिन्युपनिषद्, देव्युपनिषद्, भावनोपनिषद्, सरस्वतीरहस्योपनिषद्, सीतोपनिषद्, सौभाग्यलक्ष्म्युपनिषद् आदि शक्तिउपासनापरक उपनिषद्हरू छन् जसमा शक्तिका विविध रूप, तिनको महिमा र उपासनाको विशद वर्णन पाइन्छ।

महाभारतयुगसम्म आइपुग्दा शक्तिउपासनाले स्वतन्त्र रूप लिइसकेको देखिन्छ। यस युगसम्म आइपुग्दा शक्तिलाई उमा, काली, विजया, कात्यायनी, चण्डी, दुर्गा, ललिता आदि देवीका रूपमा साकार उपासनाको परम्परा विकसित भइसकेको देखिन्छ। विराट्पर्वमा युधिष्ठिरले दुर्गाको उपासना गरेको वर्णन पाइन्छ। भीष्मपर्वमा कुमारी, काली, कपाली, कपिला, भद्रकाली, महाकाली, उमा, कात्यायनी, चण्डी आदि देवीहरूको उल्लेख पाइन्छ। वनपर्वमा श्रीपर्वतको वर्णन पाइन्छ जहाँ महादेव आफ्नै शक्तिका साथ रहेको उल्लेख गरिएको छ। कालिकापुराण तथा देवीपुराण शक्तिको उपासनासम्बन्धी स्वतन्त्र पुराण मानिन्छन् भने अन्य सबैजसो पुराणहरूमा देवीको कुनै न कुनै वर्णन तथा उपासनाको उल्लेख पाइन्छ। यसै पृष्ठभूमिमा विकसित भएको देवीउपासनाको परम्परालाई तन्त्र वा आगमशास्त्रले दार्शनिक र कर्मकाण्डीय आधार प्रदान गरेको देखिन्छ।

२.३. नेपालमा शक्तिउपासनाको ऐतिहासिक पृष्ठभूमि

नेपालमा शाक्तपरम्पराको प्रसङ्गबारे चर्चा गर्दा देवीभागवतमा उल्लेख गरिएको प्रसङ्गलाई यहाँ कोट्याउनु सान्दर्भिक देखिन्छ। उक्त पुराणमा नेपालमा गुह्यकालीको महापीठ रहेको बताइएको छ (देवीभागवत, ७।३८।११)। स्कन्दपुराणमा पनि नेपालमा सतीदेवीको गुह्यपतन भई गुह्यकाली पीठको उत्पत्ति भएको बताइएको छ। नेपालको पश्चिमतराईमा पर्ने बन्जाराहीको पुरातात्त्विक उत्खननमा हातले बनाइएको माटाको नारी मुखौटो प्राप्त भएको छ। उक्त मुखौटोलाई पुरातत्त्वविद्हरूले भूदेवीको मुखौटो मानेका छन्। सो मुखौटो ई.पू. तेह्रौं शताब्दीतिरको हुन सक्ने अनुमान गरिएको छ। कपिलवस्तुको उत्खननका क्रममा प्राप्त भएका माटाका स्त्रीमूर्तिहरूलाई लैनसिंह वाङ्देलले ई.पू. प्रथम शताब्दीतिरको मानेका छन् (वाङ्देल, वि.सं. २०३९, पृ. २६–५३)। काठमाडौं उपत्यकाभित्र पाइएका केही मातृकाहरूको मूर्तिले यहाँ शक्तिउपासनाको परम्परा ईसापूर्व युगमा नै प्रचलनमा रहेको ज्ञात हुन्छ। त्यसैगरी पाटन हौगलवहास्थित मातृका, चाँगुनारायणको मातृका, बगलामुखीको मन्दिरमा रहेका मातृका, बल्खुका मातृका आदि मातृदेवीका मूर्ति ईसाको दोस्रो वा तेस्रो शताब्दीका मानिएका छन्। यी तथ्यहरूले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपालमा शक्तिको उपासनापरम्परा ईसापूर्वको युगदेखि नै प्रारम्भ भएको र सोही परम्पराको निरन्तरतास्वरूप कलाकारहरूले शक्तिलाई मातृकाका रूपमा मूर्तरूप दिएको देखिन्छ।

ऐतिहासिक अभिलेखका रूपमा राजा मानदेवको पालाको संवत् ४११ (वि.सं. ५४७) को शीलवतीको अभिलेख प्राप्त भएको छ। उक्त अभिलेख नेपालको मात्र नभई विश्वकै शाक्तपरम्पराको सबैभन्दा प्राचीन अभिलेख मानिएको छ (आचार्य, वि.सं. २०५३, पृ. ४०)। उक्त अभिलेखअनुसार राजा मानदेवका पालामा महाप्रतिहार भीमगुप्तकी पत्नी शीलवतीले क्रमपरम्पराकी देवी शर्वाणीको स्थापना गरेको र देवीको कारणपूजा आदिका लागि भूमिदान गरेको जानकारी प्राप्त हुन्छ (पूर्ववत्)। यसैगरी संवत् ४२५ (वि.सं. ५६०) को विजयस्वामिनीको पलाञ्चोक अभिलेखअनुसार उनले पलाञ्चोक भगवतीको नामबाट चिनिने विजयेश्वरीदेवीको स्थापना गरेको ज्ञात हुन्छ (जोशी, २०३०, पृ. ५७)। संवत् ४९५ (वि.सं. ६३०) को शङ्खमूल सिकुवहीस्थित मातृकाको पादपीठको अभिलेखअनुसार वाग्वती र मणिमतीको सङ्गममा प्रतिस्थापन गरिएका माटाका मूर्तिहरू कालक्रमले बिग्रेको हुनाले परम धार्मिक वभ्रु वर्माले ती मातृकाहरूको प्रतिसंस्कार गर्ने विचार गरेका थिए तर सो कार्य पूरा हुन नपाउँदै उनको मृत्यु भएकाले यिनकी पत्नी देशभट्टारिका, भाउजू अर्थात् भतिजा देशवर्माकी आमाले स्वर्गवासी वभ्रु वर्मा, पत्नी, मातापिता तथा आफ्नो पनि पुण्य वृद्धि होस् भनी माटाका मूर्तिहरूको सट्टा ढुङ्गाका मातृका देवीहरूका मूर्ति निर्माण गरेको जानकारी प्राप्त हुन्छ (जोशी, २०३०, पृ. १८३)। यस अभिलेखअनुसार त्यतिखेर भागवतधर्मावलम्बी परिवारमा मातृदेवीको उपासनापरम्परा रहेको जानकारी प्राप्त हुन्छ। अंशुवर्माको पालाको संवत् ३० (वि.सं. ६६४)को हाँडीगाउँस्थित अभिलेखअनुसार त्यतिखेर श्रीदेवी(लक्ष्मी), षष्ठीदेवी आदि देवीहरू राजदरबारमा पुजिन्थे भन्ने जानकारी प्राप्त हुन्छ (जोशी, २०३०, पृ. २७४)। षष्ठीदेवी षोडशमातृकाहरूमध्ये एक हुन् र यिनी बच्चाको छैठी गर्दा पुजिने मुख्य देवी हुन्। यसबाहेक लिच्छविकालमा शाक्तउपासनाका विषयमा खासै ऐतिहासिक सामग्री उपलब्ध छैनन्।

मल्लकालमा शाक्तउपासना अत्यन्त प्रचलित रहेको कुराको प्रमाण काठमाडौं उपत्यकामा पाइने देवीका मन्दिर तथा मूर्तिहरूले दिइरहेका छन्। मल्लकालमा शाक्तसम्प्रदायको खुब लोकप्रियता बढ्यो। यस बेलाका राजाहरू प्रायः शैव र शाक्तसम्प्रदायका अनुयायी हुन्थे। मल्लकालका प्रतापी राजा स्थिति मल्ल मानेश्वरीका परम भक्त थिए। उनले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

'श्रीमन्मानेश्वरीलब्धप्रसाद' भन्ने उपाधि धारण गरेका थिए। पूर्वमल्लकालका अरू दुई जना राजाहरू ज्योतिर्मल्ल र यक्ष मल्लले मानेश्वरीलाई विशेष मान्यता दिएका थिए। ज्योतिर्मल्ल पशुपतिका भक्त भए पनि 'श्रीमनन्मानेश्वरीवरलब्धप्रसादित' भन्ने उपाधि ग्रहण गरी आफूलाई शक्तिका उपासक सिद्ध गर्दथे भने यक्ष मल्ल पनि यसै परम्पराका पोषक थिए। उनले पनि 'श्रीमन्मानेश्वरीदेवीवरलब्ध' भन्ने उपाधि ग्रहण गरेका थिए। यसैताका झङ्केश्वरी भगवती निकै प्रख्यात थिइन्। नेपालसंवत् ५२७ तिरका फर्पिङभेगका स्थानीय शासक जयजैत्रसिंहदेवले 'श्रीश्रीझङ्केश्वरीवरलब्धप्रसाद' भन्ने उपाधि धारण गरेका थिए। स्थानीय वा प्रान्तीय शासकहरूले पनि राजाको जस्तै कुनै विशेष देवताको आश्रय लिएको कुरा यस उदाहरणबाट स्पष्ट हुन्छ। शाहकाल र आजसम्म पनि शक्तिउपासनाको सोही परम्पराले नेपालमा निरन्तरता पाइरहेको छ।

२.४. पशुपतिक्षेत्रका शक्तिपीठहरू

पशुपतिक्षेत्र धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्त्विक सम्पदाहरूले सम्पन्न क्षेत्र हो। यस क्षेत्रमा विभिन्न देवीदेवताका मन्दिर, मूर्ति, भजनमण्डलहरू रहेका छन्। अब यहाँ यस क्षेत्रमा रहेका प्रसिद्ध शक्तिपीठ एवं मातृशक्तिसँग सम्बद्ध मन्दिर र मूर्तिहरूका विषयमा चर्चा गरिन्छ।

२.४.१ गुह्येश्वरी

नेपालका शक्तिपीठहरूमा सबैभन्दा पुरानो र मान्यताप्राप्त पीठ गुह्येश्वरीपीठ हो। गुह्येश्वरीलाई गुह्यकाली पनि भनिन्छ। यो पीठ उग्र साधना गर्ने वाममार्गी साधकहरूका लागि सिद्धिदायक पीठ हो। कौलमार्गीहरूका लागि कामाख्यापीठ मुख्य मानिन्छ भने वाममार्गीका निम्ति गुह्येश्वरीपीठ मुख्य मानिन्छ। तन्त्रालोकमा यागका लागि योग्य स्थानलाई पीठ भनिएको छ र त्यस्तो पीठ बाह्य र आभ्यन्तर भेदले क्रमशः शरीरबहिर भौगोलिक क्षेत्रविशेषमा र शरीरभित्र रहने कुरा उल्लेख गरिएको छ (तन्त्रालोक, १५। ८२गघ–८३कख)। ती पीठहरूलाई पीठ, उपपीठ, सन्दोह, उपसन्दोह आदि भेदले वर्गीकरण गरिएको छ र नेपाललगायत जालन्धर, कश्मीर, गर्गिका, हर, म्लेच्छदिग्द्वारवृत्ति, कुरुक्षेत्र र खेटक नामक बाह्य स्थानविशेष एवम् हृदयकमलका सन्धिरूप आभ्यन्तर स्थानविशेषलाई उपसन्दोह वर्गमा राखिएको छ (तन्त्रालोक, १५।९२–९३कख)।

कुब्जिकातन्त्र, तन्त्रचूडामणि, बृहन्नीलतन्त्र, शाक्तानन्दतरङ्गिणी, महापीठनिरूपण, मेरुतन्त्र, महाकालसंहिताको गुह्यकालीखण्ड आदि ग्रन्थमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गुह्यकालीसम्बन्धी चर्चा पाइन्छ। एघारौं शताब्दीतिर रचना भएको हुन सक्ने महाकालसंहिता गुह्यकालीसम्बन्धी विस्तृत चर्चा भएको ग्रन्थ हो। त्यसमा एक, तीन, पाँच, दश, तेह्र, चौध, बीस, छत्तीस, साठी, असी, सय आदि मुख भएकी गुह्यकालीको रूप कल्पना गरी तदनुरूप ध्यान, बीजमन्त्रहरूको व्यवस्थाका साथै उपासनापद्धतिको विविध पक्षको व्याख्या पनि पाइन्छ। यस्ता रूपको मन्त्र, ध्यान र उपासना गर्नेहरूमा ब्रह्मा, विष्णु, वसिष्ठ, हिरण्यकशिपु, कुबेर, धर्मराज, रावण, बलि, इन्द्र, भरत आदि प्रमुख छन्। यस्तै एक अक्षरदेखि हजार अक्षरले बनेका मन्त्रहरू छन् र उपासकअनुसारका रूपकल्पना, मन्त्र, पूजापद्धति, स्तोत्र र कवचहरू पनि छन्। यी गुह्यकालीका विविध रूपमध्ये दश शिर भएकी गुह्यकालीको साधनापक्षमा विशेष मान्यता पाइन्छ। कुब्जिकातन्त्रमा पनि विभिन्न शक्तिपीठहरूको उल्लेखका क्रममा नेपालपीठको उल्लेख पाइन्छ (कुब्जिकातन्त्र, ७५०–५७)। गुह्येश्वरीपीठकी अधिष्ठात्री भगवती गुह्यकालीलाई दशमहाविद्यामध्येकी प्रथमा विद्या काली मानेर पूजाउपासना गर्ने प्रचलन पनि रहेको बूढापाकाहरू बताउँछन्। गुह्येश्वरीमा जलज्योतिमा पश्चिमाम्नायेश्वरी कुब्जिका, कुण्डमा उत्तराम्नायेश्वरी सिद्धिकराली गुह्यकाली र समष्टिमा ऊर्ध्वाम्नाय श्रीविद्याको सपर्या हुन्छ भन्ने धनशमशेर जबराको मत छ (ज.ब.रा., वि.सं. २०३१, पृ. ९७)।

२.४.१.१ गुह्येश्वरीको उत्पत्तिसम्बन्धी धारणा

स्कन्दपुराणअन्तर्गत केदारखण्डको माघमाहात्म्यमा रहेको स्वस्थानीव्रतकथामा गुह्येश्वरीपीठको उत्पत्तिका सम्बन्धमा उपलब्ध विवरणअनुसार पहिले सत्ययुगमा दक्षप्रजापतिका तेत्तीस कोटी छोरीहरूमध्ये जेठी छोरी सतीदेवीको विवाह देवाधिदेव महादेवसँग भयो। उक्त विवाह दक्षप्रजापतिको सम्मतिपूर्वक भएको थिएन। विष्णुको छलले गर्दा दक्षप्रजापतिले सतीदेवीको कन्यादान महादेवलाई गरेका थिए। दक्षप्रजापति र महादेवका बिचमा पहिलेदेखि नै वैमनस्य थियो। एक पटक दक्षप्रजापतिले ठूलो यज्ञको आयोजना गरे। उक्त यज्ञमा दक्षप्रजापतिले आफ्ना सबै छोरीज्वाइँलाई बोलाए तर सतीदेवी र महादेवलाई भने बोलाएनन्। देवर्षि नारदको मुखबाट बुबाले यज्ञको आयोजना गरेको थाहा पाएर सतीदेवी यज्ञमा जान हठ गर्न थालिन्। महादेवले जति सम्झाउँदा पनि सतीदेवीले नमानेकीले नारदका साथ लगाएर उनलाई दक्षप्रजापतिको यज्ञमा पठाइदिए। त्यहाँ आफ्ना सबै बहिनीज्वाइँलाई बोलाएको र आफू र महादेवलाई मात्र नबोलाएकोमा सतीदेवीले दुःख प्रकट गर्दै बाबुसँग त्यसको कारण जान्न खोजिन्। दक्षप्रजापतिले महादेवको निन्दा गर्दै महादेवका प्रति

CC-0. Nepal Sanskrit Academy, Kathmandu

धेरै दुर्वाच्य बोल्यो । बाबुले आफ्ना पतिप्रति बोलेको दुर्वाच्य सहन नसकी सतीदेवीले त्यही यज्ञको अग्निमा फाल हाली प्राणत्याग गरिन् तर महादेवको भयले अग्निले सतीदेवीको शरीरलाई डढाउन सकेनन् । सतीदेवीले यज्ञकुण्डमा फल हाली प्राणत्याग गरेको थाहा पाएर अत्यन्त क्रुद्ध हुँदै महादेवले आफ्ना जटाबाट वीरभद्र र महाकालीलाई प्रकट गरी तिनलाई दक्षप्रजापतिको यज्ञ विध्वंस गर्न पठाए । महादेवको आज्ञाले वीरभद्र र महाकालीले दक्षप्रजापतिको यज्ञ विध्वंस गरी दक्षको शिर काटी यज्ञमा हवन गर्न लाग्दा उसकी पत्नी विरणीले ज्यादै अनुनय विनय गरेकीले बोकाको टाउको जोडी दक्षलाई प्राणदान दिए । त्यसपछि सतीसँगको वियोग खप्न नसकी महादेव सतीदेवीको मृत शरीर लिएर बहुलाजस्ता भई पृथ्वीको भ्रमण गर्न थाले । महादेवको यस्तो अवस्था देखेर देवताहरूले विष्णुको प्रार्थना गरे र महादेवलाई त्यस अवस्थाबाट पहिलेकै अवस्थामा फर्काउनका लागि कुनै उपाय गर्न अनुरोध गरे । यसरी देवताहरूले गरेको अनुरोधलाई स्वीकारी विष्णुले सतीदेवीको शरीरमा कीरा उत्पन्न गराइदिनुभयो र शरीरमा कीरा परेकाले शरीरका अङ्गहरू गलेर खस्न थाले । यसप्रकार जहाँ जहाँ सतीदेवीका अङ्गहरू पतन भए त्यहाँ त्यहाँ शक्तिपीठको उत्पत्ति भयो । पहिले नेपालमा पुग्दा सतीदेवीको गुह्य पतन भयो र त्यहाँ नेपालपीठ, गुह्येश्वरीदेवी, चन्द्रघण्टा योगिनी र सिद्धेश्वर महादेव उत्पन्न भए, शिवशक्तिस्वरूपले रहे (स्वस्थानीव्रतकथा, नवम अध्याय, पृ. १३८–१३९) ।

मेरुतन्त्रमा नेपालपीठलाई वर्णमातृकाहरूमा इकारस्वरूप मानिएको छ जहाँ सतीदेवीको गुह्य पतन भएको थियो । त्यसै हुनाले नेपालपीठलाई वाममार्गको प्रमुख साधनाभूमि मानिएको छ (मेरुतन्त्र, १०।८१८) ।

देवमालावंशावलीमा गुह्येश्वरीको उत्पत्तिका विषयमा यस्तो लेखिएको छ–

आदि युगमा दक्ष प्रजापतिका अपमानले यज्ञ कुण्डमा फाल हाली प्राण मुक्त गरी बक्सीने ओं श्री सतीदेवीको लाशलाई श्री महादेवबाट बोकी पृथ्वी भ्रमण गरेको देवतादेखी मनुष्य कीट पतङ्गले समेत सहन नसकी तेतीस कोटी देवताहरू ओं श्री वैकुण्ठनाथ नारायण छेउ गई सो कुरा बिन्ति गर्दा वैकुण्ठनाथ भगवानबाट आफ्ना मायाले माया भिंगा उत्पति गरी सतीदेवीका शरीर गलित गराई दिएपछि पनि ति गलितभै दुर्गन्ध भयाकी सतीदेवीलाई ओं श्री महादेवबाट पीठमा बोकी हिंडेका बखत नेपालमा पहिले गुह्यस्थान पतन भयो र ओं गुह्येश्वरी देवी चन्द्र घण्टा योगिनी सिद्धेश्वर श्री महादेव उत्पत्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भएकाले जम्बुद्वीप मध्ये भरत खण्डमा मुख्य पीठ ओं श्री गुह्येश्वरी पिठ बडो प्रतक्ष हुन्...(देवमालावंशावली, पृ. १५)।

भाषावंशावलीमा पनि यस्तै विवरण पाइन्छ। त्यहाँ यस्तो उल्लेख भएको छ–

आदियुगविषे श्रीमहादेवकन दक्षप्रजापतिले अपमान गऱ्याको सहन नसकी सतीदेवीले प्राणमोचन गर्दिभइन् र देवीका शरीरकन महादेवले बोकी भ्रमण गर्दा समयमा यो पृथ्वीतल विषये देवीका शरीर जहाँ जहाँ पतन भयो त्यहाँ त्यहाँ पीठरूपी शिवशक्ति योगिनीसहित भै उत्पत्ति हुँदाभया। प्रथम कामरूपी पीठमा गुह्य स्थान पतन भयो र कामाक्षादेवी भैगया। यही क्रमले पृथ्वीमा पचास पीठ उत्पत्ति भया र नेपालमध्ये गुह्यस्थान पतन हुँदा श्रीगुह्येश्वरी भनी महापीठ भयो (पौडेल, २०२०, पृ. ३)।

गुह्यकाली जलज्योतिका रूपमा रहिरहेकी थिइन्। शङ्करदेव राजाका पालामा कलिगत १७९९ मा तान्त्रिक नृसिंह ठाकुर नेपालमा आई बसेको समयमा सपनामा भगवती गुह्यकालीले मलाई प्रकाश गर भनी आज्ञा भएको हुँदा सपनामा भगवतीले आज्ञा भएबमोजिम र हिमवत्खण्ड नेपालमाहात्म्यको प्रमाणअनुसार श्लेष्मान्तक वनमा खोजी गर्दा उत्तरवाहिनी वाग्वतीदेखि पश्चिम किरातेश्वरदेखि पूर्व मृगस्थलीदेखि उत्तर यति सीमाभित्र गई हेर्दा नृसिंह ठाकुरले पोखरीजस्तो देखे र पानीभित्र गुह्येश्वरीको जलज्योतिको दर्शन पाए। सपनाको कुरा प्रत्यक्ष हुँदा सो जलज्योतिलाई छोपी चारैतिर पर्खाल लगाई अति रमणीय मन्दिर बनाइदिएका थिए। समयको अन्तरालमा सो मन्दिर भत्केको हुँदा राजा प्रताप मल्लका पालामा गुरु लम्बकर्ण भट्टको सम्मतिपूर्वक ने.सं. ७४४ मा गुह्येश्वरीकुण्डमा फलामको दलिन राखेर चौगिर्दा पर्खाल लगाई जलज्योतिलाई ढाकेर अष्टदल पद्म र भैरवसमेत स्थापना गरेको विवरण देवमालावंशावलीमा पाइन्छ (देवमालावंशावली, पृ. १५)।

भाषावंशावलीमा पनि देवमालावंशावलीमा झैँ शङ्करदेव राजाका पालामा नृसिंह ठाकुरले गुह्येश्वरीले सपनामा आज्ञा भएबमोजिम प्राचीन पीठलाई प्रकाश गरेको र सो स्थानमा कुण्ड बनाई राखेको विवरण पाइन्छ। सो भाषावंशावलीमा गुह्येश्वरीको कुण्डस्थान भासिई बिग्रेकाले राजा प्रताप मल्लले गुरु लम्बकर्ण भट्टको सम्मतिले गुह्येश्वरी कुण्डमा फलामको दलिन र चारैतिर पर्खाल लगाई, ढुङ्गाले छोपी यन्त्राकार भैरवसमेत राखेको आदि थप विवरण पाइन्छ। सो सम्बन्धमा भाषावंशावलीको कथन यस्तो छ–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

॥ श्री गुह्येश्वरीका स्थान अघि शंकरदेवराजाका पर्ज्यायमा नृसिंह नाम गऱ्याका महापुरुष कन स्वप्नमा दर्शन दी मलाई प्रकाश गर भनि आज्ञा प्रसन्न हुदा कुण्ड बनाइ स्थान सुन्दर गरी बनाई राख्याको स्थान नाशि बिग्रन जादा राजा प्रतापमल्लले गुरु लम्बकर्ण भट्ट संग सम्मत गरी संवत् ७७४ वैशाख शुक्ल ११ रोज ५ का दिन श्रीगुह्येश्वरी कुण्डमा बडो यत्न संग फलामका दलिन लगाइ चारैतीर पर्षाल बनाई ढुंगाले छापि इश्वरीका जल ज्वाला ढाकी अष्टदल पत्र यंत्राकार भैरव सहित गरी कुण्ड सुन्दर गरी बनाइ फटिकका कलशाकार बनाई नित्य नैमितिक पूजा गराया (लंसाल, २०२३, पृ. ९०)।

डेनियल राइट र हसरतले पनि कुनै वंशावलीलाई उद्धृत गरी गुह्येश्वरीपीठका सम्बन्धमा केही प्रकाश पारेको उल्लेख दिवाकर आचार्य (२०७५)ले आफ्नो पुस्तक *नेपालपीठ र गुह्येश्वरी*मा गरेका छन् (पृ. ३४–३५)।

देवमालावंशावली र भाषावंशावलीअनुसार गुह्येश्वरीको कुण्डस्थानको प्रकाश एवम् मन्दिरनिर्माणमा नृसिंह ठाकुर र प्रताप मल्लका गुरु लम्बकर्ण भट्टको नाम जोडिएको छ। प्रताप मल्लले मन्दिर बनाउनुभन्दा त्रिचालीस वर्षअघिको ने.सं. ७३१ को चाँगुको ताम्रपत्रमा दैवसाक्षीका रूपमा गुह्येश्वरीको उल्लेख पाइएको तथा ने.सं. ७६२ को पशुपतिको ताम्रपत्रमा पनि गुह्येश्वरीको उल्लेख भएकाले प्रताप मल्लभन्दा अगाडि पनि गुह्येश्वरीको पीठ गुप्त थिएन, प्रसिद्ध र आदरणीय थियो भन्ने मत पाइन्छ (आचार्य, २०७५, पृ. ३६)।

आदिकालमा नेपालमण्डलमा श्लेष्मान्तक वनमा भृङ्गारेश्वरको आविर्भाव भयो। पछि सोही वनमा भृङ्गारेश्वरी पनि वनविहारका लागि आइन्। त्यसै समयमा कुनै गोपालको गाईबाट पशुपतिनाथको प्रकाशन भयो भन्ने गोपालराजवंशावलीको कथनलाई लिएर भृङ्गार शब्दले सुनको कलश भन्ने बुझाउने र गुह्येश्वरीलाई सुनको कलशमा प्रतिष्ठा गरेर पूजा गरिने भएकाले उनलाई भृङ्गारेश्वरी भनिएको हो भन्ने महेशराज पन्तको मत रहेको छ (पन्त, २०३१, पृ. ३४) भन्ने एउटा मत देखिन्छ भने मध्यकालको कमजोर सामग्रीमा एक पटकमात्र आएको भृङ्गारेश्वर र भृङ्गारेश्वरीको उल्लेखलाई पशुपति र गुह्येश्वरीसँग गाँस्नु युक्तिसङ्गत देखिँदैन भन्ने मत पनि देखिएको छ (आचार्य, २०७५, पृ. ४५)।

गुह्येश्वरीको प्रादुर्भावका सम्बन्धमा बौद्ध अनुश्रुति पनि निकै प्रचलित छ। सोअनुसार भगवान् बुद्धअगाडि नेपाल आउने मानवबुद्धहरूमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पहिला बुद्ध थिए। उनी वर्तमानमा नागार्जुन भनिने पर्वतमा आई बसे अनि अलौकिक प्रेरणावश नेपाल खाल्डो जुन नागदह नाउँले पुकारिन्थ्यो त्यसमा एउटा कमलको बीज रोपे। उनी फर्केपछि छ महिनामा कमल फुल्यो र अज्ञात भुवनबाट अलौकिक ज्योति आई त्यस कमलको फूलमा स्वयम्भू नामले प्रकट भए। त्यसपछि शिखि नामक बुद्ध यहाँ आए। उनले धेरै कुराको भविष्यवाणी गरी त्यसै ज्योतिमा मिले। त्यसपछि विश्वभू नामक बुद्ध त्रेतायुगमा यहाँ आए र फुल्लोच्च गिरिमा बसे। उनले नागदहको जल निस्कने बाटो बताई आफ्ना धाममा गए। त्यसपछि मञ्जुश्री बोधिसत्त्व यहाँ आई महामण्डलको पर्वतमा बसे। त्यसपछि उनले जल निकास हुने ठाउँ हेरी खड्गले काटी नागदह सुकाइदिए। पानी सुकेपछि हेर्दा सत्ययुगमा आउने विपश्वी बुद्धले रोपेको कमल बीजको फेद गुह्येश्वरीमा थियो। त्यसपछि आदिशक्तिरूपिणी गुह्येश्वरीको पनि मञ्जुश्रीले दर्शन पाए। उपर्युक्त बौद्ध अनुश्रुतिबाट बौद्ध समुदायमा पनि आदिशक्तिरूपिणी गुह्येश्वरीको मान्यता उत्तिकै रहेको कुरा स्पष्ट हुन्छ। अतः बौद्ध तान्त्रिक र शैव तान्त्रिक दुवै पक्षले गुह्येश्वरीमा विशेष अनुष्ठान गर्दै आएका छन्।

२.४.१.२ गुह्येश्वरीसम्बन्धी पौराणिक प्रसङ्ग

देवीभागवतमा देवीका मुख्य, पवित्र र प्रियतम स्थानहरूको वर्णनका क्रममा नेपालमा गुह्यकालीको महास्थान रहेको उल्लेख पाइन्छ (देवीभागवत, ३८।११)। वाराहपुराणमा श्लेष्मातक वनक्षेत्रमा रहेका विभिन्न तीर्थहरूको वर्णनका क्रममा गौरीशिखरको उल्लेख आएको छ जुन भगवती गुह्यकालीको निवासस्थान रहेको गुह्येश्वरीपीठ हो। त्यहाँ उपलब्ध वर्णनअनुसार सिद्धहरूद्वारा निषेवित अर्थात् सिद्धहरू बसेको गौरीशिखरमा लोकमाता भगवती शिखरप्रिया पार्वती सधैँ लोकको रक्षाका लागि उद्यत रहन्छिन्। तिनको दर्शन, स्पर्शन र अभिवादनले सालोक्य नामको मुक्ति पाइन्छ। शिखरप्रिया भगवती गुह्येश्वरी रहेको स्थानभन्दा तल वाग्वती नदीको तटमा जसले देहत्याग गर्दछ ऊ तुरुन्तै विमानबाट उमालोक जान्छ (वाराहपुराण, २१५।९४–९६)। यहाँ गुह्येश्वरीलाई शिखरप्रिया संज्ञा दिइएको छ भने वाराहपुराणमै अन्यत्र शिखरवासिनी भनिएको छ (वाराहपुराण, २१५।१०२)। नेपालमाहात्म्यमा श्रीकृष्ण नारद, प्रद्युम्न, राजा सूर्यकेतुसहित भई हिमालयको काखमा रहेको नेपालमा आएका र पशुपतिको आज्ञाले गुह्येश्वरीको दर्शन गर्न गएको उल्लेख पाइन्छ (नेपालमाहात्म्य, ११।६२–६३)। स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डको एउटा प्रसङ्गमा सिद्धहरूले सेवित गौरीशैलमा शिखरप्रिया पार्वती बस्दछिन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लोकको रक्षाका लागि सधैँ उद्यत लोकमाता भगवती गुह्येश्वरीलाई प्रणाम गर्नाले मानिस सबै पापबाट मुक्त हुन्छ। जसले पञ्चोपचारक्रमले भक्तिपूर्वक भगवती गुह्यकालीको पूजा गर्छ अनि जप र स्तवपूर्वक भगवतीको परिक्रमा गर्छ उसले सायुज्य मुक्ति प्राप्त गर्छ भनिएको छ (हिमवत्खण्ड, ८३।७४–७६)। हिमवत्खण्ड र नेपालमाहात्म्यमा गुह्येश्वरीसम्बन्धी अन्य प्रसङ्गहरू पनि पाइन्छन्।

२.४.१.३ गुह्यकालीको स्वरूप

गुह्यकाली योगेश्वरी हुन्। योगमार्गबाट यिनको उपासना हुन्छ। गुह्ययोगिनी, योगेश्वरी, महायोगेश्वरी, सिद्धयोगिनी, महाचण्डयोगेश्वरी आदि यिनका नामहरू तन्त्रशास्त्रमा पाइन्छन्। बालागुह्यकाली, सुन्दरीगुह्यकाली, कालाग्निगुह्यकाली, श्यामागुह्यकाली आदि नामभेदले यिनको उपासना हुने पद्धतिग्रन्थहरू पनि भेटिन्छन्। गुह्यकाली उत्तराम्नायकी नायिका हुन्। सदाशिवका षड्वक्त्रमध्ये उत्तरवक्त्रस्वरूप वामदेवले आफ्नी अभिन्न शक्ति सिद्धेश्वरी वा गुह्यकालीलाई उपदेश गरेको विद्या उत्तराम्नायसँग सम्बद्ध छ। उत्तराम्नायको उपासना कौलाचार तथा वामाचारबाट हुने कुरा तन्त्रचिन्तामणि नामक ग्रन्थमा उल्लेख गरिएको छ। उत्तराम्नायलाई निग्रहस्वरूप मानिन्छ। उत्तराम्नायकी नायिका गुह्यकाली हुन्। कुलार्णवतन्त्रमा उत्तराम्नायका छत्तीस भेदको सङ्केत पाइन्छ। परातन्त्रका अनुसार उत्तराम्नायका ती छत्तीस भेदहरू यसप्रकार रहेका छन्– १. सिद्धिकाली २. गुह्यकाली ३. सिद्धिकराली ४. चण्डयोगेश्वरी ५. कामकलाकाली ६.पञ्चवक्त्रा महाकाली ७. तुम्बुरेशी ८. कालसङ्कर्षिणी ९.प्रत्यङ्गिरा १०. कालरात्रि ११. सिद्धिभैरवी १२. रक्तकपालिनी १३. चण्डकपालिनी १४. महाभीमसरस्वती १५. महाडामरेश्वरी १६. त्रिरूपतारा १७. भद्रकाली १८. उग्रकाली १९. कालकाली २०. कृतान्तकाली २१ संहारकाली २२. कालान्तकाली २३. कल्पान्तकाली २४.. भीमकाली २५. फेत्कारिणी २६. चण्डक्कुरी २७. जयमङ्गला २८. धूमावती २९.स्वर्णकोटेश्वरी ३०. नकुलेश्वरी ३१. कापालिनी ३२. झिण्टेशी ३३. छिन्नमस्ता ३४. श्मशानकाली ३५. श्वेतचामुण्डा र ३६. गुह्यकाली (परातन्त्र, ४।१७–२३)।

महाकालसंहितामा भने उत्तराम्नायका निम्नलिखित सोह्र भेद देखाइएको छ–

१. गुह्यकाली २. सिद्धिकराली ३.चण्डयोगेश्वरी ४. उग्रचण्डा ५. कङ्कालमालिनी ६. महिषमर्दिनी ७. कपालिनी ८. चण्डकपालेश्वरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

९.रक्तकाली १०. चामुण्डा ११. ज्वालामालिनी १२. कात्यायनी १३. धनदायोगिनी १४. चण्डयोगिनी १५. सिद्धिलक्ष्मी र १६. कालसङ्कर्षिणी (महाकालसंहिता (गुह्यकालीखण्ड), ९।२३२गघ–२८२कख) ।

२.४.१.३(क) गुह्यकालीको निर्गुण स्वरूप

परा‌म्बा भगवती गुह्यकालीको सगुण स्वरूपको कल्पना उपासकहरूको अनुग्रहका लागि भएको हो। वस्तुतः भगवती गुह्यकाली गुणातीत, निर्विकार, शुद्ध प्रकाशस्वरूप, नित्य चिन्मय स्वरूप, प्रपञ्चरहित छिन्। वेदान्तशास्त्रका माध्यमबाट जान्न सकिने ती गुह्यकाली कैवल्यरूप, निर्वाणप्रद, परमानन्दस्वरूप छिन् (महाकालसंहिता (गुह्यकालीखण्ड), १।९६-१००) / तिनी निर्गुण ब्रह्मस्वरूप छिन्। सम्पूर्ण जगत् उनैको नियन्त्रणमा छ तर उनी कसैको नियन्त्रणमा छैनन्। उनी नै निखिल ब्रह्माण्डको सृष्टि गर्छिन् तर उनी कसैबाट सिर्जित होइनन्। उनी नै संसारको पालनपोषण गर्छिन्। अग्नि, सूर्य, वायु आदि उनैको आज्ञाले आआफ्ना कार्यमा प्रवृत्त हुन्छन् (महाकालसंहिता (गुह्यकालीखण्ड), १।१३४-१३७)।

२.४.१.३(ख) गुह्यकालीको आविर्भाव र उनको साकाररूप

गुह्यकालीको आविर्भावका सम्बन्धमा महाकालसंहितामा एउटा कथा छ जसअनुसार पहिले चौध मनु, अष्ट वसु, मरीचि आदि मुनिगण, इन्द्र आदि देवताहरू, एकादश रुद्र, द्वादश आदित्य आदिले आआफ्नो अधिकारको उत्कर्षका लागि बडो भक्तिपरायण भई गुह्यकालीको तपस्या गरे। उनीहरूको तपस्याबाट सन्तुष्ट भएकी गुह्यकाली उनीहरूलाई वर प्रदान गर्नका लागि प्रकट भइन् र वर माग भनिन्। त्यसपछि ती देवता आदिले के भने भने हामीले समान तपस्या गरेका छौँ त्यसैले एउटाले अगाडि अनि अर्कोले पछाडि वर पाउने कुरा हामी मान्दैनौँ, हामीलाई वर दिनुहुन्छ भने एकैपटक दिनुहोस् (महाकालसंहिता (गुह्यकालीखण्ड), २।१०-१२)। त्यसपछि अहङ्कारको वशीभूत भई आपसमा विवाद गर्न लागेका देवता आदिको तुष्टिका लागि भगवतीले एकैपटक वर दिनका लागि एक मुखदेखि लिएर सय मुखसम्मको रूपमा प्रकट भइन्। जसअनुसार सदाशिवलाई वर दिनका लागि एक, त्रिगुणलाई वर दिनका लागि तीन, प्रेतहरूलाई वर दिनका लागि पाँच, सप्तर्षिहरूलाई वर दिनका लागि सात, वसुहरूलाई वर दिनका लागि आठ, ग्रहहरूलाई वर दिनका लागि नौ, दिक्पालहरूलाई वर दिनका लागि दश, रुद्रहरूलाई वर दिनका लागि एघार, आदित्यहरूलाई वर दिनका लागि बाह्र, विश्वेदेव तथा वेतालहरूलाई वर दिनका लागि तेह्र,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मनुहरूलाई वर दिनका लागि चौध, अग्निलाई वर दिनका लागि पन्ध्र, सिद्धहरूलाई वर दिनका लागि सोह्र, साध्यहरूलाई वर दिनका लागि सत्र, यक्षहरूलाई वर दिनका लागि अठार, राक्षसहरूलाई वर दिनका लागि उन्नाइस, किन्नरहरूलाई वर दिनका लागि बीस, अप्सरा, गुह्यक र पिशाचहरूलाई वर दिनका लागि एक्काइस, भास्करहरूलाई वर दिनका लागि बाइस, गन्धर्वहरूलाई वर दिनका लागि चौबीस, विद्याधरहरूलाई वर दिनका लागि तीस, प्रजापतिहरूलाई वर दिनका लागि छत्तीस, तुषितहरूलाई वर दिनका लागि साठी, मरुत्‌हरूलाई वर दिनका लागि असी, दैत्य, असुर र दानवहरूलाई वर दिनका लागि सय वा त्यसभन्दा बढी मुख भएको स्वरूप ग्रहण गरिन्। त्यतिमात्रै होइन महाकल्पमा तिनै भगवती दश हजार मुख भएकी हुने छिन् भनेर महाकालसंहिताले बताएको छ (महाकालसंहिता (गुह्यकालीखण्ड), २।१५–२४)। यसप्रकार जब भगवती गुह्यकाली साकार रूपमा प्रकट भइन् तब ब्रह्मा, विष्णु, शिव, वसिष्ठ, राम, हिरण्यकशिपु, कुबेर, यम, भरत, रावण, सोमवंशी तथा सूर्यवंशी राजाहरू, ऋषिमुनिहरू आदिले आआफ्नो रुचिअनुरूप तत्तत् स्वरूपकी भगवतीको उपासना गरे। भगवती गुह्यकालीका ती विविध स्वरूपमध्ये राम तथा भरतद्वारा उपासना गरिएकी दश मुख, चौवन्न हात र सोह्र अक्षरको मन्त्रले युक्त भएकी गुह्यकालीलाई मुख्य मानिएको छ (महाकालसंहिता (गुह्यकालीखण्ड), १।८-९कख)। यी महाशक्ति कालीकी प्रकृतिस्वरूप हुन् भने अरूचाहिँ विकृतिस्वरूप हुन् (महाकालसंहिता (गुह्यकालीखण्ड), १।१२९गघ–१३०)। अब यहाँ तिनै भरतोपासिता दशवक्त्रा गुह्यकालीको स्वरूपका विषयमा केही चर्चा गरिन्छ।

विशाल तरङ्गले युक्त रगतको समुद्रको माझमा रगत र मासुले भरिएको, रातो बालुवाले युक्त एउटा द्वीप रहेको छ। उक्त द्वीप नौ करोड चामुण्डाशक्ति तथा एक करोड भैरवहरूले घेरिएको र भयानक कोलाहलले युक्त छ। त्यस द्वीपको माझमा दश हजार योजन फराकिलो एउटा मण्डल रहेको छ। त्यस मण्डलमा स्वयं एक करोड भैरवीहरूको सुरक्षा घेरा रहेको छ। उक्त सुरक्षा घेराको माझमा एक सय योजन फराकिलो श्मशान रहेको छ। त्यस श्मशानमा धक्धक् बलिरहेको अग्निको ज्वालाले आकाश ढाकिएको छ। त्यस्तो अग्निज्वालाको माझमा हीरा, मणि, माणिक्य आदिले बनेको एउटा दिव्य सिंहासन रहेको छ जो एक करोड योगिनीहरूद्वारा घेरिएको छ। उक्त दिव्य सिंहासनका चार खुट्टालाई चार युग र चार वेदले धारण गरेका छन् भने सो सिंहासनलाई उपवेदले आफ्नो शिरमा धारण गरेको छ। सो दिव्य सिंहासनको माथि अर्को सिंहासन रहेको छ जसलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अष्टदिक्पालहरूले आफ्नो शिरमा धारण गरेका छन्। त्यसको पनि माथि ब्रह्मा, विष्णु, रुद्र, ईश्वर र सदाशिवरूप पञ्चमहाप्रेतले धारण गरेको तेस्रो सिंहासन रहेको छ। त्यसमाथि पुड्को र मोटो शरीर भएका, डरलाग्दो कालो स्वरूप भएका, चार हात, पाँच मुख र तीन आँखा भएका, हातमा खट्वाङ्ग, कैँची, कपाल र डमरु लिएका, मुण्डमाला लगाएका, लामा लामा दाह्रा निस्किएका भैरव रहेका छन्। भैरवस्वरूप उक्त पीठमाथि ज्योतिष्टोम, अग्निष्टोम, वाजपेय, षोडशी, चयन, पुण्डरीक, राजसूय, अश्वमेध, बार्हस्पत्य, विश्वजित्, गोमेध, नरमेध, सौत्रामणि, अर्द्धसावित्री, सूर्यक्रान्त र बलम्भिद नामक सोह्रओटा वैदिक यज्ञस्वरूप षोडशदलले युक्त कमल रहेको छ। त्यसमाथि नीलो वर्ण भएका, चन्द्रमालाई शिरमा धारण गरेका, तीन आँखा र दुई हात भएका, नागको माला लगाएका, हातमा शूल र खट्वाङ्ग धारण गरेका शिवजी आसनका रूपमा रहनुभएको छ। उक्त शिवस्वरूप आसनमाथि पूर्व आदि चार दिशामा धर्म, ज्ञान, वैराग्य र ऐश्वर्य तथा आग्नेय आदि चार विदिशामा यश, विवेक, काम र मोक्षका प्रतीकस्वरूप अष्टदल कमलको आसन रहेको छ। सोही अष्टदल कमलमाथि दशवक्त्रा गुह्यकाली बसेकी छिन् (महाकालसंहिता (गुह्यकालीखण्ड), १।२९–५८कख)। ती भगवती गुह्यकाली नीलकमलको झैँ वर्ण भएकी, इन्द्रनील कमलको झैँ कान्ति भएकी, मेघको झैँ वर्ण भएकी, कोमल दूबोको पत्रझैँ कान्ति भएकी, घना बादलको बीचबाट निस्किएका सूर्यका किरणरूपी ज्ञानरश्मिको माझमा रहेकी छिन्। दशओटा मुख, सत्ताईसओटा आँखा (बायाँ, दायाँ र सम्मुखमा रहेका तीनओटा वक्त्रमा दुई दुईओटा आँखा तथा अन्य सातओटा वक्त्रमा तीन तीनओटा आँखा) भएकी गुह्यकालीको सबैभंन्दा माथिको मुख ज्योतिस्वरूप छ जसलाई चण्डयोगेश्वरी नाम दिइएको छ। त्यसभन्दा तल सेतो वर्णको सिंहको मुख भएकी, त्यसभन्दा तल कालो वर्णको स्यालको मुख भएकी, त्यसको बायाँपट्टि रातो वर्णको वानरको मुख भएकी, दायाँपट्टि ध्वाँसे वर्णको भयङ्कर भालुको मुख भएकी, त्यसभन्दा तल छिरबिरे वर्णको मान्छेको मुख भएकी, त्यसको बायाँपट्टि पहेँलो वर्णको राम्रो चुच्चो भएको गरुडको मुख भएकी, त्यसको दायाँपट्टि हरियो वर्णको गोहीको वक्त्र भएकी, बायाँपट्टि सेतो वर्णको मदोन्मत्त हात्तीको मुख भएकी, दायाँपट्टि कालो वर्णको घोडाको वक्त्र भएकी छिन् (महाकालसंहिता (गुह्यकालीखण्ड), १।५८गघ–१०१कख)। गुह्यकालीका ती मुखहरू तीखा दाह्राले युक्त भएका, डरलाग्दो आवाज निकाल्ने, रगत चुहिरहेका, लपलपाउँदो जिब्रो भएका, निरन्तर कम्पायमान छन्। गुह्यकाली माथितिर फर्केका पहेँला जटा भएकी, शिरमा अर्धचन्द्र धारण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गरेकी, नानाथरिका रत्नहरूले सुसज्जित मुण्डलाई नै कुण्डलका रूपमा कानमा धारण गरेकी छिन्। रगत चुहिँदै गरेका सत्ताइसओटा नरमुण्डहरूको माला लगाएकी छिन् जुन घाँटीदेखि गोलीगाँठोसम्म लत्रिएको छ। घाँटीमा सेता हाडका हार लगाएकी छिन्। मुर्दाका लामा औँलाहरूलाई उनेर त्यसलाई जाँघमा टम्म मिलाएर लगाएकी छिन्। यस्ती भगवती चौवन्नओटा हातले युक्त छिन्। भगवतीका बायाँ हातमा रत्नमाला, कपाल, चर्मपाश, शक्ति, खट्वाङ्ग, मुण्ड, भुशुण्डी, पिनाकधनु, चक्र, घण्टा, बालप्रेत, शैल, नरकङ्काल, नकुल, सर्प, मोहनी लगाउने बाँसुरी (उन्मादवंशी), मुद्गर, वह्निकुण्ड, डमरु, परिघ, भिन्दिपाल, मुसल, पट्टिश, प्रास, शतघ्नी र स्यालको बच्चा रहेका छन्। यहाँ छब्बीसओटा आयुधको मात्रै गणना देखिन्छ। त्यसैगरी दायाँ हातमा रत्नमाला, कैँची, खड्ग, तर्जनीमुद्रा, अङ्कुश, दण्ड, रत्नकुम्भ, त्रिशूल, पाँचओटा पाशुपत बाण, कुन्त, पारिजात, छुरी, तोमर, पुष्पमाला, डिण्डिम, गृध्र, कमण्डलु, मांसखण्ड, माला, बिमिरो, कुच्चो, बन्चरो, गदा, लौरो, मुट्ठी, कुणपलाल धारण गरेकी छिन्। बाँकी दुई हातमध्ये दाहिनेले सेतो कपालपात्र धारण गरेकी छिन् भने देब्रे हातले सो कपालपात्रलाई ढोकेकी छिन्। भगवती गुह्यकालीले बाघको छालाको लुगा, सर्पको छालाको उत्तरीय वस्त्र लाएकी छिन्। उनी घुँघुरुदार गहनाले सुशोभित भएकी, वीरघण्टा बजाइरहेकी, निरन्तर नूपुर र घुँघुरु बजाइरहेकी, खुट्टासम्म लत्रेको रातो कमलको फूलजस्तो मुण्डमाला लाएकी, खप्परको मद्यपात्र लिएकी, घाँटीमा ब्रह्मसूत्र र योगपट्टको पछ्यौरा भिरेकी, सर्पको गहना लाएकी र रातो कुण्डल धारण गरेकी छिन्। हजारौँ सूर्यको जस्तो तेज भएकी, अत्यन्त तेजका कारण हेर्न कठिन हुने, सम्पूर्ण देवीदेवताहरूका आश्रयका रूपमा रहेकी भगवती गुह्यकाली नृत्य गरिरहेकी छिन्। परातन्त्रमा पनि भगवतीको यस्तै स्वरूपको वर्णन पाइन्छ तर आयुध भने केही फरक देखिन्छन् (परातन्त्र, ७६७गघ–७५)। गुह्येश्वरीको स्वरूपमा रहेका वर्ण, आयुध, मुद्रा आदिका प्रतीकात्मक अर्थ रहेका छन्। नीलकमलजस्तो श्यामलवर्ण निर्वाणस्वरूपको, दश मुख दश प्राणको, दायाँबायाँ तथा सामुन्नेको मुखमा दुई दुई आँखा र अरू सात मुखमा तीन तीन आँखा गरी जम्मा सत्ताइस आँखा हुनु भगवतीको नक्षत्रस्वरूपताको, सबैभन्दा माथि रहेको ज्योतिस्वरूपको चण्डयोगेश्वरी नामक मुख योगशक्तिको, त्यसको तल रहेको सेतो वर्णको डरलाग्दो सिंहमुख ज्ञानशक्तिको, त्यसको तल रहेको कालो रङ्गको भयङ्कर स्यालको मुख धीशक्तिको, बायाँपट्टि रहेको रातो रङ्गको बानरको मुख कुण्डलिनी शक्तिको, त्यसको तलतिर रहेको छिरबिरे रङ्गको मानवमुख विवेकशक्तिको,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दाहिनेपट्टि रहेको ध्वाँसे रङ्गको भयङ्कर भालुको मुख भूचरशक्तिको, त्यसको बायाँपट्टि रहेको कैलो वर्णको चुच्चोसमेत भएको गरुडमुख खेचरशक्तिको, दाहिनेपट्टि रहेको हरियो रङ्गको गोहीको मुख आधारशक्तिको र दायाँपट्टि रहेको कालो वर्णको घोडाको मुख वेगशक्तिका प्रतीक हुन् । कैलो ठाडो जटाको जुरो र त्यसमा रहेको अर्धचन्द्र अमृतको, विभिन्न प्रकारका रत्नजडित मुण्डमाला विवेकयुक्त ज्ञानको र सुवर्णको आभूषण सर्वशक्तिसम्पन्नताका प्रतीक हुन् । चौवन्नओटा हात सर्वव्यापकताको एवं पचास मातृकाक्षर तथा मन, बुद्धि, चित्त र अहङ्कारको प्रतीक हो । बायाँ हातमा धारण गरेको रत्नको माला मन्त्ररूपताको, खप्पर सत्त्वगुणको, ढाल रक्षाशक्तिको, पाश वशीकरणशक्तिको, शक्ति नामक आयुध बलको, खट्वाङ्ग त्रिविध तापलाई नाश गर्ने शक्तिको, मुण्ड बुद्धिको, भुशुण्डी विकर्षणशक्तिको, धनु ज्ञानको र चक्र रक्षाशक्तिका प्रतीक हुन् । घण्टा शब्दब्रह्मको, बालकको शव अनुग्रहकलाको, पर्वत प्रचुरताको, नरकङ्काल तृष्णाको, न्याउरी मृत्युञ्जयशक्तिको, सर्प विषनाशक शक्ति एवं कालको, उन्मादकारी बाँसुरी उन्मादिनी शक्तिको, मुङ्ग्रो वैराग्यको र अग्निकुण्ड प्रकाशका प्रतीक हुन् । डमरु शब्दब्रह्मको, डिण्डिम नादको, भिन्दिपाल विद्वेषणशक्तिको, मुसल प्रपञ्चको, पाश वशीकरणशक्तिको, पट्टिश लज्जाको, शतघ्नी (तोप) महानादको र स्यालको बच्चा बठ्याइँका प्रतीक हुन् । दाहिने हातमा धारण गरेको रत्नमाला मन्त्रको, कैँची निर्भयशक्तिको, खड्ग ज्ञानको, तर्जनी मुद्रा सावधानीको, अङ्कुश स्तम्भनशक्तिको, दण्ड शासनको, रत्नको घडा ऐश्वर्यको, त्रिशूल त्रिविध उत्पातलाई नाश गर्ने शक्तिको, पञ्चबाण शोषक, उन्मादक, संहारक आदि पञ्चशक्तिको, कुन्त वेगशक्तिको, कल्पवृक्ष कामना पूर्ति गर्ने शक्तिको, छुरी दुःख निवारण गर्ने शक्तिको, तोमर प्रपञ्चको र पुष्पबाण जृम्भणशक्तिका प्रतीक हुन् । गिद्ध दिव्यदृष्टिको, कमण्डलु पवित्रताको, मांसखण्ड कल्याणदायक शक्तिको, सुरो तृप्तिको, बिमिरो भोगदायक शक्तिको, बन्चरो अष्टाङ्गयोगको, गदा वीरताको र लठ्ठी आधारशक्तिका प्रतीक हुन् । रौद्ररूप परब्रह्मस्वरूपताको, नृत्यावस्था आनन्दस्वरूपताको, बाघको छाला योगस्वरूपताको, चितुवाको छाला योगशक्तिको, कमलको आसन ज्ञानको र नवयौवनस्वरूप हुनु अनुग्रहकलाका प्रतीक हुन् । चार वेद चार युगका प्रतीक हुन् । ब्रह्मा, विष्णु, रुद्र, ईश्वर र सदाशिवरूपी पञ्चप्रेतासन पञ्चमहाभूतात्मक विश्वसिंहासनको प्रतीक हो । भयङ्कर भैरवस्वरूप ऊर्ध्वपीठ विश्वमञ्चको प्रतीक हो । यज्ञस्वरूप षोडशदलकमल सर्वाशापरिपूरक तत्त्वको प्रतीक हो भने नाद र बिन्दु प्रकाश एवं विमर्शस्वरूप शिवशक्तिको प्रतीक हो । नीलो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वर्णको चन्द्रशेखर शिवरूप आसन सर्वव्यापी अमृतस्वरूप कल्याणकारक तत्त्वको प्रतीक हो। त्यसमाथि रहेको अष्टदल कमल अष्टसिद्धिको प्रतीक हो (ज.ब.रा., वि.सं. २०२०, पृ. ७३)।

२.४.१.४ प्रताप मल्लको समयमा गुह्येश्वरीको पुनरुद्धार

समयको अन्तरालमा गुह्येश्वरीपीठ कुनै कारणवश उपेक्षित रही अलपजस्तो भइरहेको थियो र राजा शङ्करदेवका पालमा प्रसिद्ध तान्त्रिक नृसिंह ठाकुरले देवीले स्वप्नमा आज्ञा भएबमोजिम खोजी गरी गुह्येश्वरीको जलज्योतिलाई छोपी चारैतिर पर्खाल लगाई रमणीय मन्दिर बनाएका थिए भन्ने कुराको वर्णन देवमालावंशावली र भाषावंशावलीमा पाइन्छ भन्ने कुराको उल्लेख माथि नै गरियो। त्यसपछि पनि कुनै कारणवश सो पीठ उपेक्षितजस्तै रहेको थियो। राजा प्रताप मल्लले आफ्ना गुरु नारायण भट्ट (लम्बकर्ण भट्ट)को सम्मतिमा हाल गुह्येश्वरीपीठ रहेको कुण्डवरिपरि सफा गरी गाह्रो उठाई, फलामे सत्तरीको दलिन राखी छोपेर चौगिर्दा पर्खाल लगाई, गुह्येश्वरीको ज्योतिर्मय जलको अधिकांश भाग छोपेर त्यसमाथि यन्त्राकाररूप अष्टदलकमल र त्यसको बिचमा खाली राखिएको कुण्डको शेष भागलाई स्फटिकको कलशले छोपी त्यसको दक्षिणपट्टि भैरवको प्रतीक राखेर वरिपरि अष्टमातृकागण, तथा गुह्येश्वरीका आवरण देवताको स्थापना गरी ने.सं. ७८० (१७१६ वि.सं.) मा मन्दिर खडा गरे। वैशाख शुक्ल एकादशी (वि.सं.१७१६) का दिन प्रतिष्ठा सम्पन्न भयो तथा बाहिर ढोकामा सिंह मूर्तिको स्थापना पनि त्यसै बखत गरे।

२.४.१.५ गुह्येश्वरीको प्रीतिका लागि विभिन्न व्यक्तिहरूद्वारा गरिएका भौतिक कार्यहरू

गुह्येश्वरीको प्रीतिका लागि राजा प्रताप मल्लले ने. सं. ७७४ माघशुक्लएकादशी बुधवारका दिन गुह्येश्वरी मन्दिरको प्राङ्गणमा सिंहध्वज राखेको अभिलेखप्रमाण पाइन्छ (टण्डन, वि.सं. २०५६, पृ.६१)। राजा प्रताप मल्लले ने.सं. ७८० आषाढमा गुह्येश्वरीको कुण्डमण्डलमा सुनका दुईओटा पद्मपत्र राखेका थिए भन्ने कुरा त्यहाँको कुण्डमण्डलमा रहेको अभिलेखबाट थाहा पाइन्छ (आचार्य, वि.सं. २०७५, पृ. १३९)। त्यसैगरी राजा प्रताप मल्लले गुह्येश्वरीमन्दिरको वरिपरि बसेको अवस्थामा रहेका ढुङ्गाका आठओटा सिंहका मूर्तिहरू स्थापना गरेको कुरा ती मूर्तिहरूको पादपीठमा उट्टङ्कित अभिलेखबाट थाहा पाइन्छ (टण्डन, वि.सं.२०५६, पृ. २०१) तर ती प्रस्तर मूर्तिहरू स्थापना गरिएको संवत् भने अभिलेखमा उल्लेख गरिएको छैन। ने.सं. ७३९ तदनुसार वि.सं. १६७६ चैत्रकृष्ण दशमी तिथिका दिन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गुरुभलाड परदेवजु, थकाली जीवनराजजु, वइस्यानजु, नुगुदेवजु, वावचाजु, रथजु, मधुजु, गोमिसिं भारो, हरि भारो, दंगुरी जिकेश हर्ष यति थकाली प्रमुखले आयुआरोग्य प्राप्ति होस्, जनधनको वृद्धि होस् र मरणपछि सुखावती भुवन तथा मोक्ष प्राप्त होस्, सबैको कल्याण होस् भन्ने कामनाले नैरात्मादेवी गुह्येश्वरीलाई सुवर्णछत्र चढाएको कुरा हाल पशुपति गोश्वाराको भण्डारमा रहेको ताम्रपत्रबाट थाहा हुन्छ (टण्डन, वि.सं.२०५६, पृ. १५६)। पशुपतिनाथका पुजारी स्वामी राघवानन्दका शिष्य द्राविड ब्राह्मण शङ्कर भट्टले राजा भास्कर मल्लको शासनकालमा ने.सं. ८३२ फाल्गुणकृष्णचतुर्दशी शिवरात्रिका दिन गुह्यकालीलाई खुशी पार्नका लागि घण्टा राखेका थिए भन्ने कुरा गुह्येश्वरी मन्दिरको उत्तरपट्टिको मूल ढोकाको सिँढीदेखि पूर्वपट्टि रहेको भवनको पेटीमा स्थित घण्टा अड्याउने स्तम्भमा उत्कीर्ण अभिलेखबाट ज्ञात हुन्छ (टण्डन, वि.सं.२०५६, पृ. २२०)। पाटनका तात्कालिक राजा योगनरेन्द्र मल्ल, भक्तपुरका राजा भूपतीन्द्र मल्ल र कान्तिपुरका राजा भूपालेन्द्र मल्लको ने.सं. ८१८ (वि.सं. १७५५) को ताडपत्रमा कुँदिएको सन्धिपत्रमा साक्षी बस्ने हरिशङ्कर भट्ट भाजु (पन्त, वि.सं. २०६७, पृ. ६२), पाटनको मङ्गलबजारमा शिवजीको मन्दिर बनाई ने.सं. ८२५ (वि.सं. १७६२) वैशाखशुक्लद्वितीयाको दिन गजुर चढाउने हरिशङ्कर भट्ट (पन्त, वि.सं. २०६७, पृ. ६२), चापागाउँमा शिलापत्र राख्ने हरिशङ्कर भट्ट (पन्त, वि.सं. २०६७, पृ. ६३) र ने.सं. ८१९ (वि.सं. १७५६) श्रावणकृष्णदशमीका दिन तुलाधर चिकुतिले बेचेको घरको चार किल्ला खुलाउँदा लेखिएको ताडपत्रमा उल्लिखित नरदेवीका हरिशङ्कर भट्ट (पन्त, वि.सं. २०६७, पृ. ६१) एकै व्यक्ति हुन सक्ने सम्भावना व्यक्त गरिएको छ (पन्त, वि.सं. २०६७, पृ. ६३)। उपर्युक्त तथ्यहरूमाथि विचार गर्दा ने.सं. ८३२ (वि.सं. १७६८) मा गुह्येश्वरीमा घण्टा चढाउने शङ्कर भट्ट पनि माथि उल्लिखित उही हरिशङ्कर भट्ट हुनु धेरै सम्भव छ। कालान्तरमा सो घण्टा बिग्रेकाले सुवर्णप्रभादेवीले गुह्यकालीलाई खुशी पार्न आगमशास्त्रोक्त विधिपूर्वक राम्रो आवाज भएको घण्टा जीर्णोद्धार गरी सादर समर्पण गरेको कुरा सोही घण्टामा उत्कीर्ण अभिलेखबाट थाहा हुन्छ (टण्डन, वि.सं.२०५६, पृ. ३६०)। राजा रणबहादुर शाहका पालामा राजप्रतिनिधिका रूपमा बहादुर शाह रहेका बखत वि.सं. १८४६ फाल्गुनशुक्लपञ्चमी शुक्रवारका दिन आत्रेयगोत्रमा जन्मेका, शूर भनी प्रख्यात रंजैसिंहका नाति, भीमसिंहका छोरा अमरसिंह थापाले गुह्येश्वरीलाई प्रसन्न पार्न सुनको मोलम्बायुक्त ताम्रपत्र मन्दिरमा चढाएको कुरा गुह्येश्वरीमन्दिरको मूल ढोकाको सामुन्ने दायाँपट्टि रहेको सिद्धेश्वर महादेवको सानो धातुको मन्दिरमा कुँदिएको अभिलेखबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थाहा हुन्छ। (टण्डन, वि.सं. २०५६, पृ. ७७)। वि.सं. १८८० माघशुक्ल पञ्चमी बृहस्पतिवारका दिन सिंहप्रताप शाहकी पटरानी राजेन्द्रलक्ष्मीदेवीले गुह्येश्वरीलाई खुशी पार्नका लागि गुह्येश्वरीको नजिक स्थापना गर्न सङ्कल्प गरिएको सुनको देवीको वाहन सिंहमूर्ति तिनकी बुहारी रणबहादुर शाहकी पटरानी ललितत्रिपुरसुन्दरीदेवीले आफ्ना नाति राजेन्द्रविक्रम शाहको सम्मतिले विधिपूर्वक स्थापना गरेको देखिन्छ (टण्डन, वि.सं. २०५६, पृ. ४४५)। शकसंवत् १७७१ तदनुसार वि.सं. १९०६ चैत्रशुक्लमा गुह्येश्वरीलाई खुशी पार्नका लागि क्षोणीका पति उपेन्द्रविक्रम शाहले बादल गर्जेजस्तो बुलन्द आवाज आउने घण्टा चढाएको उल्लेख गुह्येश्वरीमन्दिर प्राङ्गणको पूर्वदक्षिणतर्फ रहेको घण्टामा भएको अभिलेखमा पाइन्छ (टण्डन, वि.सं. २०५६, पृ. ५१३)। गुह्येश्वरीको प्रीतिका लागि वि.सं. १९०९ मा दण्डपाणि वैद्यले त्रिशूल चढाएको कुरा गुह्येश्वरीमन्दिरको उत्तरतर्फको प्राङ्गणमा रहेको त्रिशूल राखिएको खम्बामा अङ्कित अभिलेखबाट थाहा पाइन्छ। जङ्गबहादुर राणाले गुह्येश्वरीको प्रीतिका लागि वि.सं. १९२१/२२ तिर गुह्येश्वरीको पद्माकार अष्टदल र भैरवसमेतमा सुनको पाताले मोडी नवरत्न जडिएको सुनको कलश र चाँदीका पूजाभाँडाहरू चढाएको कुरा देवमालावंशावलीमा उल्लेख गरिएको छ (देवमालावंशावली, वि.सं. २०१३, पृ. १६)। त्यसै बखत राजवैद्य चक्रपाणिले सुनका चारओटा नाग बनाई कुण्डमा चार कुनामा राखी सुनको लामो पाताले मोडी चढाएको विवरण पनि सोही वंशावलीमा पाइन्छ (देवमालावंशावली, वि.सं. २०१३, पृ. १६)। गुह्येश्वरीमन्दिरको पश्चिम ढोकाको दायाँबायाँ सुनको आसनीमाथि आसा समातेका ढलोटका दुई नारी मूर्ति छन्। ती दुई नारी मूर्ति वि.सं. १९३६ मार्ग शुक्ल दशमी मङ्गलवारका दिन कप्तान देवीप्रसाद गिरिले आफ्नी विवाहिता पत्नीसहित भई गुह्येश्वरीको प्रीतिका लागि चढाएको देखिन्छ (टण्डन, वि.सं.२०५६, पृ. ५८३)। वि.सं. १९३९ श्रावणकृष्णद्वादशी बुधवारका दिन गुह्येश्वरीको प्रीतिका लागि काठमाडौँ बाङ्गेमुढाटोल बस्ने बषव्ररसिंह, राजवरसिंह, जगत्मानसिंह आदिले गुह्येश्वरी मन्दिरको पूर्वपट्टि रहेको ढोका चढाएको थाहा हुन्छ (टण्डन, वि.सं.२०५६, पृ. ५९४)। गुह्येश्वरी मन्दिरको पश्चिम ढोकाको दायाँबायाँ दुईओटा सुनका आसनी छन्। उक्त आसनीमाथि सुनको जलप लगाएको नारी मूर्ति छ। सोही नारी मूर्तिको पादपीठको अभिलेखअनुसार वि.सं. १९४८ साल मार्गशुक्लअष्टमी बुधवारका दिन इन्द्रचोकका साहु राजेन्द्रकी श्रीमती मैथकुँ, उनको छोरो हरिनरसिंह, हरिनरसिंहकी श्रीमती लानीवेती, उनका छोरो रामदास, रामदासकी श्रीमती ज्यानमाया र मोतीलानी, छोरा कृष्णदास, कृष्णभक्त र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बद्रिदाससहित भई बाबु रामदासले सङ्कल्प गरेको गुह्येश्वरीको पश्चिमपट्टिको चारओटा खम्बा, मूल द्वारको ढलोटको दैलो आसासमेत सुनको जलप गरी छोरा कृष्णभक्तले गुह्येश्वरीको प्रीतिका लागि चढाएको देखिन्छ (टण्डन, वि.सं.२०५६, पृ. ६०८)। वि.सं. १९४९ ज्येष्ठकृष्णप्रतिपदा आइतवारका दिन गुह्येश्वरीको प्रीतिका लागि काठमाडौँ न्ह्योखाटोल बस्ने साहू बखवरसिंह, थकुंलक्ष्मी आदिले गुह्येश्वरी मन्दिरको दक्षिणपट्टिको भित्तामा रहेको ढोका चढाएको देखिन्छ (टण्डन, वि.सं.२०५६, पृ. ६०९)। वि.सं. १९५७ चैत्रकृष्णअष्टमी बुधवारका दिन गुह्येश्वरीको प्रीतिका लागि रत्नकुमारी, उनका पुत्र सुब्बा गणेशदास आदिले गुह्येश्वरी मन्दिरको उत्तरपट्टि चार कबल भएको गाह्रोसमेत चाँदीले छापेको जानकारी प्राप्त हुन्छ (टण्डन, वि.सं.२०५६, पृ. ६१८)। गुह्येश्वरीमन्दिरको बाहिर रहेको ढलोटको सिंहको मूर्तिमा भएको अभिलेखअनुसार वि.सं. १९६८ आश्विनशुक्लअष्टमी, आश्विन १४ गते शनिवारका दिन तात्कालिक प्राइमिनिस्टर चन्द्रशमशेरले जङ्गबहादुर राणाले मन्दिरभित्र वरिपरि छापेको ढलोटको पाता बिग्रेकाले सो पाता झिकी टायल छापेको तथा ढलोट पाताको सोह्रओटा सिंह बनाई चढाएको देखिन्छ (टण्डन, वि.सं. २०५६, पृ. ६२८)। गुह्येश्वरीको पश्चिमपट्टिको चाँदीको ढोकामा रहेको अभिलेखअनुसार वि.सं. १९८७ आश्विनशुक्लद्वितीया बुधवारका दिन राजवैद्य दण्डपाणिका जेठा छोरा राजवैद्य देवानन्दले गुह्येश्वरीको ढोकामा चढाएको चाँदीको ढोका बिग्रेकाले सो ढोकाको खापा तोरण, चौकोस ठेलोसमेत झिकी यथाशक्ति चाँदी थपी सो ढोका बनाई राजवैद्य देवानन्दका कान्छा छोरा पद्मानन्दले आफ्ना सबै जहानसहित भई माता गुह्येश्वरीको प्रीतिका लागि चढाएको उल्लेख पाइन्छ (टण्डन, वि.सं. २०५६, पृ. ६४८)। वि.सं. १९९० को महाभूकम्पमा परी गुह्येश्वरीको सत्तल केही भत्केकोमा जुद्धशमशेरले त्यसको जीर्णोद्धार गरेको उल्लेख देवमालावंशावलीमा पाइन्छ (देवमालावंशावली, वि.सं. २०१३, पृ. १६)। गुह्येश्वरी मन्दिरको पश्चिमपट्टि प्रस्तरको महेन्द्रस्तम्भ छ। त्यसमाथि राजा महेन्द्र र रानी रत्नको प्रतिमा छ। उक्त स्तम्भमा भएको अभिलेखअनुसार राजा महेन्द्रले गुह्यकालीको पीठमन्दिरको चारैतिर सुनको पाताले सिङ्गारेर शकसंवत् १८८१ तदनुसार वि.सं. २०१६ आषाढकृष्णदशमीमा आफ्नो वर्ष अभिवृद्धिको पावन अवसरमा सहधर्मिणीका साथ सभक्ति नमस्कार मुद्रासहितको सुनको मूर्ति गुह्यकालीप्रीतिका लागि अर्पित गरेको देखिन्छ (टण्डन, वि.सं. २०५६, पृ. ६७५)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२.४.१.६ गुह्येश्वरीको नित्यनैमित्तिक पूजा

गुह्येश्वरीको नित्य नैमित्तिक पूजा कर्माचार्यहरूबाट सम्पादन हुन्छ। पूजासम्पादनका लागि काठमाडौँ, पाटन र भक्तपुर गरी तीन कवलका कर्माचार्य पुजारीहरू रहने गरेका छन्। ती पुजारीहरूको सहयोगीका रूपमा खड्गी र डङ्गोलले कार्य गर्दछन्। प्रत्येक महिनाको कृष्णचतुर्दशीका दिन पुजारीहरूको पालो फेरिन्छ भने पुजारीहरूका सहयोगी खड्गी र डङ्गोलको पालोचाहिँ पन्ध्र पन्ध्र दिनमा फेर्ने चलन रहेको छ। गुह्येश्वरीको नित्यपूजाका क्रममा मन्दिरको गर्भगृहशोधन र न्यास गरेपछि क्रमपूर्वक अर्घ्यपात्र, शङ्खपात्र र कपालपात्रको स्थापना गरी अर्घ्यसङ्कल्प र वलिपात्रको आवाहन गरिन्छ। त्यसपछि वरिपरिका क्षेत्रपाललाई अक्षता र फूलपाती समर्पण गरी कुण्डस्थानमा राखिएको कलश निकालेर कुण्डमा गुह्येश्वरीलाई उद्देश्य गरी पञ्चामृत, शुद्ध जल, मद्य, शङ्खजल र अर्घ्यजलले स्नान गराइन्छ। त्यसपछि रक्तचन्दन, सिन्दूर, अबिर, अक्षता, फूल, समयबजीद्वारा भगवतीको अर्चना गरी कुण्डको जलले अभिषेक गरिन्छ। त्यसपछि गुह्येश्वरीको जलकुण्डमाथि सुवर्णकलश राखिन्छ भने दायाँतिर आसनमाथि स्फटिकको कलश र क्षेत्रपालका रूपमा पूजा गरिने गोलो प्रस्तर स्थापना गरिन्छ। गुह्येश्वरीको प्रतीकस्वरूप सुवर्णकलशको पूजा गरेपछि गुह्येश्वरीलाई वस्त्रसहित छातायुक्त चाँदीको गजुर, नरमुण्डमाला, सिक्काको माला, सिक्री, आदि गहनाले श्रृङ्गार गरिन्छ। गुह्येश्वरीको पूजा सकिएपछि गुह्यभैरवको पीठमा पञ्चामृत, शुद्ध जल र मद्यले स्नान गराई फूल अक्षता चढाएर पूजा गरेपछि अभिषेक गरिन्छ। रक्तचन्दन, अबिर, केसरी र सिन्दूरले गुह्यभैरवको पीठमा बिन्दुगर्भत्रिकोण बनाई गुह्यभैरवलाई नरमुण्डमाला, नागको गहना, सिक्री आदिले श्रृङ्गार गरिन्छ। त्यसपछि उग्रचण्डा र खड्गको पूजा गरी मन्दिरका चारै द्वार र त्यहाँ स्थापित कलश एवम् प्राङ्गणमा स्थापित देवीदेवताहरूको पूजा गरिन्छ। त्यसपछि भगवतीलाई भोज लगाइन्छ। त्यसक्रममा ढोका बन्द गरिन्छ, भक्तजनहरूले सो दृश्य हेर्न पाउँदैनन्। नित्यपूजाको विसर्जनपछि जलकुण्डमाथि स्थापित सुवर्णकलशको स्थानमा चाँदीको कलश राखिन्छ। सो कलश दिनभरि रहन्छ। साँझको आरतीपछि चाँदीको कलशको स्थानमा रातभरिका लागि प्रस्तरको कलश राखिन्छ र अन्य कलशहरू भण्डारमा सुरक्षित तबरले राख्ने चलन रहेको छ। गुह्येश्वरीमा नित्यपूजाबाहेक सङ्क्रान्ति, चतुर्दशी, औँसी र पूर्णिमा आदि पर्वमा विशेष पूजा हुन्छ। हरेक महिनाको पूर्णिमामा हुने पशुपतिनाथको महास्नान महाभोगपूजाका अवसरमा गुह्येश्वरीमा हाँसको बलिसहित पूजा गरिन्छ। पौषकृष्णदशमीका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दिन मानन्धरहरूले गुह्येश्वरीमा विशेष पूजा गर्ने चलन रहेको छ। माघशुक्ल अष्टमीका दिन गुह्येश्वरीको वर्षवर्धनपूजा गरिन्छ। नवरात्रका अवसरमा पशुपति अमालकोट कचहरिबाट चण्डीपाठ गराइन्छ। प्रत्येक वर्ष मार्गकृष्णनवमी र दशमीका दिन गुह्येश्वरीजात्रा मनाइन्छ। मार्गकृष्णदशमीका दिन गुह्येश्वरीमा हुने दिशिपूजा बौद्धतन्त्रअनुसार गरिन्छ भन्ने जगमान गुरुङको भनाइ रहेको छ (उहाँसँगको कुराकानीबाट प्राप्त जानकारी)। मैथिल झाहरूले वैशाखशुक्लनवमीका दिन गुह्येश्वरीलाई सीताका रूपमा विशेष पूजा गर्दछन्।

२.४.१.७ गुह्येश्वरीको नित्यनैमित्तिक पूजा तथा जात्रा सञ्चालनको व्यवस्था

गुह्येश्वरीको नित्यपूजाका लागि पशुपति गूठी गोश्वाराले मासिक रूपमा आवश्यक पूजासामग्रीहरू उपलब्ध गराउँदै आएको छ। त्यसअतिरिक्त भाद्रशुक्लअष्टमी (कागे अष्टमी), भाद्रशुक्लनवमी, आश्विनशुक्लअष्टमी, चैत्रशुक्लअष्टमी, चैत्रशुक्लनवमी, चैत्रशुक्लदशमीमा हुने नैमित्तिक पूजाका लागि पनि पशुपति गूठी गोश्वाराले आवश्यक पूजासामग्रीहरू उपलब्ध गराउँदै आएको छ। गुह्येश्वरीजात्राका लागि गीर्वाणयुद्धविक्रम शाहले खर्चको व्यवस्था बाँधेको देखिन्छ (टण्डन, २०५६, पृ. ४०१–४०२)। मार्गकृष्णदशमीका दिन गुह्येश्वरीमा हुने कन्यापूजा र भोजनका लागि पशुपति गूठी गोश्वाराबाट आवश्यक सामग्रीको व्यवस्था हुने गरेको छ। राजा गीर्वाणयुद्धविक्रम शाहले गुह्येश्वरीमा नित्यपूजाका अवसरमा गुजराती बाजा वजाउने व्यक्तिका लागि वि.सं. १८६५ श्रावणशुक्लअष्टमी आइतबारका दिन जागिरका रूपमा खेतको व्यवस्था गरिदिएका थिए (टण्डन, २०५६, पृ. ३५८–३५९)। गुह्येश्वरीमा हुने नैमित्तिक पर्वपूजाका लागि राजगूठी तथा निजीगूठी गरी सत्ताइसओटा गूठी रहेका छन् (टण्डन, २०५३, पृ. ५१७)। राजा जयप्रकाश मल्लले मेषसङ्क्रान्तिमा गुह्येश्वरीमा विशेषपूजाका लागि पाँच रोपनी खेत गूठी राखिदिएको देखिन्छ (टण्डन, २०५६, पृ. २६९)

२.४.२ वत्सलेश्वरी

पशुपतिक्षेत्रमा रहेका शक्तिपीठहरूमध्ये वत्सलेश्वरीपीठ ज्यादै महत्त्वपूर्ण शक्तिपीठ हो। यो पीठ पशुपतिनाथ मन्दिरको आग्नेय कोणमा वाग्वती नदीको तटमा रहेको छ। वत्सलेश्वरीको मन्दिर चार पाखे नेपाली मण्डप शैलीमा बनेको छ। यस मन्दिरको पश्चिममा जम्बूद्वीप, उत्तरमा पञ्चगणेश र दक्षिणमा वटुकभैरव रहेका छन्। यस मन्दिरको तोरणको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बिचमा अठार हात भएकी महिषासुरमर्दिनीको मूर्ति कुँदिएको छ। यस मन्दिरका टुँडालहरूमा विभिन्न भैरवका मूर्तिहरू तथा रतासन मूर्तिहरू छन्। शक्तिपीठमा हुने ती रतासन मूर्तिहरूको तान्त्रिक रहस्यका बारेमा पछि चर्चा गरिनेछ।

देवमालावंशावलीमा वत्सलेश्वरीको प्रतिष्ठाका विषयमा यस्तो लेखिएको छ–

यी ईश्वरी आफ्ना गणसहित भै ओं श्री गुह्यश्वरी प्रकट भए देखी पीठ मात्र विराजमान भएका छन् बहुत तेजस्वी उग्र पीठ हुन् सुर्य्यवंशी श्री राजा शिवदेवका पालामा कलिगत २८९५- ९६ मा यी परमेश्वरी नेपालको आदि मूल पीठ ठहराई वैशाख शुक्ल एकादशि उत्तर फाल्गुणी नक्षत्र वरीयान योग बृहस्पतिवारका दिन पूजा नरबली विधिपूर्वक गरी शिलाका पद्माकार बच्छला बनाई भित्र यन्त्रगुप्त गरी प्रतिष्ठा स्थापना गरी देवालय बनाई सेवा गरी आएको....(देवमालावंशावली, वि.सं. २०१३, पृ. ४७)।

नेपालमाहात्म्यमा पार्वतीले महादेवसित सँगै बस्ने इच्छा गरेकीले महादेवले मेरो वात्सल्य (प्रेम)ले गर्दा तिमी मेरो नजिकै बस्न चाहन्छयौ त्यसैले तिम्रो नाम पनि वत्सला हुनेछ र मेरो आज्ञाले तिमी मेरो आग्नेयपट्टि बस भनेको हुनाले माता पार्वती वत्सला नामले वाग्वती नदीको तीरमा पशुपतिनाथको आग्नेयकोणमा बसिन् भन्ने कथन पाइन्छ (नेपालमाहात्म्य, १।३९–४०कख)। नेपालमाहात्म्यमा वत्सलेश्वरीको माहात्म्य बताउँदै के भनिएको छ भने वाग्वतीको जलमा स्नान गरेर वत्सलाको दर्शन गरेपछि जसले पशुपतिनाथको दर्शन गर्दछन् उनीहरू कैलासमा जान्छन् (नेपालमाहात्म्य, १।४०गघ–४१कख)।

२.४.२.१ वत्सलेश्वरीसँग सम्बद्ध प्राचीन अनुश्रुति

कुनै समयमा शिव र पार्वती कैलासमा आनन्दपूर्वक बसिरहेका थिए। एक दिन पार्वतीले सम्पूर्ण पृथ्वीको भ्रमण गर्ने आफ्नो इच्छा रहेको कुरा भगवान् शिवसँग बताइन्। पार्वतीको इच्छा पूरा गर्न शिवले आफ्ना गणहरूलाई तिमीहरू पनि पार्वतीसँगै जाओ भने। त्यसपछि सम्पूर्ण गणसहित पार्वती पृथ्वीको भ्रमणमा निस्किन्। विश्वभ्रमणका कममा पार्वती गणसमेत काठमाडौं उपत्यकामा आइपुगिन्। पशुपतिक्षेत्रको वन, पर्वत, हरियालीले पार्वतीलाई निकै आकर्षित गऱ्यो त्यसैले केही समय यसै क्षेत्रमा बस्ने विचार गरेर पार्वतीले आफ्ना साथमा आएका गणहरूलाई तिमीहरू कैलास जाओ, म केही समय यसै क्षेत्रको श्लेष्मान्तक वनमा बस्छु भनिन्। पार्वतीको आज्ञाले गणहरू कैलास गए। केही समयपछि पार्वतीलाई लिन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भनी सम्पूर्ण देवगण तथा प्रमथगणसमेत बाजागाजासहित शिव पशुपतिक्षेत्रमा आए। शिवले पार्वतीलाई कैलास फर्कन आग्रह गरे तर पार्वतीलाई यो स्थान अत्यन्त मन परेकाले यो ठाउँ छोड्ने पार्वतीको मन भएन। शिव स्वयं लिन आउँदा अटेर गर्न पनि मिलेन त्यसैले पार्वतीले आफ्नो हातमा लिएको पात्रको जललाई अभिमन्त्रित गरी शिवलगायत सम्पूर्ण गणलाई छर्किदिइन्। उक्त अभिमन्त्रित जलको प्रभावले शिवलगायत सारा गणहरू भेडा भए। यो कुरा विष्णुले थाहा पाए। इन्द्र आदि देवतासहित सम्पूर्ण गण अनि स्वयं शिवसमेत भेडा भएको देखी शिवलगायत सम्पूर्ण देवगणलाई उनीहरूको पूर्वरूपमा फर्काउन विष्णुले कुनै उपाय खोजे तर कुनै उपाय नदेखी शिवलगायत सम्पूर्ण देवताहरूको उद्धारका लागि श्मशानमा बसी दक्षिणकालीको आराधना गर्न थाले। विष्णुको आराधनाबाट प्रसन्न भएकी दक्षिणकालीले विष्णुलाई वर माग्न भनिन्। विष्णुले दक्षिणकालीसँग शिवसहित सम्पूर्ण देवगण भेडाका रूपमा भएकाले उनीहरूलाई पहिलेकै रूपमा फर्काइपाऊँ भनी विन्ती गरे। त्यसपछि दक्षिणकाली पार्वतीले मलाई पनि विष्णुलाई फेला पार्‍यौ भने यहाँ पठाइदिनू भनी आज्ञा भएको थियो तर तिम्रो आराधनाबाट म अत्यन्त प्रसन्न भएकी छु त्यसैले तिमीलाई मोहिनी मन्त्र दिन्छु जसको निरन्तर जप गर्नाले तिमी बालकरूप धारण गर्न सक्नेछौ र उक्त मन्त्रको प्रभावले तिमीलाई कसैले पनि चिन्ने छैन र त्यही बालकरूपबाट नै देवताहरूको उद्धारको उपाय पत्ता लगाउने छौ। यति भनी दक्षिणकालीले विष्णुलाई मोहिनी मन्त्र प्रदान गरिन्। दक्षिणकालीबाट प्राप्त मोहिनी मन्त्र निरन्तर जप्दै बालकरूप धारण गरी विष्णु पशुपतिक्षेत्रको वज्रेश्वरीपीठमा रहन थाले। एक दिन पार्वतीका सखीहरू घुम्दै जाँदा त्यहाँ अत्यन्त तेजस्वी र आकर्षक बालकलाई देखे र उनीहरूले बालकरूप विष्णुलाई पार्वतीसमक्ष लिएर गए। बालक निकै राम्रो भएकाले पार्वतीले बालकलाई आफूसँगै राखिन्। पार्वतीले सो बालकलाई भेडागोठालोको काम दिइन्। भेडाको बथानमा एउटा ठूलो भेडो पनि थियो। त्यो ठूलो भेडो अवश्य पनि शिव हुन् भन्ने विचार गरेर विष्णुले उक्त भेडोको अगाडि गएर अनेकौं स्तुति गर्न थाले तर शिवमा विष्णुको स्तुतिको कुनै प्रभाव परेन। दक्षिणकालीले दिएको मोहिनी मन्त्रको निरन्तर जपको प्रभावले पार्वती बालकप्रति मोहित हुन थालिन् र एक दिन बालकलाई काखमा राखेर सुम्सुम्याउँदै वर माग भनिन्। बालकरूपी विष्णुले पार्वतीलाई वाचा बँधाई यी भेडाहरू हामीलाई के काम ? यी सबैको बलि दिन पाऊँ भनी वर मागे। बालकको कुरा सुनेर पार्वतीले तिम्रो मनमा लागेको गर भनिन्। त्यसपछि विष्णुले खड्गले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

फटाफट भेडाहरूको गर्दन छिनाउन थाले । अरू सबै भेडाहरू सकिएपछि अन्त्यमा त्यो ठूलो भेडाको पालो आयो । त्यसको गर्दन छिनाल्न विष्णुले खड्ग उचालेका मात्र के थिए पार्वतीलाई होस आयो र पख...पख...भनी बालकरूप विष्णुलाई रोकिन् । भेडा काट्ने क्रममा बालकरूप विष्णुले मन्त्र जप्न बिर्सिए र उनी विष्णुकै रूपमा देखा परे । पार्वतीको 'पख' शब्द र विष्णुको छलिया रूप देखी शिवलाई हाँसो उठ्यो र उनी तुरुन्तै भेडाको रूप छोडी आफ्नो स्वरूपमा आए । त्यसपछि विष्णुले पार्वतीसहित शिवको स्तुति गरे । शिव र पार्वतीले विष्णुसँग प्रसन्न भई वर माग्न आग्रह गरे । यस्तो भवानीशङ्करको आज्ञा सुनी विष्णुले भेडाका रूपमा रहेका देवता र प्रमथगणहरू पुनर्जीवित बनून् र आफ्नो पहिलेकै रूपमा फर्कून् भनी वर मागे । भवानीशङ्करले तथास्तु भनेर वरदान दिए र सम्पूर्ण देवगण आ-आफ्नै स्वरूपमा फर्के । त्यसपछि शिवले पार्वतीलाई अब कैलास जाऔँ भनेर भन्दा हामी सबै देवताहरूका साथमा यही रमणीय ठाउँमा बसौँ भनी कैलास जान नमानी पार्वतीले शिवसँग ढिपी गरिन् । पार्वतीले ढिपी गरेकाले शिव पशुपतिका रूपमा यहाँ रहे भने पार्वती वात्सल्यमयी वत्सलेश्वरीका रूपमा रहिन् । शिवपार्वतीले विष्णुलाई तिमी आफ्नो बालकरूप झल्काउने चरित्रको प्रतीकका रूपमा सानो बालक भएर यहीँ बस ताकि तिम्रो दर्शनले पापीहरूको पाप नाश होस् भनेकाले शिवपार्वतीको आज्ञाअनुसार विष्णु वत्सलेश्वरी मन्दिरको दक्षिणपट्टि वटुकरूप लिएर बसे भन्ने जनश्रुति यहाँ प्रचलित छ ।

राजा रणबहादुर शाहले वत्सलेश्वरीलाई सुनको पाताले मोरेको तीनओटा अर्नाको सिङ चढाएको कुरा प्रत्येक वर्ष वत्सलेश्वरीको जात्रा हुँदा निकालिने अर्नाका ती सिङमा उट्टङ्कित अभिलेखबाट थाहा हुन्छ (टण्डन, वि.सं. २०५६, पृ. २९०) । वत्सलेश्वरीको प्रीतिका लागि वि.सं. १९६८ आश्विन १४ गते शनिवारका दिन ठाकुरप्रसाद टण्डनले सपत्नीक भई सो मन्दिरमा घण्टा चढाएको उल्लेख सोही घण्टामा कुँदिएको अभिलेखबाट थाहा हुन्छ (टण्डन, विं.सं. २०५६, पृ. १११) । ने.सं. ९९६ तदनुसार वि.सं. १९३२ फाल्गुणकृष्णअमावस्याका दिन देवपाटन लुहतिकुसकी ज्ञानी, बुहारी मानकुमारी र धर्मपुत्र सिरिपां वैद्यले वत्सलेश्वरीको खटको छाना जीर्णोद्धार गरेको उल्लेख सोही खटको दोस्रो छानामुन्तिर कुँदिएको अभिलेखबाट थाहा हुन्छ (टण्डन, वि.सं. २०५६, पृ. ५८०) । त्यसैगरी वि.सं. २०३७ चैत २२ गते शनिवारका दिन भुवनेश्वरीटोलमा बस्ने बुद्धिलाल डङ्गोल र उनका छोरा पूर्ण डङ्गोलले वत्सलेश्वरीको प्रीतिका लागि झण्डा चढाएको उल्लेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वत्सलेश्वरी यात्राको खटमा कुँदिएको अभिलेखमा गरिएको छ (टण्डन, वि.सं. २०५६, पृ. ६७९)।

२.४.२.३ वत्सलेश्वरीको नित्यनैमित्तिक पूजा

यस मन्दिरमा नित्यपूजाका लागि कर्माचार्य पुजारी रहेका छन्। हरेक महिनाको कृष्ण चतुर्दशीमा वत्सलेश्वरी गुठीसँग सम्बद्ध चन्दनगुठी, सिन्दूरगुठी र ध्वंगुठीका आगमघरहरूमा समयबजी चढाई पूजा गर्ने प्रचलन रहेको छ। त्यसैगरी हरेक महिनाको पूर्णिमामा पशुपतिनाथको महास्नान तथा महाभोगका अवसरमा वत्सलेश्वरी र त्यहीँ नजिकै रहेको पञ्चगणेशको मन्दिरमा हंसबलिसहित पूजा गर्ने चलन रहेको छ। वैशाखकृष्णचतुर्दशीका दिन दमनारोहण गरिन्छ। अक्षयतृतीयाका दिन वत्सलेश्वरीसँग सम्बद्ध उपर्युक्त तीनवटै गुठीका आगमघरहरूमा पूजा गर्ने परम्परा छ। आश्विनशुक्लप्रतिपदादेखि चतुर्दशीसम्म बडादशैँका अवसरमा विशेष पूजाआजा हुने गरेको छ। चैत्र कृष्ण प्रतिपदाका दिन देशोद्धारपूजा आदिमा वत्सलेश्वरीलाई निमन्त्रणा गर्ने प्रचलन रहेको छ। त्यस अवसरमा पनि बलिसहितको पूजा गरिन्छ। चैत्र कृष्ण द्वादशीका दिन बलिपूजा हुन्छ। सो अवसरमा जयवागीश्वरीबाट चारै वर्णका प्रतिनिधिहरूबाट भोगसहितको पूजा गर्ने चलन रहेको छ। भोलिपल्ट त्रयोदशीका दिन एक एकओटा राँगो र भेडाको बलि दिने परम्परा छ। पाचह्रे अर्थात् पिशाचचतुर्दशीको दिन पशुपतिनाथका चारै जना भट्ट तथा स्थानीय व्यक्तिहरूबाट विशेष पूजा गर्ने चलन छ। यो पूजालाई दुनियाँ पूजा भनिन्छ। सोही दिन वत्सलेश्वरीको स्वरूप अङ्कित धातुको कवच द्यों छे (आगमघर)बाट लगी मन्दिरमा राखिन्छ। त्यस दिन आआफ्नो सामर्थ्यअनुसार पूजा एवं बलिको कार्य दिनभरि चलिरहन्छ। अपराह्न पशुपति आगमघरका भट्ट, पशुपतिका मूल पुजारी तथा अन्य तीन पुजारी, भालिञ्चागुठी तथा पशुपति अमालकोट कचहरीको तर्फबाट वत्सलेश्वरीको मन्दिरमा जापाय (अन्नप्राशन) हुन्छ। जापायमा तीन पाथी चामलको भातले वत्सलेश्वरीको पीठ छोपी पूजाआजा गरिन्छ। मूलभट्टका तर्फबाट दुईओटा बोका बलि अर्पण गर्नुपर्छ। यो काम मूल पुजारीको प्रतिनिधि भई बिसेट नाइकेले गर्दछन्। यसपछि त्यस दिन वत्सलेश्वरी मन्दिरमा जापाय तथा बलि दिन पाइन्न। त्यसपछि वत्सलेश्वरी मन्दिरको प्राङ्गणमा सिन्दूरगुठी तथा चन्दनगुठीका गुठियारको घरबाट शिव तथा पार्वती ल्याएर गोबरले लिपपोत गरी त्यहाँ मण्डल बनाई राखिन्छ। त्यसरी स्थापना गरेपछि कर्माचार्य पुजारीले पूजा गर्छन्। बाहिरको पूजा सिद्धिएपछि शिवपार्वतीलाई वत्सलेश्वरी मन्दिरमा भित्र्याएर संयुक्त रूपमा पूजा गरिन्छ। त्यसपछि पुनः बाहिर ल्याई पहिलेजस्तै गरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राखिन्छ। शिव-पार्वतीको उपस्थितिमा वत्सलेश्वरी मन्दिरको पश्चिममा रहेको जम्बूद्वीप मानिने चौकोरमा नौओटा मुढाहरू टाँड लाएर चिता बनाई धुनी जगाउने चलन छ। राति १२-१ बजेतिर इही नगरेका नौ जना डङ्गोल कन्याहरूलाई सिन्दूर तथा चन्दनगूठीको तर्फबाट कुमारीस्वरूप मानी पूजा गर्ने तथा चौरासी व्यञ्जन भोजन गराउने चलन छ। उक्त अवसरमा गणेश तथा कुमारस्वरूप एक एक जना कुमारलाई पनि पूजा गर्ने र चौरासी व्यञ्जन भोजन गराउने प्रथा रहिआएको छ। यसरी कुमारी तथा गणेश र कुमारलाई चौरासी व्यञ्जन भोजन गराउँदा जम्बूद्वीप अगाडि चौकोरमा नौओटा मुढाहरू टाँड लगाएर चिता बनाई जगाइएको धुनीमा दुईओटा निख्खर कालो बोकाको गर्दन पोली प्रसादको रूपमा समयबजीको साथमा कन्या तथा कुमारहरूका अतिरिक्त बाजा बजाउने कुसले, दमाईं एवं उपस्थित व्यक्तिहरूलाई बाँडिन्छ। कुमारी तथा गणेश र कुमारको पूजाको काम सकिएपछि बिहानको करिब पाँच बजेतिर वत्सलेश्वरीलाई जाँडले स्नान गराइन्छ। यसलाई नेवार भाषामा छाहायेकु भनिन्छ। छाहायेकु गर्दा अर्नाको सिङबाट अग्निकला, स्वं कला र गङ्गाजलको धारा लगाई स्नान गराइन्छ (मानन्धर, वि.सं. २०४८, पृ. ४)। त्यसपछि मन्दिरभित्र बसेर ध्वं गुठीका सबैभन्दा जेठो गुठीयारले स्यालजस्तो बनी तीन पटक स्यालको अनुकरण गरी कराउँछन्।

२.४.२.४ वत्सलेश्वरीको पूजाआजा तथा जात्रापर्व सञ्चालनको व्यवस्था

वत्सलेश्वरीको पूजाआजा तथा जात्रापर्व सञ्चालनका लागि वत्सलेश्वरी राजगुठीको व्यवस्था गरिएको छ। उक्त गुठीअन्तर्गत वत्सलेश्वरी सिन्दूरगूठी, वत्सलेश्वरी चन्दनगूठी र ध्वंगूठी रहेका छन्। यी गूठीहरूमध्ये सिन्दूरगूठी काठमाडौँका राजा जयप्रकाश मल्लले वि.सं. १८३७ चैत्रकृष्णप्रतिपदा सोमवारका दिन राखेको कुरा उनको पत्रबाट बुझिन्छ (टण्डन, वि.सं. २०५६, पृ. २८१)। त्यसका लागि यिनले १०० रोपनी जग्गा गुठी राखिदिएकोमा पछि राजा रणबहादुर शाहले सो गुठी थामिदिई परम्पराअनुरूप गुठी चलाउन वि.सं. १८५१ पौषशुक्लपञ्चमीका दिन (टण्डन, वि.सं. २०५६, पृ. २८८) तथा वि.सं. १८५३ मार्गकृष्णएकादशी शुक्रवारका दिन लालमोहर गरिदिएका थिए (टण्डन, वि.सं. २०५६, पृ. २९१)। वि.सं. १८५१ को लालमोहरमा जयप्रकाश मल्लले सिन्दूरगुठीका लागि १०० रोपनी जग्गा चढाएको उल्लेख छ भने वि.सं. १८५३ को लालमोहरमा १२० रोपनी जग्गा चढाएको उल्लेख छ। वत्सलेश्वरीको पूजाआजासँग सम्बद्ध अर्को गुठी छायगुठी पनि हो। यस गूठीअन्तर्गत प्रत्येक वर्ष चैत्रकृष्णअमावस्याका दिन वत्सलेश्वरीमा कर्माचार्यद्वारा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूजाआजा सम्पन्न हुन्छ। मूल पुजारीले यो गूठीको आम्दानी लिई यसअन्तर्गत गर्नुपर्ने काम गर्ने भए तापनि यसको जिम्मा उनले कुनै एक जना मूल भण्डारीलाई दिई चलाउँदै आएका छन्। मार्गकृष्णएकादशीको दिन वत्सलेश्वरीमा गरिने पूजाआजा बालागुठीसँग सम्वद्ध छ। वत्सलेश्वरीको मन्दिरमा कर्माचार्यद्वारा पूजाआजा, अन्नप्राशन आदि गरेपछि सद्वीजारोपण प्रारम्भ हुन्छ। पूजाआजा सकिएपछि यसै गुठीका तर्फबाट पशुपतिनाथ भण्डार तहविलको बिसेट नाइके, मूल भण्डारी र डङ्गोललाई भोज खुवाउनुपर्ने प्रचलन छ। मूल पुजारीअन्तर्गत भए पनि यो गूठीअन्तर्गत गरिने पूजाआजा कर्माचार्य, मूल भण्डारी र मोहीनाइकेको अग्रसरतामा सम्पन्न हुन्छ।

२.४.३ वज्रेश्वरीदेवी

वज्रेश्वरीदेवीको पीठ पशुपतिनाथको मन्दिरदेखि दक्षिणतर्फ हालको चक्रपथको पुलमुनि रहेको छ। यस स्थानलाई पिङ्गलास्थान भनिन्छ। पिङ्गल नामको पोडेले तपस्या गरी देवीको दर्शन पाएको र उसैले जात्राको प्रथा चलाएकाले वज्रेश्वरी रहेको सो स्थानलाई पिङ्गलस्थान भनिएको हुनुपर्छ। जनजिब्रोले पिङ्गलस्थान पनि भन्ने गरेको छ। वज्रेश्वरी महालक्ष्मी हुन्। वज्रेश्वरीको मूर्ति अरू तीनओटा मूर्तिहरूका साथ पश्चिमाभिमुख भएर रहेको छ। ढुङ्गाको तोरणमुनि ती तीनओटा मूर्तिहरू रहेका छन्। छातीभन्दा मुनिको भाग भुइँमा गाडिएको तथा मुखाकृतिबाट मात्र चिन्न गाह्रो भएकाले ती मूर्तिहरू कुन कुन देवताका हुन् निश्चयका साथ भन्न सकिँदैन तर स्थानीय व्यक्तिहरू वाराही, काली र भैरवका रूपमा तिनको पूजाआजा गर्छन्। देवपाटनका मानिसहरूको जनजीवनमा वज्रेश्वरीको ठूलो मान्यता छ। विभिन्न गूठीअन्तर्गत त्यहाँ पूजाआजा गरिन्छ। देवपाटनमा हुने देशोद्धारपूजाका मुख्य कार्यक्रमहरू सबै त्यहीँ हुन्छ। त्यसका साथै वज्रेश्वरीको पूजाआजा र आमन्त्रणपछि मात्र अन्य पीठहरूको पूजाआजा, जात्रापर्व गरिन्छ। ने.सं. ९२३ तदनुसार वि.सं १८६० माघकृष्णपञ्चमी शुक्रवारका दिन इन्दुलाछेटोलको न्हुछेननीको पश्चिमपट्टिको वैद्य महन्तसिंह भारोले पूर्ण वैद्य, जिजैनारायण भारो, वैद्य पुरन्दरसिंह भारोसँग मिली आफ्नी आमा पद्मावतीको नाममा एक जोडी पाटी बनाएको र वज्रेश्वरीको प्रीतिका लागि खेत र केही पैसा गुठी राखी सोही खेत र पैसाको आयस्ताले हरेक वर्ष वज्रेश्वरीको पूजाका लागि एक भाग छुट्याउने, पाटीको मर्मत गर्ने र बाँकी रहेको पैसाले गुठीयारले भोज गर्ने व्यवस्था बाँधेको कुरा पिङ्गनस्थानको दक्षिणपट्टिको पाटीको भित्तामा रहेको अभिलेखबाट थाहा हुन्छ (टण्डन, वि.सं. २०५६, पृ.३४२)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२.४.३.१ वज्रेश्वरीको उत्पत्तिसम्बन्धी अनुश्रुति

अघि प्राचीनकालमा पिङ्गल नाम गरेको पोडेले पशुपतिनाथको दक्षिण ढोकाबाट बाहिर आउन लागेकी एउटी सुन्दरी देवीलाई देख्यो । उनी को हुन् भन्ने कौतूहलले पछिपछि लागेर जाँदा हाल पिङ्गलटोल भनिने ठाउँमा वाग्वती नदीकिनारको श्मशानमा पुगेपछि नृत्य गर्न लागेका क्षेत्रपाल (भैरव)हरूलाई देख्यो । ऊ त्यहाँ पुग्नेबित्तिकै मध्यरात्रिको बिचमा नाच्ने भैरवहरू अलप भए, साथै पोडेको अघिअघि जाने देवी पनि त्यसै ठाउँमा पुगी हराइन् । यो दृश्य देखेर ती देवीको साक्षात्कार गर्न नपाएकोमा पिङ्गल पोडेलाई निकै खेद भयो । यी देवीको दर्शन नगरी छोड्दिनँ भन्ने सङ्कल्प गरी त्यसै ठाउँमा देवीको ध्यान गरी बस्न थाल्यो । संयोगवश धेरै दिन बितेपछि फाल्गुनकृष्णएकादशी मृगशिरा नक्षत्र मङ्गलवारका दिन धेरै देवीदेवता, भैरवहरू त्यहाँ भोज खान जम्मा भएछन् । देवीदेवता र भैरवहरूलाई भोजको भाग लगाउँदा जे पनि एक भाग बढी भएको देखी आश्चर्य मानी भोजको भाग लगाउनेले प्रश्न गर्दा वज्रेश्वरीले मेरो दर्शन पाउनाका लागि एउटा भक्त तपस्या गरी बसेको छ, त्यसैको भाग बढी भयो होला भनिन् । वज्रेश्वरीको यस्तो कुरा सुनी त्यो भक्तलाई पनि बोलाएर भोज खुवाउनुपर्‍यो भनी उसले तपस्या गरिरहेको ठाउँमा गई उसलाई बोलाएर उसको भाग जिम्मा लगाइयो । भोज समाप्त भएपछि वज्रेश्वरीले पिङ्गललाई तिमीले किन मेरो आराधना गर्‍यौ ? भनी सोधिन् । तब पिङ्गलले यस देशका चारै वर्णका साथमा हजुरलाई राखी रथारोहण गराई चैत्रकृष्णअमावस्याका दिन जात्रा गर्ने इच्छा छ, आज्ञा पाऊँ भनी हात जोडी वज्रेश्वरीसँग बिन्ती गर्‍यो । पिङ्गलको बिन्ती सुनेपछि देवीले म यो देवपत्तनमा महालक्ष्मीको रूपमा देशोद्धार गर्न बसेकी हुँ त्यसैले चार वर्णबाट मेरो आमन्त्रण र पूजा गरेपछि मात्र अन्य पीठदेवीहरूको यात्रा र पूजाको आरम्भ गर्नू, तिम्रो इच्छा पूरा हुनेछ भनिन् । वज्रेश्वरीबाट पिङ्गल नामक पोडेलाई सो आज्ञा भएकाले वज्रेश्वरीको पूजाआजा र आमन्त्रणपछि मात्र अन्य पीठहरूको पूजाआजा र जात्रापर्व गर्ने प्रचलन छ ।

२.४.४ भुवनेश्वरी

गौशालाबाट गौशाला महानगरीय प्रहरी प्रभागलाई दाहिने पारेर पशुपतिनाथ मन्दिर जाने बाटो हुँदै अगाडि बढ्ने क्रममा पहिलो चौबाटोदेखि थोरै अगाडि बढेपछि देब्रेपट्टि भुवनेश्वरी मन्दिर रहेको छ । भुवनेश्वरी दश महाविद्यामध्ये एक हुन् तथा पूर्वाम्नायकी नायिका हुन् । चार पाखे नेपाली मण्डप शैलीमा बनेको यो मन्दिर दुई तल्लाको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कलात्मक काठ तथा तेलिया इँटा प्रयोग गरी बनाइएको यस मन्दिरले प्राचीनताको झलक दिन्छ। भाषावंशावलीमा राजा धर्मदत्तले साम्राज्यको कामनाले फल्गुणकृष्णद्वितीया रविवारका दिन भुवनेश्वरीको प्रतिष्ठा गरेको उल्लेख पाइन्छ (पौडेल, वि.सं. २०२०, पृ. ८३)। भुवनेश्वरी मन्दिरको शिलास्तम्भमा भएको अभिलेखमा संस्कृत भाषामा *प्रद्युम्नप्राणस्य कीर्ति* अर्थात् *प्रद्युम्नप्राणको कीर्ति* भन्ने वाक्य रहेको छ (टण्डन, वि.सं. २०५६, पृ. ४१)। यस अभिलेखअनुसार प्रद्युम्नप्राण भन्ने व्यक्तिले भुवनेश्वरीमा कुनै कीर्ति राखेको थाहा पाइन्छ तर अभिलेखमा त्यसभन्दा बढी केही नभएकाले उनले राखेको कीर्ति के थियो भन्ने चाहिँ अनुमान गर्न गाह्रो परेको छ। वि.सं. २०३३ असोज ९ गते शनिवारका दिन भक्तदास श्रेष्ठले भुवनेश्वरी मन्दिरमा एउटा घण्टा चढाएको जानकारी भुवनेश्वरी मन्दिरको प्राङ्गणमा रहेको एउटा सानो घण्टाको अभिलेखबाट पाइन्छ (टण्डन, वि.सं. २०५६, पृ. ६७९)। त्यसैगरी वि.सं. २०४३ जेठ १० गते आइतवारका दिन सपरिवार भई पञ्चनारायण मानन्धरले भुवनेश्वरी मन्दिरमा घण्टा चढाएको कुरा भुवनेश्वरी मन्दिरको प्राङ्गणमा रहेको सोही घण्टाको अभिलेखबाट जानकारी प्राप्त हुन्छ (टण्डन, वि.सं. २०५६, पृ. ६८०)। हालको भुवनेश्वरी मन्दिर वि.सं २०४४ सालमा तात्कालिक युवराज दीपेन्द्र शाहको १८ औं जन्मोत्सवको अवसरमा तात्कालिक शाही नेपाली सेनाअन्तर्गत रहेको पायनियर गणद्वारा जीर्णोद्धार भएको थियो। यस मन्दिरका टुँडालहरूमा कामकलात्मक रतासन मूर्तिहरू रहेका छन्।

२.४.४.१ भुवनेश्वरीको नित्यनैमित्तिक पूजा

यस मन्दिरमा कर्माचार्य पुजारीले नित्य तथा नैमित्तिक पूजाआजा सञ्चालन गर्दछन्। भुवनेश्वरीका पुजारीले अष्टमातृका, वत्सलेश्वरी, कीर्तिमुख भैरव, उन्मत्त भैरव, स्वच्छन्द भैरव, सरस्वती र जयमङ्गलाको पनि नित्य पूजा र बेलुका आरती गर्नुपर्दछ। पशुपतिनाथमा प्रत्येक महिनाको पूर्णिमामा हुने महास्नान महाभोगपूजामा पूजा सामग्रीको एक भाग भुवनेश्वरीमा पठाउनुपर्ने चलन छ। पशुपतिक्षेत्रमा हुने धार्मिक कृत्य तथा जात्रापर्वहरूमा भुवनेश्वरी मन्दिरका तर्फबाट सहभागिता जनाइन्छ। वैशाख महिनामा यहाँ दमनारोहण (स्वाँ छाय) गरिन्छ। त्यस अवसरमा विभिन्न किसिमका फूलहरूलाई भुवनेश्वरीलाई चढाउने तथा बोको बलि दिने चलन छ। वैशाख शुक्लतृतीयाका दिन भुवनेश्वरी मन्दिरभित्र रहेको धातुको मूर्ति वनकालीपीठमा लगी पञ्चबलिसहित पूजा गर्ने चलन छ। त्यस अवसरमा सबै गुठीयार तथा रकमीहरूलाई देवीको प्रसादस्वरूप भोज खुवाइन्छ। जेठ महिनामा भुवनेश्वरी गुठीबाट विश्वरूपक्षेत्रको वनमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

देवाली गरिन्छ। उक्त देवाली पूजामा पुजारी एक, यजमान एक, ज्यापू एक र कपाली एकको सहभागिता रहन्छ। आषाढ महिनामा भुवनेश्वरी मन्दिरका तर्फबाट त्रिशूलयात्रा गरिन्छ। श्रावणकृष्णचतुर्दशीका दिन घण्टाकर्णलाई भोज खुवाउने चलन रहेको छ। भाद्रशुक्लएकादशीका दिन भुवनेश्वरी मन्दिरभित्र रहेको इन्द्रस्वरूप लिङ्गोलाई विधिपूर्वक स्थापना गरी पूर्णिमाका दिन पूजाआजाका साथ भोज तथा प्रसादविरणको आयोजना गरिन्छ। आश्विन महिनामा घटस्थापनाका दिनदेखि पूर्णिमासम्म शारदीय दुर्गामहोत्सव गरिन्छ। अष्टमीका दिन भक्तजनहरूको विशेष घुँइचो हुने गर्दछ। नवमीका दिन गुठीका तर्फबाट बोको बलि दिई पूजा गर्ने र गुठीयारहरूलाई भोज खुवाउने चलन छ र दशमीका दिन पञ्चकुमारीहरूलाई पूजा गरी भोजन गराउने र दक्षिणा दिने चलन छ। लक्ष्मीपूजाको दिन लक्ष्मीको विशेष पूजा गरिन्छ। कार्तिक महिनामा पर्ने ठूलो एकादशीमा रातमा भजनकीर्तन गरिन्छ। सबै किसिमका भुटेका अन्न, गेडागुडीहरू, मिठाइ तथा फलफूल देवीलाई चढाई उपस्थित भक्तजनहरूलाई प्रसादस्वरूप वितरण गरिन्छ। बालाचतुर्दशीका दिन भुवनेश्वरीको पर्वपूजापछि नासःननीमा भजनकीर्तन गरी नाट्येश्वरलाई भोग चढाई भोज खुवाउने चलन छ। माघशुक्लपूर्णिमामा भुवनेश्वरीको डबलीमा हवन गरिन्छ र हवनको कार्य सकिएपछि भुवनेश्वरीको पूजाआजा सम्पन्न गरिन्छ। फागुन महिनामा शिवरात्रिका दिन विशेष पर्वपूजा गरी कीर्तिमुख भैरवमा भोग दिई पूजा गरिन्छ। चैत्रकृष्णअष्टमीका दिन भुवनेश्वरीको नित्यपूजा गरिसकेपछि भोग पकाई पशुपतिनाथमा चढाइन्छ र बेलुका शिवलिङ्गलाई खटमा राखी भुवनेश्वरीका पुजारी एक जना, पशुपतिनाथका भट्ट एक जना, पालोवाला भण्डारी एक जनाका साथमा एक जनालाई ज्यापूलाई भोग बोक्न लगाई वत्सलेश्वरी जात्राका लागि सबै देवीदेवताहरूलाई निमन्त्रणा गर्न सहर परिक्रमा गरिन्छ। चैत्रकृष्णद्वादशीका दिन वज्रेश्वरीमा चार वर्णबाट गरिने पूजामा भुवनेश्वरीबाट भेलुपासहितको पूजा लैजाने चलन रहेको छ। भोलिपल्ट राति वज्रेश्वरीमा नौ जना कुमारी र दुई जना कुमारलाई भुवनेश्वरी गुठीका तर्फबाट पूजा गरी दक्षिणा दिने व्यवस्था रहेको छ। चैत्रकृष्णचतुर्दशीका दिन राति भालिञ्चा गुठीसहित भुवनेश्वरीबाट थुम्बा बलि दिई वत्सलेश्वरीमा अन्नप्राशन गरिन्छ। त्यसको भोलिपल्ट औंसीका दिन वत्सलेश्वरीको जात्रा भुवनेश्वरी क्षेत्रमा ल्याउँदा डबलीमा राखी पताका चढाउने गरिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२.४.५ जयवागीश्वरी

गौशालाबाट चक्रपथ हुँदै चाबहिलतर्फ जाँदा करिब एक सय मिटरको दूरीमा देब्रेपट्टि जयवागीश्वरीको मन्दिर रहेको छ। चारपाखे नेपाली मण्डपशैलीमा बनेको यो मन्दिर पश्चिमतर्फ फर्केको छ। वि.सं. २०७२ को भूकम्पका कारण क्षतिग्रस्त भएको सो मन्दिर हाल जीर्णोद्धार गरिँदैछ। गर्भगृहको उत्तरतर्फ भित्तामा भैरवको चित्र देख्न सकिन्छ भने दक्षिणतर्फ मातृकाका मूर्तिहरू छन्। नेपालमाहात्म्यका अनुसार जब शिव पशुपतिका रूपमा यहाँ रहन थाले तब सबै देवता र शिवगणहरू आआफ्ना स्थान छोडेर पशुपतिनाथको नजिक श्लेष्मान्तक वनमा रहन थाले। त्यसैक्रममा राढा (हालको बङ्गालक्षेत्रमा पर्ने कुनै स्थानविशेष)बाट कालिकादेवी यस उत्तम क्षेत्रमा बस्न थालिन् र जगवागीश्वरी नामले प्रसिद्ध भइन्। जसले यी देवीको भक्ति गर्दछन् तिनीहरूले परम गति प्राप्त गर्दछन् (नेपालमाहात्म्य, १।५१–५३)। ने.सं. ९२८ तदनुसार वि.सं. १८६४ आश्विनकृष्णत्रयोदशी सोमवारका दिन जयवागीश्वरीलाई प्रसन्न बनाई शिवानन्द वैद्य, विद्यानन्द वैद्य र मुक्तानन्द वैद्य यी तीन भाइ मिली शुभ फल प्राप्त होस् भन्ने कामनाले एउटा घण्टा चढाएको र सो घण्टा ने.सं. ९५० तदनुसार वि.सं. १८८६ कार्तिककृष्णसप्तमीका दिन जीर्णोद्धार गरेको जानकारी जयवागीश्वरी मन्दिरको अगाडि पेटीमुन्तिर दायाँपट्टि रहेको घण्टाको अभिलेखबाट प्राप्त हुन्छ (टण्डन, वि.सं. २०५६, पृ. ४६४)।

२.४.५.१ जयवागीश्वरीसम्बन्धी प्रचलित जनश्रुति

जयवागीश्वरीका विषयमा प्रचलित जनश्रुतिअनुसार परापूर्वकालमा देवपत्तनवासीहरू जिब्रो लर्बरिने र बोली स्पष्ट नहुने लठेब्राजस्ता थिए। यस्तो अवस्था देखी पशुपतिनाथका पुजारीले पशुपतिनाथको आगमघरमा बसी पशुपतिनाथको ध्यान गर्दा यस स्थानमा सरस्वतीको वास नभएकाले मानिसहरू यस्ता भएका हुन् त्यसैले यहाँदेखि उत्तर मानसरोवरक्षेत्रको सिंहलद्वीपको शिलानदीमा सरस्वती बस्छिन् तिनलाई यहाँ ल्याए सबै मानिस बोल्ने हुन्छन् भन्ने आकाशवाणी भयो। यसरी आकाशवाणी भएपछि यहाँका तान्त्रिकहरू त्यस ठाउँमा पुगी ध्यान गरी हेर्दा शिलानदीको बीचमा एउटा गोलो ढुङ्गामा विराजमान हुनुभएकी सरस्वतीको दर्शन पाए। पूजाआजा, ध्यान, स्तुति आदि गरी सरस्वतीलाई खुशी पारे। सरस्वती खुशी भई वर माग भनिन् तर अत्यन्त सुन्दरी सरस्वतीको रूप देखेर मोहित भएका तान्त्रिकहरूले केही भन्न सकेनन्। सरस्वतीले यो कुरा थाहा पाई उनीहरूको मोह भङ्ग गरिदिइन् र फेरि वर माग भनेपछि विनम्र भई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पशुपतिनाथको आज्ञाले हामी हजुरलाई लिन आएका हौँ, सवारी भई हामीलाई कृपा गरिबक्सनुपर्‍यो भनी प्रार्थना गरे। उनीहरूको प्रार्थना सुनेपछि यही रूपमा मैले जानु हुन्न, तिमीहरू त्यहाँ पुगी आह्वान गर, म भमराको रूपमा आउँछु, मलाई नित्य स्नान गर्न शिलानदीको जल चाहिन्छ र मेरो आसन पनि यही शिलाको हुनुपर्छ, यही शिलामा बसी म यहीँको जलले स्नान गर्छु भनी सरस्वतीले भनिन् र उनी त्यहीँ अन्तर्ध्यान भइन्। तान्त्रिकहरू फेरि यहाँ आई ध्यान गर्दा तिमीहरूले यहाँबाट उत्तरपट्टिको पहाड खनी हेर त्यहीँ शिलानदीको जल र आसन भएको शिला भेटिनेछ भनी आकाशवाणी भयो। यसरी आकाशवाणी भएबमोजिम खनेर हेर्दा जहाँ खने पनि पानी नै पानी भएकाले खुशी भई त्यो पानीलाई ड्डुंड बनाई चावहिलको बाटो हुँदै हालको जयवागेश्वरी मन्दिरको उत्तरपट्टि ल्याई सुन्धारा बनाए। आसनको ढुङ्गा पनि त्यहीँ आइपुग्यो। यसरी पानी र आसनको व्यवस्था भएपछि विधिपूर्वक सरस्वतीको आह्वान गरी कलशमा राखी स्थापना गरियो। यसरी सरस्वतीको प्रतिष्ठा गरेर प्रसाद ग्रहण गरेपछि देवपत्तनका मानिसहरूको बोलिचालीमा सुधार आयो, लाटो लठेब्रो भएनन्।

२.४.५.२ जयवागीश्वरीको प्रतिष्ठासम्बन्धी देवमालावंशावलीको प्रसङ्ग

देवमालावंशावलीको कथनअनुसार नेपालमण्डलमा पशुपतिनाथ र गुह्येश्वरी प्रकट भएपछि द्वापरयुगमा जयवागीश्वरी मानसरोवरबाट शिला नदी तरी नेपालमा प्राप्त भएकी हुन्। यिनको मन्दिर मूर्ति केही थिएन, गुप्तरूपले पूजा गर्ने पीठमात्र थियो। राजा शिवदेवका पालामा रवलनामक सहर बसाई जयवागीश्वरीको नित्यार्चन गराएका थिए। पछि सपनतीर्थमा स्नान गरी आउने एक जना योगी जो आफूलाई दुर्वासा ऋषिको अंश हुँ भन्दथे उनैको सम्मति लिई जयवागेश्वरीको चञ्चल मूर्तिलाई स्थिर गरी बडो कष्टसँग रहस्यमूर्ति बनाएर जगवागीश्वरीको चित्र बनाई जीवन्यासपूर्वक जगाई प्राणप्रतिष्ठा गरे। उत्तर भागमा चञ्चलमूर्ति भैरवलाई स्थिर गरी आचार्यहरूलाई पुजारी नियुक्त गरिदिए। पछि अंशुवर्माले प्रतिवर्ष चित्र बनाउन मुस्किल हुने भएकाले प्रत्येक बाह्र वर्षमा चित्र बनाउने रीत बसाए (देवमालावंशावली, वि.सं. २०१३, पृ. ३३–३४)।

२.४.५.३ जयवागीश्वरीको नित्यनैमित्तिक पूजा

जयवागीश्वरीको नित्यनैमित्तिक पूजाआजा सञ्चालनका लागि जयवागीश्वरी भण्डार तहबिल कार्यालयको स्थापना गरिएको छ। त्यहाँ नित्यनैमित्तिक पूजाआजा सम्पन्न गर्न चार जना कर्माचार्य पुजारीको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

व्यवस्था गरिएको छ। प्रत्येक महिना यिनीहरूको पालो फेरिन्छ। जयवागीश्वरीमा पूजा गर्ने पुजारीले पशुपति अमालकोटमा रहेको तलेजु भवानीको पनि पूजा गर्ने प्रचलन रहेकाले त्यहाँ नित्य पूजा गर्ने कार्य पनि जयवागीश्वरीका पुजारी कर्माचार्यकै जिम्मेवारीअन्तर्गत रहेको छ। यसबापत त्यहाँ पूजा गर्ने पुजारीले पशुपति अमालकोट कचहरीबाट पारिश्रमिक पाउँदै आएका छन्। वैशाखशुक्लवनमीका दिन जयवागीश्वरीमा दमनारोहणपूजा गरिन्छ। वैशाखशुक्लपूर्णिमाका दिन वर्षवर्धनपूजा गरिन्छ। त्यस अवसरमा हवन आदि कार्य हुन्छ र भेडा बलि दिई पूजा सम्पन्न गरिन्छ। सोही अवसरमा अठार जना कन्याकुमारीहरूलाई पूजा गरी उनीहरूलाई भोजन र दक्षिणा दिइन्छ। आषाढकृष्णअष्टमीका दिन हुने त्रिशूलजात्रामा जयवागीश्वरी मन्दिरका तर्फबाट पनि पूजा हुने र खट निकाल्ने गरिएको छ। श्रावणशुक्लनवमीमा यहाँ पवित्रारोहण गरिन्छ भने मार्गशुक्लनवमीका दिन नवदुर्गा भवानीको विधिपूर्वक पूजा गरी भक्तपुर बोडेको नवदुर्गा नाच ल्याएर मूल डबलीमा रातभरि नवदुर्गा नाच नचाइन्छ। मार्गशुक्लत्रयोदशीका दिन देवीलाई अञ्जली चढाउने पूजाका रूपमा दाज्यपर्व मनाइन्छ। त्यस अवसरमा जयवागीश्वरीको पूजा र अञ्जली समर्पणपछि गुठीयारहरूलाई भोज खुवाउने चलन छ। पौषशुक्लद्वादशी र पूर्णिमाका दिन निशार्चनसहित हवन गरिन्छ। पौषशुक्लत्रयोदशीका दिनदेखि एक महिनासम्म बिहान मकलमा आगो राखी देवीलाई आगो तपाइन्छ भने चैत्रकृष्णचर्तुदशीमा विशेष पूजा हुने गर्दछ।

जयवागीश्वरीको कलेवर बदल्ने कार्य प्रत्येक बाह्र वर्षमा हुन्छ। उक्त अवसरमा जयवागीश्वरीको प्रथम प्रतिष्ठा गर्ने वेलामा गरिएको जस्तै विधिविधान पूरा गर्नुपर्दछ। जसअनुसार जयवागीश्वरी मन्दिरको उत्तरपट्टि केही पर रहेको अन्यत्र कतै नभेटिने हात्तीको टाउको जोडिनुभन्दा अगाडिको गणेशजीको विघ्नेश्वर स्वरूपको मूर्तिमा मध्यरातमा सर्वप्रथम पूजा गरी वाग्वतीमा आई करवीरका पातहरू बगाउनुपर्दछ। त्यसरी बगाएको पातको पछिपछि आई आर्यघाटमा आइपुगेपछि अघि बगाएको त्यही पात समाई कलशमा राखेर तान्त्रिक पद्धतिअनुसार आवाहन र पूजा गरी हाल मन्दिर भएकै ठाउँमा यज्ञ गरी कन्याकुमारीलाई भोजन गराउनुपर्दछ। यो परम्परा राजा अंशुवर्माले चलाएको कथन देवमालावंशावलीमा पाइन्छ (देवमालावंशावली, वि.सं. २०१३, पृ. ३४)।

२.४.६ वनकाली

गौशालामा रहेको प्रहरी चौकीलाई देब्रे पारेर सो कार्यालयसँगै जोडिएको बाटो हुँदै पशुपतिनाथ मन्दिरतिर जाने क्रममा देब्रेपट्टि अलिकति

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भित्र वनमा वनकालीको मन्दिर रहेको छ। वनमा रहेकीले यी देवीलाई वनकाली भनिएको हो। देवमालावंशावलीमा सूर्यवंशी राजा शिवदेवले देउपाटनको दक्षिण भागमा वनकाली प्रकट गर्ने इच्छाले वनकालीको मूर्ति स्थापना गरी प्रकट गरेको उल्लेख पाइन्छ (देवमालावंशावली, वि.सं. २०१३, पृ. ३६)। यहाँ हाल कुनै छाना नभएको खुल्ला मन्दिरमा चामुण्डाको ढुङ्गाको मूर्ति रहेको छ। मूर्तिमाथि ढुङ्गाको सानो तोरण छ जसको तल्लो भागमा दायाँपट्टि गणेशको मूर्ति र बायाँपट्टि कुमारीको मूर्ति रहेको छ। मन्दिरको वाहिर आँगनमा भैरवरूपको एउटा विशाल शिला छ जसलाई चारैतिरबाट घेरिएको छ। त्यहाँ एउटा शिलालेख प्राप्त भएको छ। उक्त शिलालेखमा आफ्ना पतिको पुण्यवृद्धि तथा आफ्नो क्लेश क्षयका लागि अंशुवर्माकी पत्नीले मन्दिर बनाउन लगाएको र उनैको अनुग्रहबाट अमृत वर्माले राम्रो भित्ता भएको गोलाकार मन्दिर बनाएको विवरण छ (टण्डन, वि.सं. २०५६, पृ. २१)। वि.सं २०१५ कार्तिकमा राजा महेन्द्रले वनकाली भगवतीको प्रीति गरी वनकाली मन्दिर, पर्खाल, क्याम्प सबै पुनर्निर्माण गरेको जानकारी वनकालीस्थित धर्मशालाको भित्तामा रहेको अभिलेखबाट प्राप्त हुन्छ (टण्डन, वि.सं. २०५६, पृ. ६६९)। वनकालीमा नित्यपूजा गर्ने जिम्मा कर्माचार्य पुजारीको रहेको छ। वैशाखशुक्लतृतीयाका दिन दुईओटा राँगो र दुईओटा बोका बलि दिई पर्वपूजा गर्ने चलन रहेको छ (मानन्धर, वि.सं. २०४८, पृ. ३४)।

२.४.७ राजराजेश्वरी

पशुपतिनाथ मन्दिरदेखि केही दक्षिण वाग्वती नदीको किनारमा राजराजेश्वरीको उत्तराभिमुख मन्दिर रहेको छ। राजराजेश्वरी मन्दिर रहेकाले यस घाटलाई राजराजेश्वरीघाट भनिन्छ। राजराजेश्वरी मन्दिर चार पाखे छाना भएको र नेपाली मण्डपशैलीको छ। नेपालमाहात्म्यमा शिव पशुपतिका रूपमा यस क्षेत्रमा रहन थालेपछि जब सबै देवीदेवताहरू आआफ्नो स्थान छोडेर यहाँ आए तब राजराजेश्वरी त्रिपुराबाट यहाँ आइन् भनिएको छ (नेपालमाहात्म्य, १। ५५कख)। यहाँ मन्दिरको स्थापना ने.सं. ५२८ (वि.सं. १४६४) माघकृष्णअष्टमी रविवारका दिन जयधर्म मल्ल र जयज्योतिर् मल्लका पालामा भएको कुरा सोही मन्दिरको पेटीमा रहेको अभिलेखबाट थाहा पाइन्छ (टण्डन, वि.सं. २०५६, पृ. ५३)। राजा रत्न मल्लले नुवाकोटे वैश्य ठकुरीहरूलाई आफ्नो नियन्त्रणमा लिई राजराजेश्वरीको मन्दिरमा चित्रकारी कर्म गराएको कुरा भाषावंशावलीमा उल्लेख गरिएको छ (लंसाल, वि.सं. २०२३, पृ. ५२)। अहिले पनि राजराजेश्वरी मन्दिरमा स्थापित नवदुर्गाको मूर्तिमा बाह्र बाह्र वर्षमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu
चित्रकारी गर्ने गरिएको छ। वि.सं. १९३९ भाद्रकृष्णअष्टमी मङ्गलवारका दिन राजराजेश्वरीको प्रीतिका लागि जङ्गबहादुर राणाका माहिला छोरा जितजङ्ग राणाले पत्नी एवम् परिवारसहित भई सुनको तोरण, ढोका, झ्याल, कार्नेस चढाएको कुरा राजराजेश्वरी मन्दिरको उत्तरतिरको छानाको झल्लरमा भएको अभिलेखबाट थाहा पाइन्छ (टण्डन, वि.सं. २०५६, पृ. ५९४)। त्यसैगरी उनले वि.सं. १९४१ कार्तिककृष्णअष्टमी आइतवारका दिन पत्नी एवम् परिवारले सहित भई राजराजेश्वरीको प्रीतिका लागि सुनको छाना र गजुर चढाएको कुरा पश्चिमतर्फको छानाको झल्लरमा भएको अभिलेखबाट थाहा हुन्छ (टण्डन, वि.सं. २०५६, पृ. ५९८)।

राजराजेश्वरीमा नित्य तथा नैमित्तिक पूजा कर्माचार्य पुजारीद्वारा सम्पन्न हुन्छ। प्रत्येक महिंनाको पूर्णिमाका दिन हुने पशुपतिनाथको महास्नान महाभोग पूजाका अवसरमा यस मन्दिरमा पशुपति गुठी गोश्वाराका तर्फबाट हंसबलिसहित पूजा गर्ने परम्परा छ (ढकाल र थापा, वि.सं. २०७७, पृ. ५३७)। श्रावणशुक्लचतुर्दशीका दिन राजराजेश्वरी मन्दिरमा पवित्रारोहण गर्ने परम्परा छ। शारदीय नवरात्रमा यहाँ विशेष पूजा गरिन्छ। त्यस अवसरमा पशुपतिनाथका भट्टहरू राजराजेश्वरीको दर्शनका लागि आउँछन्। प्रत्येक वर्ष मार्गशुक्लनवमीका दिन भक्तपुरबाट ल्याइने नवदुर्गा नाच यस मन्दिरको उत्तरमा रहेको नवदुर्गाचोकमा नचाइन्छ (ढकाल र थापा, वि.सं. २०७७, पृ. ५३८)।

२.४.८ कामकामेश्वरी

कामकामेश्वरी मन्दिर पशुपतिक्षेत्रअन्तर्गत मृगस्थलीक्षेत्र तथा श्लेष्मान्तक वनको माझमा रहेको छ। उक्त मन्दिरलाई सर्वसाधारण मानिसहरू विश्वरूप मन्दिर भनेर चिन्दछन्। वि.सं. १९१२ मा भोटसँगको युद्धमा नेपालको विजय होस् तथा धनजनको धेरै क्षति नहोस् भनी भोट जाने मार्गमा फेला परेको ठूलो शिलालाई भैरवको रूप मानी इच्छा पूरा भएको खण्डमा काठमाडौँमा लगी स्थापना गर्ने भाकल जङ्गबहादुर राणाले गरेका थिए। पछि उक्त शिलालाई काठमाडौँमा ल्याइयो र मृगस्थलीको वनमा राखी भैरव मानी पूजाआजा गर्न थालियो। यो मूर्ति कामकामेश्वरी मन्दिरको उत्तरतर्फ अवस्थित छ जसलाई वनभैरव भनिन्छ। कामकामेश्वरी मन्दिरभन्दा पहिले नै यो भैरवको स्थापना भएको थियो। हरेक अष्टमी तिथिमा यहाँ विशेष पूजाआराधना हुने गर्दछ। राजा प्रताप मल्लले निर्माण गरेको कामेश्वरकामेश्वरीको ढलोटको मूर्ति हनूमान्ढोका दरबारभित्र लामो समयसम्म यत्तिकै छिँडीमा रहेको देखी जङ्गबहादुरले यो मूर्तिलाई मृगस्थलीमा रहेको भैरवको प्राङ्गणमा मन्दिर बनाई स्थापना गर्ने निधो गरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu
मन्दिर बनाउन सुरु गरेका थिए। वि.सं. १९२० मा यो मन्दिरको निर्माण पूरा भएको थियो। कोटीहोमसमेत गरी जङ्गबहादुरले दुनियाँको उद्धार होस् भनी यो मूर्तिको प्रतिष्ठा गरी स्थापना गरेका थिए। शिवशक्तिको तान्त्रिक स्वरूप कामेश्वरकामेश्वरी हुन्। कामकलाको तुरीय अवस्थामा पुगेपछि शिवशक्तिलाई कामेश्वरकामेश्वरी भनिन्छ। नेपालका बौद्धहरू यस मूर्तिलाई चक्रशंवरको मूर्ति मान्दछन् भनी संस्कृतिविद् जगमान गुरुङ बताउनु हुन्छ (उहाँसँगको कुराकानीका क्रममा प्राप्त जानकारी)। यहाँ प्रस्तरमा कुँदिएको श्रीयन्त्र पनि छ जसमा तान्त्रिक विधिबाट पूजा गर्ने गरिन्छ। वि.सं. २०७२ को महाभूकम्पले यो मन्दिर धराशायी भएकाले कामेश्वरकामेश्वरीको मूर्ति उपेक्षित रूपमा त्यसै भूइँमा रहेको छ। वि.सं. १९२४ फाल्गुणशुक्लचतुर्दशी शनिवारका दिन जङ्गबहादुर राणाले कामकामेश्वरको प्रीतिका लागि २१४ धार्नीको एउटा घण्टा चढाएको जानकारी सोही मन्दिरको पेटीको बायाँतर्फ रहेको घण्टाको अभिलेखबाट प्राप्त हुन्छ (टण्डन, वि.सं. २०५६, पृ. ५५४)। सोही दिन उनले २१७ धार्नीको अर्को घण्टा पनि चढाएको जानकारी सोही मन्दिरको पेटीको दायाँतर्फ रहेको घण्टाको अभिलेखबाट प्राप्त हुन्छ (टण्डन, वि.सं. २०५६, पृ. ५५४)।

२.४.९ जयमङ्गला

वत्सलेश्वरी मन्दिरको दक्षिणतर्फ जयमङ्गलाको मन्दिर रहेको छ। यसलाई मङ्गलागौरी नामले पनि सम्बोधन गर्ने गरेको पाइन्छ। अष्टदलकमलको आसनमाथि ललितासनमा देवी आसीन छिन्। देवीका आठ हात छन्। देवीले पारदर्शक धोती लगाएकी छिन्। धोतीलाई कम्मरबन्धले अड्याइएको छ। खुट्टामा मोटो कल्ली र नाडीमा चुरीको प्रयोग पाइन्छ। उन्नत एवं गोलाकार स्तन छन्। टाउकोमा तीन चोसे मुकुट छ। देवीले कानमा कुण्डल धारण गरेकी छिन्। देवीको पारदर्शक धोती कमलासनमा खसेको छ। कमलासनको मुन्तिर पादपीठमा देब्रेपट्टि एउटा लघु मूर्ति अञ्जलिमुद्रामा छ। जयमङ्गलाका दायाँबायाँ र तलमाथि दुई दुईओटा अन्य देवीमूर्तिहरू छन्। त्रिशूलजात्राको अवसरमा यस मन्दिरभित्रबाट एउटा बच्चा बाहिर निकाल्ने चलन रहेको छ। यो प्रचलनले यस पीठको प्राचीनताको सङ्केत दिन्छ। यस मन्दिरभित्र जयमङ्गलाको पश्चिमतर्फ उभिएको सारै राम्रो र आकर्षक यमुनाको यमुनाको हो। यमुना पुराणमा वर्णित अति प्रसिद्ध एवम् पवित्र नदी हुन्। कछुवा वाहन भएकी यमुनाले हातको नाडीमा चारओटा चुरा लगाइएकी छिन्, पाखुरामा बुट्टे कङ्कण छ, कानमा फूलबुट्टे कुण्डल तथा घाँटीमा चार डोरे कण्ठहार लगाएकी छिन्। यमुनाले अर्धचन्द्राकार घेरामा बुट्टाहरूले सजिएको तीन बुट्टे

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मुकुट पहिरेकी छिन् । खुट्टामा औँलाको माथिल्लो भागसम्म आउने गरी बाक्लो पाउजेब लगाएकी छिन् ।

२.४.१० शीतलादेवी

पशुपतिनाथ मन्दिरको आग्नेय कोणमा कीर्तिमुख भैरवको दक्षिणतिर तले शैलीको करिब छ फिट अग्लो एउटा सानो मन्दिर छ जहाँ शीतलादेवी प्रतिष्ठापित छिन् । केटाकेटीहरूलाई रोगव्याधिबाट रक्षाका लागि शीतलाको पूजाआजा गर्ने चलन नेपाली समाजमा रहेको छ। प्रत्येक वर्ष चैत्रकृष्ण अष्टिमीमा यहाँ शीतलादेवीको विशेष पूजाअर्चना गरिन्छ। उक्त तिथि शीतला अष्टमीका नामले प्रसिद्ध छ । नेपालमा रहेका मारवाडी समुदायका महिलाहरूले यहाँ आई जल, बेसार तथा मिठाइ आदि चढाएर शीतलाको पूजाअर्चना गर्ने गरेको देखिन्छ । शीतलादेवी गधामाथि बसेकी छिन् । उनले देब्रे काखमा बच्चा राखेकी छिन् तर बच्चाको आकृति भने हाल खण्डित भएको छ । शीतलाले दाहिने हातले कुचो समाएकी छिन् तथा गलामा हार र शिरमा मुकुट धारण गरेकी छिन् । शीतलादेवीको यो मूर्ति मध्यकालतिर निर्माण भएको हुन सक्ने धारणा व्यक्त भएको छ (ढकाल र थापा, वि.सं. २०७७, पृ. ६३) ।

२.४.११ सरस्वती

वत्सलेश्वरी प्राङ्गणको दक्षिणपश्चिम कुनामा एउटा सानो देवल र त्यसभित्र एउटा देवीमूर्ति रहेको छ । देवलमा सरस्वती भनेर लेखिएको छ तर ती देवी विद्याकी देवी सरस्वती नभएर पुराणमा वर्णित गुप्तनदी सरस्वती हुन् । सरस्वती नदीको चित्रण कलाकारले बडो सुन्दर ढङ्गले गरेका छन् । सरस्वतीलाई नवयौवनसम्पन्न बनाइएको छ । हातखुट्टा सुडौल छन् । उन्नत स्तन र बारुले कम्मर छन् । दुवै नाडीमा कङ्कण छन् । पारदर्शक धोती सपक्क लगाएको देखिन्छ। धोतीलाई आकर्षक बुट्टे कम्मरबन्धले अड्याएको छ । कानमा फुलपुट्टे गहना छन् । मुकुट तीन चोसे छ । फक्रेको कमलमाथि उभिएको रूपमा चित्रण गरिएको यस मूर्तिको दाहिने हातमा पद्मबीज छ र सो हात नालसहितको कमलको फूलमा अड्याएको देखिन्छ । देब्रेपट्टिको हात कम्मरमा छ ।

२.४.१२ अन्नपूर्णा

पशुपतिनाथ मन्दिरको उत्तरपट्टि अग्लो त्रिशूलको पश्चिममा पश्चिमाभिमुख अन्नपूर्णाको एउटा मूर्ति छ । यो मूर्तिका स्थापना ने.सं. ७९३ तदनुसार वि.सं. १७२९ कार्तिक पूर्णिमाका दिन पशुपति प्रीति गरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णवती नामकी एक जना महिलाले गरेकी हुन् भन्ने कुरा यो मूर्तिको पादपीठमा उट्टङ्कित अभिलेखबाट थाहा हुन्छ (टण्डन, वि.सं. २०५६, पृ. २०५)। अन्नपूर्णाका दुई हात छन्। अन्नपूर्णाले मुकुट लगाएकी छिन्। घाँटीमा घुँडासम्म आउने माला छ। शरीरको तल्लो भागमा पातलो धोती लगाएको देखिन्छ। पूरै मूर्ति ढाक्ने गरी ज्वालावली दिइएको छ।

माथि वर्णित अन्नपूर्णाका अतिरिक्त पशुपतिनाथ मन्दिरको पश्चिममा बाहिरी प्राङ्गणको पश्चिमपट्टि मूल सडकदेखि पश्चिमतर्फ जगवागीश्वरी जाने बाटोको उत्तरछेउमा रहेको अन्नपूर्ण अखण्ड भण्डार आश्रमको भित्री भागमा अन्नपूर्णादेवीको मूर्ति छ। उक्त मूर्तिमा देवी अन्नपूर्णाले शिवजीलाई केही दिइरहेको देखिन्छ। सोही आश्रमको मूल प्रवेशद्वारको अगाडिको भित्तामा दशमहाविद्याका प्रतिमाहरू पनि स्थापना गरिएका छन्।

२.४.१३ बालकुमारी

भुवनेश्वरी मन्दिरको दक्षिणमा रहेको ढुङ्गा छापेको बाटो हुँदै जयवागीश्वरीतर्फ लाग्दा केही पर पुगेपछि बाटोको देब्रेपट्टि बालकुमारी मन्दिर रहेको छ। मन्दिरमा मयूरमाथि सुखासनमा बसेकी चारहाते बालकुमारीको मूर्ति रहेको छ। बालकुमारीले चार हातमा रुद्राक्ष, कपालपात्र, मयूरको प्वाँख र अभयमुद्रा धारण गरेकी छिन्। बालकुमारीले भव्य मुकुट र काँधसम्म लत्रिएको कुण्डल धारण गरेकी छिन्। बालकुमारी मन्दिरको गर्भगृहभित्र बालकुमारीका अतिरिक्त दुर्गा, विष्णु, गणेश र अन्य देवीदेवताका मूर्तिहरू रहेका छन्।

२.४.१४ भ्रुङ्केश्वरी

शङ्कराचार्य मठदेखि केही पूर्वपट्टि अलिकति तल जमिनको सतहभन्दा केही मुनि भ्रुङ्केश्वरी पीठ रहेको छ। उक्त पीठ अत्यन्त उग्र भएकोले शङ्कराचार्यको नेपाल आगमन हुँदा उक्त पीठलाई मन्त्रबलले छोपेर राखिएको छ भन्ने जनश्रुति पाइन्छ। मल्लकालका राजाहरूले आफ्नो विरुदावलीमा भ्रुङ्केश्वरीलब्धवरप्रसाद भन्ने लेखाउने गरेको देखिएकोले त्यतिखेर भ्रुङ्केश्वरी पीठको महत्त्व व्यापक थियो भन्ने देखिन्छ तर अहिले सो पीठमा मूर्ति नभएको र सानो खोपोजस्तो रहेकोले साधारण जनतालाई त्यहाँ कुनै शक्तिपीठ छ भन्ने पनि जानकारी नभएको अवस्था छ। पशुपतिनाथ क्षेत्रका प्राचीन प्रमुख नौ शक्तिपीठहरूमा गणना हुने भ्रुङ्केश्वरीका विषयमा प्रचारप्रसार गर्न पशुपतिक्षेत्र विकास कोषले कार्य गर्नुपर्ने देखिन्छ। भ्रुङ्केश्वरीलाई दशमहाविद्यामध्येकी छिन्नमस्ताका रूपमा पुज्ने गरिएको बुढापाकाहरू बताउँछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२.४.१५ कोटीश्वरी

स्थानीय मानिसहरू पनि कोटीश्वरीपीठका विषयमा अनभिज्ञ छन्। कोटीश्वरीपीठका विषयमा जिज्ञासा राख्दा जयवागीश्वरीका सेवानिवृत्त पुजारी मृत्युञ्जय कर्माचार्यले आर्यघाट जाने बाटोको दाहिनेपट्टि रहेको वृद्धाश्रमको दक्षिणपश्चिममा अलिकति गहिरो स्थानमा सो पीठ रहेको बताउनु भयो (मृत्युञ्जय कर्माचार्यसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी) तर मैले उक्त पीठको खोजी भने गर्न सकिनँ। मृत्युञ्जय कर्माचार्यका अनुसार कोटीश्वरीमा पूजा गर्ने जिम्मा मानन्धरले पाएका छन्। विशेष पर्वपूजामा बालागुठीका तर्फबाट खर्च आउने गरेको छ (मृत्युञ्जय कर्माचार्यसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी)।

२.४.१६ मानेश्वरी

जयवागेश्वरी मन्दिरदेखि अलिकति उत्तरपूर्वमा मूल बाटोको देब्रेपट्टि मच्छिन्द्रगणेशको मन्दिरपछाडिको घरमा इष्टदेवीका रूपमा मानेश्वरी स्थापित छिन् भन्ने जानकारी जयवागीश्वरीका सेवानिवृत्त पुजारी मृत्युञ्जय कर्माचार्यले बताउनुभएको छ (अन्तर्वार्ताका क्रममा प्राप्त जानकारी)।

२.४.१७ मनकामना

मृगस्थलीस्थित गोरखनाथ मन्दिरको दक्षिणपट्टि मनकामना मन्दिर रहेको छ। यस मन्दिरमा गोरखनाथमठका पुजारीले नित्य पूजा गर्दछन्। मन्दिर दिनभरि खुला हुन्छ र दर्शनार्थीहरू आउने जाने क्रम दिनभरि नै चलिरहन्छ। मन्दिरको अगाडि टेबलमा घिउको बत्ती राखिएको हुन्छ। आस्थावान् भक्तजनहरूले बत्ती बाल्ने र दर्शन गर्ने कार्य गर्दछन्। वि.सं. २०३० शिवरात्रिका दिन काठमाडौं इन्द्रचोक बस्ने वनवारीलाल सोहनलालले यस मन्दिरको जिर्णोद्धार गरेको जानकारी सोही मन्दिरको बाहिरी भित्तामा सङ्गमर्मरमा लेखिएको अभिलेखबाट पाइन्छ (हेर्नुहोस्, परिशिष्ट, १(ध))

२.४.१८ गोरखकाली

मनकामना मन्दिरको छेवैमा दक्षिणपश्चिम दिशामा सिमेन्टले बनेको सानो देवल छ। सो देवलमा गोरखकालीको मूर्ति प्रतिष्ठापित छ। त्यहाँ पनि गोरखनाथ मठका पुजारीले नै नित्यपूजा गर्दछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२.४.१९ गङ्गामाई

आर्यघाटबाट पशुपतिनाथ मन्दिरमा उक्लने सिँढीको देब्रेपट्टि गङ्गामाईको मन्दिर रहेको छ। यस मन्दिरको गजुरमा मेरूप्रस्तार श्रीयन्त्र राखिएको छ। पशुपतिनाथ मन्दिरको दक्षिणपूर्वमा रहेको मुक्तिमण्डपको अगाडिको पर्खालबाट श्रद्धालु भक्तजनहरू यस मन्दिरको गजुरमा रहेको श्रीयन्त्रमा अड्याउने उद्देश्यले ढ्याक रूपैयाँ फ्याँक्ने गर्दछन्।

२.४.२० गौरी

गौरीघाट चोकबाट किरातेश्वर मन्दिर जाने पुलको मुनि वाग्वतीनदीको वारिपट्टि किनारमा ठूलो शिला छ। सोही शिलालाई गौरी मानेर पुज्ने गरिएको छ। गौरीले स्नान गरेको घाट भएकाले सो ठाउँले गौरीघाट भन्ने संज्ञा प्राप्त गरेको छ। शिवले मृग रूप लिएर मृगस्थलीमा विचरण गरेको समयमा पार्वतीले यही स्थानमा वाग्वतीमा नित्य स्नान गरी तपस्या गरेकी थिइन् भन्ने विश्वासले सो शिलालाई गौरी अथवा पार्वती मानेर भक्तजनहरू पूजा गर्दछन्। यहाँ विशेषगरी पौषशुक्लपूर्णिमादेखि माघशुक्लपूर्णिमासम्म श्रीस्वस्थानीको व्रतका अवसरमा भक्तजनहरूको आवतजावत हुने गर्दछ। वि.सं. १९४४ फाल्गुणशुक्लपूर्णिमा शुक्रवारका दिन बृगेडियर कर्णेल दलभञ्जन थापाकी जेठी मुख्यानी विष्णुभक्त कुमारीले गौरीको प्रीतिका लागि पचास धार्नीको एउटा घण्टा चढाएको कुरा सोही घण्टाको अभिलेखबाट जानकारी प्राप्त हुन्छ (हेर्नुहोस्, परिशिष्ट, १(न))।

२.४.२१ मङ्गलागौरी

गौशालामा रहेको प्रहरी चौकीलाई देब्रे पारेर वनकाली भगवतीको मन्दिरतर्फ लाग्दा अलिकति पर पुगेपछि दाहिनेपट्टि मङ्गलागौरीको मन्दिर रहेको छ। सोही प्राङ्गणमा गोरखनाथको मन्दिर पनि रहेको छ। चक्रपथ निर्माण गर्ने क्रममा सडकमा परेकाले वि.सं. २०३३ मा सडक विभागले मन्दिरको पुनर्निर्माण गरी सो स्थानमा राखेको कुरा मङ्गलागौरी मन्दिरकै प्राङ्गणमा रहेको गोरखनाथ मन्दिरको अभिलेखबाट थाहा पाइन्छ (टण्डन, वि.सं. २०५६, पृ. ६७८)। मङ्गलागौरीका रूपमा पूजित शिला वि.सं. २०१२ तिर डोटीबाट मङ्गलवार मङ्गलवार मात्रै कन्या कुमारहरूबाट बोकाएर काठमाडौं ल्याई पशुपतिनाथलाई महास्नान गराउने स्थानअगाडि स्थापना गरिएको थियो (मानन्धर, वि.सं. २०४८, पृ. ३७)। पछि वि.सं. २०१७ मा हाल चक्रपथ रहेको ठाउँमा मन्दिर बनाई राखिएकोमा चक्रपथ निर्माण गर्दा सो मन्दिर त्यहाँबाट हटाउनुपर्ने भएकाले हालको स्थानमा स्थानान्तरण गरिएको हो। मङ्गलागौरीमा नित्यपूजा र आरतीबाहेक चैते दशैं र बडा

CC-0. Nepal Sanskrit Academy, Kathmandu
दशैंमा विशेष पूजा गरिन्छ। त्यस अवसरमा बलिसहितको पूजाका लागि गुठीसंस्थानले पैसा दिने गरेको छ।

२.४.२२ तलेजु

जयवागीश्वरी मन्दिरको पूर्वतर्फ करेटोलको पश्चिम मूल सडकको किनारमा पशुपति अमालकोट कचहरीको कार्यालय रहेको भवनमा माथिल्लो तलामा तलेजु भवानीको स्थापना गरिएको छ। उक्त भवनको उत्तरतर्फ एउटा डबली छ। वि.सं. १९१५ मा उपेन्द्रविक्रम शाहले आफ्नी इष्टदेवी तलेजुको प्रीतिका लागि एउटा घण्टा चढाएको कुरा सोही मन्दिरको दक्षिणपट्टि रहेको ठूलो घण्टाको अभिलेखबाट थाहा हुन्छ (टण्डन, वि.सं. २०५६, पृ. ५४४)। जयवागीश्वरी मन्दिरका कर्माचार्य पुजारीले नै यहाँ नित्यपूजा गर्ने गरेका छन्।

२.४.२३ साम्राज्येश्वरी

राजराजेश्वरी मन्दिरको दक्षिणपट्टि तलेजुचोक भनेर चिनिने चोकमा साम्राज्येश्वरी भगवतीको मन्दिर रहेको छ। शकसंवत् १७७७ तदनुसार वि.सं. १९१२ वैशाखकृष्णचतुर्दशी आइतवारका दिन नयाँ मन्दिरमा उपेन्द्रविक्रम शाहले साम्राज्येश्वरी भगवतीको स्थापना गरेको कुरा साम्राज्येश्वरी भगवती रहेको चोकको पश्चिमपट्टिको सत्तलको दलानमा रहेको शिलालेखबाट थाहा हुन्छ (टण्डन, वि.सं. २०५६, पृ. ५३०–५३१)। उपेन्द्रविक्रम शाहले साम्राज्येश्वरीको प्रीतिका लागि सोह मन्दिरअगाडि धातुको सिंह राखेको देखिन्छ (टण्डन, वि.सं. २०५६, पृ. ५३३)। साम्राज्येश्वरीको नित्यपूजाका लागि भक्तपुरका कर्माचार्यलाई गुठी तथा खान्गीको व्यवस्था गरिदिएको कुरा साम्राज्येश्वरी भगवती रहेको चोकको पश्चिमपट्टिको सत्तलको दलानमा रहेको शिलालेखबाट थाहा हुन्छ (टण्डन, वि.सं. २०५६, पृ. ५३०–५३१)।

२.४.२४ निर्वाणेश्वरी

जयवागीश्वरीबाट मूल बाटो हुँदै उत्तरतिर लाग्दा केही पर बायाँतिर मूल बाटोसँगै जोडिएको गुम्बज शैलीको एउटा मन्दिर छ जसलाई निर्वाणेश्वर मन्दिर भनिन्छ। सोही मन्दिरको दक्षिणपट्टि दक्षिणाभिमुख सत्तल रहेको छ जसमा निर्वाणेश्वरी प्रतिष्ठित छिन्। मन्दिर एवम् सत्तल दुबै वि.सं. १९१५मा उपेन्द्रानन्दनाथका नामले प्रसिद्ध उपेन्द्रविक्रम शाहले निर्माण गरी त्यहाँ निर्वाणेश्वर तथा निर्वाणेश्वरीको स्थापना गरेका हुन् (ढकाल र थापा, वि.सं. २०७७, पृ. २७२)। यस सत्तलको पूर्वी कुनामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

एउटै शिलाखण्डमा चारतिर गवाक्ष निकाली दुर्गा, भैरव, गणेश र कुमारको मूर्ति निर्माण गरिएको छ (ढकाल र थापा, वि.सं. २०७७, पृ. २७२)। यस चतुर्मूर्तिको शिरोभागमा भूपुर एवम् वृत्तयुक्त त्रिकोणगर्भ षट्कोणयन्त्र निर्माण गरिएको छ।

२.४.२५ संसारदेवी र गौरी

पशुपतिनाथ मन्दिरको गर्भगृहमा पश्चिमढोकाबाट भित्र रहेको अर्को ढोकाको दायाँबायाँ दुईओटा स्त्रीमूर्ति छन् भन्ने जानकारी पाए पनि तिनलाई राम्ररी नियालेर हेर्ने मौका अझै मिलेको छैन। ती दुईओटा स्त्रीमूर्तिमध्ये दायाँपट्टिको मूर्ति संसारदेवीको र बायाँपट्टिको मूर्ति गौरीको हो भनी संसारदेवीको भोग ल्याउने अभिभारा बोकेका जयवागीश्वरी दुनेछेँका सानुमान वैद्यले बताएको कुरा राजेश आचार्यले पूर्णिमामा लेखेका छन् (आचार्य, वि.सं. २०६३, पृ. २९)। ती संसारदेवी यक्ष मल्ल र जीव मल्लकी आमा हुन् जसको प्रतिमा उनी परलोक भएको ४५ दिनमा पशुपतिनाथ मन्दिरको गर्भगृहमा स्थापना गरिएको थियो (आचार्य, वि.सं. २०६३, पृ. २९)। संसारदेवी ने.सं. ५६७ मार्गशुक्लषष्ठीउप्रान्त सप्तमी अर्थात् वि.सं. १५०३ मंसिर २६ गते बृहस्पतिवारका दिन परलोक भएकी थिइन् (पन्त र पन्त, वि.सं. २०६३, पृ. १४)। संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको नेपाली अनुवाद महेशराज पन्तले गरेका छन्। अनूदित ताम्रपत्रको विवरणअनुसार नित्य भोगका लागि एक कुरुवा चामलको भात, आमिष एक थोक, दालतरकारी तीन थोक, साँझ भैंसीको दूधको दही एक कहतरा, चिउरा एक कुरुवा चढाउने व्यवस्था बाँधेको देखिन्छ (पन्त, वि.सं. २०६३, पृ. ६–१०)। त्यसैगरी पर्वविशेषमा भोग लगाउनका लागि विभिन्न भोज्य परिकारहरू चढाउने व्यवस्था बाँधेको र नित्य भोग, साँझ दीपदान एवम् पर्वविशेषको भोगका लागि जग्गा गुठी राखेको जानकारी सो अनूदित ताम्रपत्रबाट पाइन्छ (पन्त, वि.सं. २०६३, पृ. १२–२७)।

२.५ शक्तिपीठहरूमा विद्यमान कामकलात्मक मूर्तिहरूको रहस्य

पशुपतिक्षेत्रमा रहेका शक्तिपीठहरूमध्ये भुवनेश्वरी एवम् राजराजेश्वरीको मन्दिरका टुँडालहरूमा कामकलात्मक मूर्तिहरू पाइन्छन् भन्ने कुरा माथि पनि प्रसङ्गअनुसार चर्चा भइसकेको छ त्यसैले अब यहाँ ती कामकलात्मक मूर्तिहरूको रहस्यका विषयमा सङ्क्षेपमा प्रकाश पारिन्छ।
निगम र आगम दुवै धारामा कामकलासम्बन्धी चिन्तन पाइन्छ। तन्त्रले यससम्बन्धी चिन्तनमा नयाँ आयाम प्रस्तुत गऱ्यो र यसलाई भावनात्मक मोड दिई धर्म, कला, साहित्य र संस्कृतिमा व्यापक बनाइदियो। तान्त्रिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कामकलासम्बन्धी चिन्तनको बीजका रूपमा ऋग्वेदको नासदीयसूक्तको निम्नलिखित ऋचालाई लिन सकिन्छ–

कामस्तदग्रे समवर्तताधि मनसो रेतः प्रथमं यदासीत् । सतो बन्धुमसति निरविन्दन् हृदि प्रतीष्या कवयो मनीषा (नासदीयसूक्त, ४) ।

सृष्टिपूर्व सम्पूर्ण जगत्लाई आफूभित्र आत्मसात् गरेका परमेश्वरको मनमा सृष्टि गर्ने इच्छा उत्पन्न भयो । परमेश्वरको मनमा उत्पन्न भएको सृष्टि गर्ने इच्छालाई नै यहाँ 'काम'को संज्ञा दिइएको छ । जब परमेश्वरको मनमा सृष्टि गर्ने इच्छारूप काम तत्त्व उत्पन्न हुन्छ तब उसले विराट् प्रकृतिलाई योनि बनाएर त्यसैमा गर्भको आधान गर्छ र जगत्को रचना हुन्छ । श्रीमद्भगवद्गीताको निम्नलिखित श्लोकले त्यही भावलाई व्यक्त गरेको छ–

मम योनर्महद्ब्रह्म तस्मिन् गर्भं दधाम्यहम् ।
सम्भवः सर्वभूतानां ततो भवति भारत ॥
सर्वयोनिषु कौन्तेय मूर्तयः सम्भवन्ति याः ।
तासां ब्रह्म महद्योनिरहं बीजप्रदः पिता ॥ (श्रीमद्भगवद्गीता, १४।३–४)

अर्थात् महद्ब्रह्म प्रकृति मेरो योनि हो, त्यसैमा म गर्भको आधान गर्दछु । त्यसपछि महत्(बुद्धि) आदि क्रमले समस्त सृष्टिको रचना हुन्छ । देव, पितृ, मनुष्य, पशु आदि योनिमा देहधारी जति पनि प्राणीहरू छन् ती सबैलाई उत्पन्न गर्ने माता प्रकृति हुन् भने तिनमा बीज प्रदान गर्ने पिता म हुँ । लोकमा पनि यही व्यवहार देखिन्छ । सन्तानोत्पत्तिको कामनाले नै पुरुषले आफ्नी स्त्रीमा गर्भको आधान गर्दछ । सिसृक्षारूप काम पनि भगवान्कै अंश हो । भागवतमहापुराणमा भनिएको छ–

कामस्तु वासुदेवांशः (१०।५५।१)

लोकमा पनि काम वा इच्छा र प्रेमको मुख्य विषय आनन्द नै दखिन्छ । प्रेम, आनन्द, रस आत्माकै रूप हुन् । त्यसैले रसरूप आनन्दबाट नै समस्त विश्वको उत्पत्ति भएको प्रसङ्ग उपनिषद्मा पाइन्छ । तान्त्रिक मतमा सृष्टिपूर्वको अवस्थामा शिव र शक्ति अविभक्त समरसाकार स्वरूपमा रहेका हुन्छन् । त्यस अवस्थालाई तन्त्रमा परम शिवावस्था भनिएको छ । परमेश्वरको मनमा जब सृष्टि गर्ने इच्छा उत्पन्न हुन्छ तब विमर्श वा बोधरूप शक्ति प्रकाश वा ज्ञानरूप शिवबाट भिन्नभैँ भएर देखा पर्छिन् । दुवै ऐनाभैँ निर्मल भएकाले एकअर्कामा प्रतिबिम्बित हुन्छन् र परिपूर्ण अहंस्वरूप महाबिन्दु भासित हुन्छ । सो महाबिन्दुमा सेतो, रातो र मिश्र गरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तीनओटा बिन्दु रहेका छन् । सेतो बिन्दु प्रकाशस्वरूप शिव हो भने रातो बिन्दु विमर्शस्वरूप शक्ति हो । ती दुवैको समरसभाव मिश्रबिन्दु हो । प्रकाशस्वरूप सेतो बिन्दुलाई अग्नि संज्ञा दिइएको छ भने विमर्शस्वरूप रातो बिन्दुलाई सोम संज्ञा दिइएको छ । ती दुवैको समरस मिश्रबिन्दुलाई सूर्यस्वरूप कामबिन्दु भनिएको छ । त्यसैले प्रकाशस्वरूप सेतोबिन्दु र विमर्शस्वरूप रातोबिन्दु सूर्यस्वरूप कामबिन्दुका अग्नि र सोम नामक कला हुन् । सोही सूर्यस्वरूप कामबिन्दुका कलास्वरूप अग्नि र सोमलाई वीर्यरूप शुक्लबिन्दु र रजरूप रक्तबिन्दुको रूपमा स्थूल अभिव्यक्ति दिँदै सृष्टिका लागि आवश्यक यामलभावका रूपमा कलाकारहरूले मन्दिरका टुँडालमा विभिन्न रतासन मूर्तिहरूको निर्माण गरेको पाइन्छ । शिव वा शक्ति एक्लैबाट सृष्टिप्रक्रिया सम्भव हुँदैन । शिव र शक्तिको संयुक्त अवस्थाबाट मात्र सृष्टिप्रक्रिया सम्भव हुन्छ । लोकमा पनि स्त्री र पुरुषको मैथुनबाट वा शुक्लबिन्दुरूप वीर्य र रक्तबिन्दुरूप रजको मिलनबाट मात्र सन्तानोत्पादन हुने कुरा सिद्ध नै छ । उपर्युक्त भावलाई वरिवस्यारहस्य नामक ग्रन्थमा यसरी लेखिएको छ–

> *यथा हि कश्चित् पुरुष उत्पत्स्यमानपुत्राद्यदृष्टवशादुत्पादनेच्छाविष्टः स्वीयामुत्पादनशक्तिमवलोक्य स्वार्धशरीरात्मिकायां भार्यायां स्वयमन्तः प्रविशति शुक्लरूपेण,.....। ततस्तस्य शुक्लस्यान्तः शोणितबिन्दुरूपेण भार्या प्रविशति* (वरिवस्यारहस्य, प्रकाशव्याख्या, पृ. २५१)

अर्थात् पति र पत्नीको सम्भोगका क्रममा वीर्यरूप शुक्लबिन्दु पत्नीको गर्भमा प्रवेश गर्छ, पति त्यसैका माध्यमबाट स्वयं पत्नीको गर्भमा प्रवेश गर्छ । गर्भमा प्रविष्ट वीर्यरूप शुक्लबिन्दुमा पत्नीको रजरूप रक्तबिन्दु प्रवेश गर्छ र त्यसैका माध्यमबाट पत्नी पनि गर्भमा प्रविष्ट हुन्छे । रसरूप आनन्दबाट नै समस्त विश्वको उत्पत्ति भएको प्रसङ्ग माथि उल्लेख भइसकेको छ । सोही रसरूप आनन्दको भौतिक अभिव्यक्ति स्त्रीपुरुषको मैथुनको रूपमा हुने कुरा पनि सिद्ध नै छ । त्यसैले सन्ततिविस्तार र जगदानन्दको अनुभूतिका लागि मैथुनको आवश्यकतालाई वेद तथा तन्त्र दुवैले समान महत्त्व दिएको देखिन्छ । मैथुन वास्तवमा सृष्टिक्रमलाई धारावाहिकरूपले सञ्चालन गर्ने नियतिको प्रेरक तत्त्व र जीवनधारक तत्त्व हो । बृहदारण्यकोपनिषद्ले स्त्री र पुरुषको एकअर्काप्रतिको आकर्षण र तज्जन्य मैथुनको आवश्यकतालाई यसरी औंल्याएको छ -

> *स वै नैव रेमे तस्मादेकाकी न रमते स द्वितीयमैच्छत् स हैतावानास यथा स्त्रीपुमांसौ संपरिष्वक्तौ स इममेवात्मानं द्वेधा*

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पातयात्ततः पतिश्च पत्नी चाभवतां तस्मादिदमर्धबृगलमिव स्व इति ह स्माह याज्ञवल्क्यस्तस्मादयमाकाशः स्त्रिया पूर्यत एव तां समभवत्ततो मनुष्या अजायन्त (१।४।३)

अर्थात् ऊ एक्लो हुँदा रमाएन, एक्लो हुँदा कोही पनि रमाउँदैन, त्यसैले उसले दोस्रो व्यक्तिको इच्छा गऱ्यो र उसले एकअर्काको अँगालोमा कसिएका स्त्रीपुरुषको जत्रो आकार लियो अनि आफूलाई स्त्री र पुरुषरूप दुई भागमा बाँडेर लोग्नेस्वास्नी बन्यो र ती दुईको मैथुनबाट मनुष्यहरू जन्मे । संसारमा स्त्री र पुरुष अर्थात् भाले र पोथीको मैथुनबाट नै सम्पूर्ण प्राणीहरूको उत्पत्ति भएको देखिन्छ र हरेक प्राणीमा स्त्री र पुरुषप्रति परस्पर आकर्षण र मैथुनको प्रवृत्ति समान देखिन्छ । अतः मैथुनको सार्वभौम आवश्यकतालाई महसुस गरी वेदले यसलाई कामयज्ञको रूपमा प्रस्तुत गरेको छ भने तन्त्रले साधनाको उच्चतम साधन मानेको छ । यहाँनेर के कुरा स्मरणीय छ भने तन्त्रले सांसारिक क्रियाकलापलाई निषेध गर्दैन । अतः सृष्टिप्रक्रियाको निरन्तरताका लागि आवश्यक मैथुनलाई तन्त्रले अत्यन्त ठूलो महत्त्व दिएको छ। तन्त्रले मैथुनलाई सन्ततिविस्तारका लागि आवश्यक क्रियाका रूपमा मात्रै होइन जगदानन्दको अनुभूतिका लागि साधनाकै रूपमा उच्चतम स्थान दिएको छ। तन्त्रलें आद्ययागका रूपमा मैथुनलाई जगदानन्दको अनुभूतिका लागि साधनाका रूपमा उपयोग गर्ने मार्ग देखाएको छ । तन्त्रमा मैथुनलाई साधनाको एउटा अङ्गका रूपमा ग्रहण गर्नुको आशय पनि मैथुनजन्य आनन्दको पूर्ण उपभोगपूर्वक त्यसबाट साधकलाई निवृत्तिको मार्गमा लैजानु नै हो । मैथुनक्रियामा मानिसको स्वाभाविक प्रवृत्ति हुने हुनाले त्यसलाई व्यवस्थित र मर्यादित गर्न एवं अन्ततः त्यसबाट निवृत्त गराउन नै मैथुनलाई साधनामा समावेश गरिएको हो । कामकलासम्बन्धी यिनै चिन्तनहरूको स्थूल अभिव्यक्ति काष्ठ तथा पाषाण मूर्तिका रूपमा मन्दिरका टुँडाल तथा भित्ताहरूमा पाइन्छ । यी मूर्तिहरूलाई स्थूल दृष्टिले हेर्दा यिनमा अश्लीलता झल्किनु स्वाभाविकै हो तर मन्दिरमा उत्कीर्ण गरिएका ती कलाकृतिहरू लौकिक रतिलीलाको अभिव्यक्ति नभई शिव र शक्तिको सामरस्य वा जीवात्मा र परमात्माको संयोगका द्योतक हुन् । ती मूर्तिहरूमा देखिने पुरुष आकृति ब्रह्म वा शिवको प्रतीक हो भने स्त्री आकृति जीव वा जगत्को प्रतीक हो । सम्पूर्ण जगत् परमशिवको स्वातन्त्र्यशक्तिको विलास भएकाले जगत्लाई शक्तिको विस्तारका रूपमा र परम शिवलाई शक्तिमान्का रूपमा व्याख्या गरिएको छ । शक्ति र शक्तिमान्को यामलभाव आनन्दको उच्छलनात्मक अवस्था हो जहाँबाट सृष्टिको आरम्भ हुन्छ त्यसैले शक्ति र शक्तिमान्को

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यामलभावस्वरूप आनन्दपूर्ण अवस्थालाई बुझाउनका लागि कलाकारहरूले रतासन मूतिहरूको कल्पना गरेको बुझिन्छ। शिव र शक्तिको यही यामलभाव यन्त्र वा मण्डलका रूपमा अभिव्यक्त हुँदा षट्कोणको रूप लिन पुग्छ। षट्कोणमा रहेको ऊर्ध्वमुख त्रिकोण शिव वा वैदिक अग्निको प्रतीक हो भने अधोमुख त्रिकोण शक्ति वा वैदिक सोमको प्रतीक हो।

योगमार्गमा समाधिका विभिन्न प्रणालीमध्ये रसानन्दयोगसमाधि पनि एक हो। घेरण्डसंहितामा रसानन्दसमाधिको विधि यसप्रकार बताइएको छ –

योनिमुद्रां समासाद्य स्वयं शक्तिमयो भवेत्।
सुश्रृंगाररसेनैव विहरेत् परमात्मनि॥
रसानन्दमयो भूत्वा ऐक्यं ब्रह्मणि सम्भवेत्।
अहं ब्रह्मेति वाऽद्वैतं समाधिस्तेन जायते॥(घेरण्डसंहिता, ७।१२–१३)

अर्थात् साधकले योनिमुद्राको साधना गरी वा योनिमुद्राजन्य रसको आस्वादन गरी शक्तिमय हुनू अर्थात् आफूलाई स्त्रीभावले युक्त बनाउनू। त्यसपछि परब्रह्मलाई पुरुषका रूपमा कल्पना गरी श्रृङ्गाररसले युक्त भई उक्त परमात्माका साथ रमण गर्नू। यसरी रमण गर्दागर्दै आनन्दरसमा डुबेर साधक ब्रह्मका साथ एकाकार बन्न पुग्छ। यस प्रकार म ब्रह्म हुँ, म अद्वैत तत्त्व हुँ भन्ने पूर्ण बोध भएपछि साधक रसानन्दयोगसमाधिमा लीन हुन्छ। शक्तितत्त्वसँग एकाकारबोध भएपछि नै शिवका साथ एकात्म्यलाभको स्थिति उत्पन्न हुन्छ। यही रसानन्दसमाधिको प्रक्रियालाई मूर्त रूपमा अभिव्यक्त गर्दा कलाकारहरूले चित्रकला वा मूर्तिकलामा स्त्रीपुरुषात्मक मिथुनमूर्तिको सिर्जना गरी रतासनमूर्तिहरूको निर्माण गरेको हामी पाउँछौं।

२.५. उपसंहार

शक्तिउपासनाको लामो र सुदृढ परम्परा रहेको नेपालमा देशभरि नै पाइलैपिच्छे शक्तिपीठ एवं मातृशक्तिका मन्दिरहरू रहेका छन्। शक्तिउपासनाको परम्पराले गर्दा नै नेपाल कहिल्यै पनि विदेशीको गुलाम बन्नुपरेन भन्दा अत्युक्ति नहोला। देशभरि हरेक क्षेत्रमा व्याप्त शक्तिपीठहरूले नेपाली जनजीवन र नेपाली मानसिकतामा शक्तिउपासनाले गहिरो प्रभाव पारेको देखाउँछन्। आर्थिक रूपमा कमजोर भए तापनि सधैं खुसी र प्रसन्न रहन सक्ने नेपालीहरूको दृढ मनोबल शक्तिउपासना एवं आध्यात्मिक अभ्यासका परिणाम हुन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तृतीय अध्याय

पशुपति क्षेत्रका शक्तिपीठसँग सम्बद्ध जात्रापर्वहरू

३.१. विषयप्रवेश

पशुपतिक्षेत्रमा रहेका शक्तिपीठहरूका बारेमा अघिल्लो अध्यायमा अध्ययन गरियो। यस अध्यायमा ती शक्तिपीठहरूसँग सम्बद्ध जात्रापर्वहरूका विषयमा चर्चा गरिनेछ। गुह्येश्वरीपीठसँग सम्बद्ध गुह्येश्वरीजात्रा, वत्सलेश्वरीपीठसँग सम्बद्ध वत्सलेश्वरीजात्रा, भुवनेश्वरीपीठसँग सम्बद्ध त्रिशूलजात्रा, वज्रेश्वरीपीठसँग सम्बद्ध देशोद्धारपूजा आदि जात्रापर्वका सम्बन्धमा यस अध्यायमा चर्चा गरिनेछ।

३.२. गुह्येश्वरीजात्रा

पशुपतिक्षेत्रका शक्तिपीठसँग सम्बद्ध जात्रापर्वहरूमा गुह्येश्वरीजात्रा ज्यादै महत्त्वपूर्ण जात्रा हो। तलेजु र गुह्येश्वरीको निकटतम सम्प्रदायगत सम्बन्धलाई प्रकट गर्ने हुनाले यस जात्राले विशेष महत्त्व पाएको हो भन्ने राय दिवाकर आचार्य (वि.सं. २०७५)ले व्यक्त गरेका छन् (पृ. ६८)। गुह्येश्वरीजात्रा ने.सं. ८४८ मा जगज्जय मल्लले सुरु गरेको मानिन्छ।

३.२.१. गुह्येश्वरीजात्राको पारम्परिक विधिविधान

गुह्येश्वरीजात्रा मार्गकृष्णअष्टमीबाट सुरु भई द्वादशीका दिन समाप्त हुने भए तापनि जात्राका प्रमुख दिन नवमी र दशमी हुन्। मार्गकृष्णअष्टमीका दिन हनुमान्ढोकास्थित तलेजुमन्दिरका पुजारी गुह्येश्वरीलाई जात्राको निमन्त्रणा दिन गुह्येश्वरीमा आउँछन् र निमन्त्रणापूजा गर्दछन्। त्यसै दिन बेलुका तलेजुबाट तलेजुको प्रतीकस्वरूप अष्टदल कमल र चाँदीको कलश अनि भैरवको प्रतीक स्वरूप स्थण्डिल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राखिएको खट गुह्येश्वरीमा ल्याइन्छ। उक्त जात्रामा राजाको प्रतिनिधिस्वरूप खड्ग पनि सँगै ल्याइन्छ। सो जात्रामा बाजागाजाका साथ शार्दूलजङ्ग पल्टन पनि जानुपर्छ। यसरी तलेजुबाट तलेजुको प्रतीकस्वरूप अष्टदल कमल र चाँदीको कलश अनि भैरवको प्रतीक स्वरूप स्थण्डिल राखिएको खट गुह्येश्वरीमा ल्याउँदा हनूमान्ढोका, असन, कमलाक्षी, तीनधारा, लालदरबार, हात्तीसार, नागपोखरी, भगवतीबहाल, सिफल, नवालीटोल, दथुटोल, पाँचुटोल हुँदै उमाकुण्डअगाडिको मूलसडक हुँदै गुह्येश्वरीमा खटलाई पुऱ्याइन्छ। हनुमान्ढोकाबाट ल्याइएको खट गुह्येश्वरी लैजाने क्रममा पशुपति अमालकोट अगाडिको डबलीमा राखी पूजा हुँदा खड्गलाई पशुपतिनाथ अगाडि राखी पूजा गरिन्छ अनि तलेजु तथा भैरवको खट बाजागाजाका साथ पशुपतिनाथको मन्दिरमा पुऱ्याइन्छ। खट गुह्येश्वरीमा ल्याइपुऱ्याउनुअघि गुह्येश्वरीको बाहिरी सडकमा परम्परागत रूपमा लिङ्गो उभ्याउने चलन छ। त्यसपछि गुह्येश्वरीको उत्तरपट्टिको बाहिरी मूलढोकामा खट पुग्नासाथ त्यस मन्दिरका कर्माचार्य पुजारीले ढोगभेट, परिक्रमा र पूजा गरेपछि उक्त खटलाई गुह्येश्वरी मन्दिरको प्राङ्गणमा ल्याउँछन्। ढोगभेट, परिक्रमा र पूजाको कार्यक्रम चलुन्जेल मन्दिरको मूल ढोकाअगाडि धुनी बालिन्छ। सो अग्निलाई साक्षी राखेपछि मात्र मन्दिरको परिक्रमा गर्ने चलन छ। जात्राको खटले गुह्येश्वरीको मन्दिरलाई तीन पटक परिक्रमा गरेपछि तलेजु र भैरवका प्रतीकहरूलाई खटबाट निकाली गुठियारहरूले मन्दिरभित्र लैजान्छन्। गुह्येश्वरी र भैरवको प्रतीकलाई मन्दिरभित्र राखिसकेपछि त्यसको जिम्मा गुह्येश्वरी मन्दिरको पालोवाला देवपालहरूले लिन्छन्। गुह्येश्वरी र भैरवको प्रतीकलाई मन्दिरमा भित्र्याएपछि हनूमान्ढोकास्थित तलेजु र गुह्येश्वरीका कर्माचार्य पुजारीहरूको आचार्यत्वमा गुप्त निशाटनपूजा हुन्छ। उक्त निशाटनपूजाको अवसरमा पूजा गर्न जजसले गुठी राखेका छन् उनीहरूबाट पनि पूजाआजा हुन्छ। सो पूजा सम्पन्न गर्नका लागि सत्ताइसओटा गुठी राखिएका छन्। तिनीहरू केही निजी छन् भने केही राज्यको तर्फबाट गर्ने राजगुठीअन्तर्गतका छन्। आआफ्नो गुठीअन्तर्गत गर्नुपर्ने पूजा गर्न गुठियारहरू जम्मा भएका हुन्छन्। यो पूजा रातको १२-१ बजेसम्म चलिरहन्छ। निशाटनपूजापछि जात्रासँगै आएको पशुपति अमालकोट कचहरीको कुमारीको रथ हाँक्ने महानायकको तर्फबाट पूजा हुन्छ। कुमारीको रथ हाँक्ने महानायक महर्जन थरका ज्यापू हुन्छन्। दशमीको दिन बिहानैदेखि दिनभरि पूजाआजा हुन्छ। त्यो दिनको पूजा धेरैजसो गुठीहरूको तर्फबाट हुन्छ। सो दिन ३२ कोठी महाजनसहित ५२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गुठीहरूको तर्फबाट विभिन्न किसिमका पूजाआजा हुन्छन् । अपराह्न चार पाँच बजेसम्म विभिन्न गुठीहरूबाट गर्नुपर्ने पूजाआजा सकिएपछि गुह्येश्वरीजात्राका गुठियारहरूको तर्फबाट शोभापूजा हुन्छ । शोभापूजा सकिएपछि गुह्येश्वरीको रथ तल ल्याई लिङ्गो ढाल्ने काम हुन्छ । त्यसपछि हनूमान्ढोका तलेजुबाट ल्याइएको तलेजु र भैरवका प्रतीकहरूलाई खटमा राखी क्षमापूजा गरिन्छ । त्यसपछि हनूमान्ढोकाबाट आएका शार्दूलजङ्ग पल्टनका जवानहरूको अगुवाइमा खटसहितको जात्रा हनूमान्ढोका फर्किन्छ । गुह्येश्वरीबाट उमाकुण्ड, दक्षिणामूर्ति हुँदै ठूलो सदावर्तघरको दक्षिण पेटीमा खटलाई विश्राम गराइन्छ । त्यहाँ ठूलो सदावर्तको तर्फबाट पूजा गरिन्छ । सो दिन पूजा गर्ने ठाउँमा चँदुवा आदि राखेर विशेष सजावट गरिएको हुन्छ । पूजा सकिएपछि पशुपतिको बाहिरी पश्चिम ढोकासम्म पुऱ्याएर फर्काइन्छ । पशुपति अमालकोट कचहरीको तर्फबाट त्यहाँ पूजा गरिएपछि पुनः पहिले ल्याएकै बाटो गरी हनूमान्ढोकामा पुऱ्याइन्छ । उक्त खटलाई एकादशीको दिन र राति पनि जगन्नाथ मन्दिरको पूर्वपट्टि पेटीमा राखिन्छ । द्वादशीको दिन यात्राको अवसरका विधिविधानमा कुनै त्रुटि भएको भए त्यसलाई क्षमा गरिदिनका लागि भगवतीलाई प्रार्थना गर्ने मुख्य ध्येयले तलेजु मन्दिरमा क्षमापूजा गरिन्छ र तलेजु र भैरवको प्रतीकलाई मन्दिरमा भित्र्याइन्छ ।

४.४.१. गुह्येश्वरीजात्राको पारम्परिक विधिमा जातिगत सहभागिताको स्वरूप

पशुपतिक्षेत्रका कतिपय ठाउँमा लिच्छविकाल वा त्यसभन्दा अगाडिदेखि नै बसोबास भइसकेको थियो । देवपाटनको पुरानो नाम ग्वल हो । ग्वल शब्द पछाडि जोडिएका स्थानवाचक नामहरू लिच्छविकालका अभिलेखमा पाइने हुनाले ग्वल अर्थात् देवपाटनमा सम्भवतः किरातकालदेखि नै बस्ती थियो । पशुपतिक्षेत्रका प्राचीन बस्तीहरूमा नवालीटोल, दथुटोल, पाँचुटोल, करेटोल, ज्यूनाटोल, लगनलाछी, भकुनटोल, इँटापाखा, क्वाकोटोल, चावहिल भगवान्स्थान मुख्य मानिन्छन् ।

लिच्छविकालको नवगृह नामको बस्ती नै अहिलेको नवाली टोल हो । नवाली टोलमा मुख्यरूपले सङ्घत, श्रेष्ठ, कर्माचार्य, खड्गी, ओझा र कुसलेहरूको बसोवास रहेको देखिन्छ । दथुटोलमा मुख्यरूपले राजोपाध्याय, भँडारी, वैद्य र नापितहरूको बसोवास रहेको छ । पाँचाटोलमा मुख्य गरी भँडारी, वैद्य, कर्माचार्य, शाक्य, शाही, गिरी, र श्रेष्ठहरूको बसोवास रहेको छ । करेटोलमा मुख्यरूपले कसाई र गाइनेहरूको बसोवास रहेको छ । ज्यूनाटोलमा मुख्यरूपले राजोपाध्याय, महर्जन, नापित, भट्ट, श्रेष्ठ, कर्माचार्य,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भँडारी, मानन्धर, बलामी, बिसेट, खत्री, भाट, जुजुभाजु, कुसले आदिको बसोवास रहेको छ। चावहार तथा वरपरको क्षेत्रमा मुख्यरूपले शाक्य र श्रेष्ठहरूको बसोवास रहेको छ। लगनलाछीटोलमा मुख्यरूपले भँडारी, डङ्गोल, डाँ, झा, श्रेष्ठ, सङ्घत, विसेट, कुसले, खत्री, भट्ट, बानियाँ, मिश्र आदिको बसोवास रहेको छ। भकुनटोलमा मुख्यरूपले डङ्गोल, श्रेष्ठ र कुसुलेहरूको बसोवास रहेको छ। इँटापाखामा मुख्यरूपले पोडेहरूको बसोवास रहेको देखिन्छ तर वि.सं. २०४५ देखि पोडेहरूलाई एयरपोर्टको पश्चिममा रहेको डोलमा सारिएको छ। क्वाको टोलमा मुख्यरूपले सङ्घत, श्रेष्ठ, बिसेट, खड्गी, ठकुरी, झा, डङ्गोल, शाक्य, कुसले आदिको बसोवास रहेको छ। पशुपतिक्षेत्रमा रहेका यिनै प्राचीन बस्तीका विभिन्न जातिहरूको मुख्य भूमिका र सहभागिताबाट नै यस क्षेत्रमा मनाइने जात्रापर्वहरू प्राचीन कालदेखि मनाइँदै आएका छन्। गुह्येश्वरी जात्रा मार्गकृष्णअष्टमीबाट सुरु भई द्वादशीका दिन समाप्त हुने कुरा माथि उल्लेख भइसकेको छ। यस जात्राका लागि सर्वप्रथम मार्गकृष्णअष्टमीका दिन हनूमान्ढोकास्थित तलेजुमन्दिरका पुजारी गुह्येश्वरी आई जात्राको निमन्त्रणाका लागि निमन्त्रणापूजा गर्नुपर्ने विधान रहेको छ। त्यसैले उक्त कार्यका लागि तलेजुका पुजारी कर्माचार्यको उपस्थिति र पूजामा उनको सहभागिता हुनैपर्छ। त्यसै दिन बेलुका तलेजुबाट तलेजुको प्रतीकस्वरूप अष्टदल कमल र चाँदीको कलश अनि भैरवको प्रतीक स्वरूप स्थण्डिल राखिएको खट गुह्येश्वरी ल्याउने क्रममा हनूमान्ढोका, असन, कमलाक्षी, तीनधारा, लालदरबार, हात्तीसार, नागपोखरी, भगवतीबहाल, सिफल, नवालीटोल, दथुटोल, पाँचुटोल, उमाकुण्डको बाटोमा पर्ने विभिन्न देवीदेवतालाई तान्त्रिक विधिले गरिने पूजामा कर्माचार्यले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ। हनूमान्ढोकाबाट ल्याइएको तलेजु र भैरवको खट गुह्येश्वरीको उत्तरपट्टिको बाहिरी मूल सडकमा पुगेपछि गुह्येश्वरीका कर्माचार्यले उक्त खटलाई ढोगभेट, परिक्रमा र पूजा गर्नुपर्दछ। त्यसपछिको केही धार्मिक विधान पूरा गरेपछि जब तलेजु र भैरवको प्रतीकलाई गुठियारहरूले मन्दिरभित्र राख्छन् तब त्यसको जिम्मा गुह्येश्वरी मन्दिरको पालोवाला देवपाल कसाईहरूले लिन्छन्। देवालय तथा मूर्तिको सुरक्षा गर्ने भएकाले नै उनीहरूलाई देवपाल भनिएको हो। आजभोलि उक्त शब्द अपभ्रंश भएर चौपाला भएको छ। प्राय:जसो काठमाडौं उपत्यकाका शक्तिपीठहरूमा कसाई जातका मानिस नै द्यौपाला रहने गरेका छन्। यात्रा नसकिउन्जेल तलेजु र भैरवका प्रतीक श्रीचक्र र स्थण्डिलको सुरक्षाको जिम्मा उनीहरूले नै निर्वाह गर्नुपर्ने भएकाले उनीहरू रातभर जाग्राम वसेर कुर्छन्। तलेजु र

CC-0. Nepal Sanskrit Academy, Kathmandu
भैरवको प्रतीकलाई मन्दिरमा भित्र्याएपछि हुने निशाटनपूजामा हनूमान्ढोकास्थित तलेजु र गुह्येश्वरीका कर्माचार्यको सहभागिता रहन्छ। उनीहरूले संयुक्त रूपमा उक्त गुप्त महापूजा सम्पन्न गर्दछन्। त्यस अवसरमा सत्ताइसओटा गुठीका गुठीयारहरू पनि पूजामा सहभागी हुन्छन्। महापूजापछि पशुपति अमालकोट कचहरी काठमाडौँको कुमारीको रथ हाँक्ने महानायक जो महर्जन थरका ज्यापू हुन्छन् उनका तर्फबाट पूजा गर्नुपर्ने विधान छ। पूजाका अन्य विधानहरू कर्माचार्यले नै सम्पन्न गर्छन्। यसप्रकार गुह्येश्वरीजात्रामा कर्माचार्य, द्यौपाला कसाई, महर्जन र विभिन्न जातका गुठियारहरू जात्राको विधि सम्पन्न गर्ने भूमिकामा रहेका हुन्छन्।

३.३. वत्सलेश्वरीजात्रा

चैत्रशुक्लप्रतिपदादेखि नयाँ संवत्सर सुरु हुन्छ। त्यसै दिनदेखि वत्सलेश्वरीको जात्रा सुरु हुन्छ। वत्सलेश्वरीजात्राको पहिलो दिन बाजागाजा, आशागुर्जा तथा पशुपतिनाथमन्दिरसँग सम्बद्ध रैरकमीहरूका साथ वत्सलेश्वरीमन्दिर प्राङ्गणमा आएर मूलपुजारीले यात्रा गराउने आदेश दिएपछि यात्रा आरम्भ हुन्छ। दुई तले नेपाली मण्डपशैलीमा निर्मित करिब दश फिट उचाइको खटमा वत्सलेश्वरीको प्रतीक कलश तथा पशुपतिनाथको संयुक्त मूर्ति हुन्छ। शिव र शक्तिको अभिन्नता देखाउने यस संयुक्त मूर्तिलाई बडो सुन्दर ढङ्गले सजाइएको हुन्छ। वत्सलेश्वरीयात्राको अवसरमा देवपाटनभरि नै विभिन्न देवीदेवताको नाम भएका तुलहरू टाँगी ध्वजापताकाहरूले सिङ्गारिएको हुन्छ। देवपाटनका स्थानीय व्यक्तिहरू यो पर्वलाई बडो उत्साह र उमङ्गका साथ मनाउँछन्।

३.३.१. वत्सलेश्वरीजात्रासम्बन्धी जनश्रुति र प्रचलित परम्परा

यस जात्राका सम्बन्धमा एउटा जनश्रुति प्रचलित छ। जसअनुसार पिशाचचतुर्दशीको दिन दुनियाँहरूले चढाएको बलि, जाँड र रक्सी आदिले मात्तिएर वत्सलेश्वरी लड्खडाउँदै निस्किन्छिन् र बेलुका आफ्ना पति पशुपतिनाथकहाँ जान्छिन् तर पशुपतिनाथले जाँडरक्सीले मात्तिएर आएकी वत्सलेश्वरीलाई आफूकहाँ आउन मनाही गर्छन्। उनी रिसाएर फर्किन्छिन्। यसरी रिसाएर बसेकी वत्सलेश्वरीलाई भेट्न उनकी बहिनी नक्साल भगवती दिदीकहाँ आउँछिन्। छोरा गणेश पनि भेट्न आउँछन्। आखिरमा पछि एक पटकलाई माफ दिई पशुपतिनाथले वत्सलेश्वरीलाई भित्र्याउँछन्। वत्सलेश्वरीको खटयात्रा यही कथाप्रसङ्गमा आधारित छ। खटयात्राको पहिलो दिन वत्सलेश्वरीको खट वत्सलेश्वरीका प्राङ्गणको यता र उता तीन पटक ठोक्काएर जाँडरक्सीले मात्तिएको भान पर्ने गरी लगिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वत्सलेश्वरीको खट उठाउन थालेपछि वत्सलेश्वरीमन्दिरको दक्षिणपट्टि रहेको आकाशभैरवलाई हाकुपटासी लगाएका डङ्गोल कन्याहरूले पूजा, आरती गरेर वत्सलेश्वरी खटको पछिपछि केही परसम्म लान्छन्। सो खट भुवनेश्वरीमन्दिरको दक्षिणको बाटो हुँदै इँटापाखाको डाँडो उकालिन्छ। त्यसपछि उक्त खट जयवागीश्वरी हुँदै नवालीटोलमा लगेर बिसाइन्छ। पहिलो दिनको खटयात्रा त्यहीँ विश्राम हुन्छ। भोलिपल्ट विहान पुनः यात्राको क्रम सुरु हुन्छ। त्यस दिन देवपत्तनका भक्तजनहरूको घरघरमा घुमाई पूजा गर्दछन्। खटलाई सिफलको तपाखेलमा पुऱ्याई भण्डारखालको पर्खालमा दुई पटक ठक्कर लगाइन्छ। त्यहाँबाट वत्सलेश्वरीयात्रा नवालीटोलस्थित ताम्रेश्वरमन्दिर परिक्रमा गरी पाँचुटोल हुँदै साँझतिर पशुपतिमन्दिरमा पुग्दछ। त्यहाँ पुगेपछि वत्सलेश्वरीको खटलाई पशुपतिमन्दिरको पश्चिमपट्टिको ढोकामा दुई पटक ठोक्काइन्छ। जाँडरक्सीले मात्तिएर लड्खडाउँदै आफ्ना पतिलाई भेट्न गएकी वत्सलालाई त्यसरी मात्तिएर आएको देखी पशुपतिनाथले भित्र पस्न अनुमति नदिएको र भित्र पस्ने अनुमति दिन दुईपटकसम्म अनुनय विनय गर्दा पनि पशुपतिनाथले नदिएको अनुकरणस्वरूप पशुपतिनाथको ढोकामा दुई पटक खटलाई ठोक्काउने चलन चलेको बूढापाकाहरू बताउँछन्। त्यसपछि वत्सलेश्वरीको खट भुवनेश्वरीअगाडिको बाटो हुँदै पशुपति अमालकोट कचहरीको डबलीमा पुऱ्याइन्छ। वत्सलेश्वरीजात्राका लागि प्राचीन सहरका प्रसिद्ध पीठका सबै देवीदवताहरूलाई निम्ता गरेकोमा उक्त जात्रामा सहभागिता जनाउन नक्साल भगवती मात्र आएको अनुकरणस्वरूप नक्साल भगवतीलाई खटमा राखी प्रतिपदाकै दिन पशुपतिमन्दिरमा पुऱ्याउँछन्। नक्साल भगवतीको खट पशुपतिनाथको पश्चिम ढोकामा पुगेपछि साँझमा वत्सलेश्वरीको खटले ढोकामा ठक्कर दिएजस्तै गरेर नक्साल भगवतीको खटले पशुपतिमन्दिरको पश्चिम ढोकामा ठोक्काउने चलन छ। जनश्रुतिअनुसार नक्साल भगवतीले दिदी पार्वतीलाई नदेखेपछि पशुपतिनाथसँग खोइ त भिनाजु दिदी ? भनेर सोधेको अनुकरणस्वरूप ढोकामा खट ठोक्काएको रे ! त्यसपछि पशुपतिनाथबाट जहाँ पायो जान्छ्यौ, जे पायो खान्छ्यौ भनी मैले तिम्री दिदीसँग ठट्टा गरेको तर उनी मसित रिसाई ठुस्सिएर बाहिरतिरै गएकी छिन्। तिमी गएर भिनाज्यूले ठट्टा पो गरेको त ! रिसानी भएको छैन भनेर सम्झाऊ, म लिन पठाउँछु, उनी आऊन् भनी सन्देश पठाएको अनुकरणस्वरूप पशुपतिनाथको सन्देश बोक्ने नक्साल भगवतीको खट अमालकोटमा पुऱ्याई वत्सलेश्वरीको खटसँग जुधाउँछन् अर्थात् भेट गराउँछन्। नक्साल भगवतीले दिदी वत्सलेश्वरीलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तपाईँ हामीलाई बोलाउने, आफूहरू चाहिँ झगडा गर्ने ? भिनाजुले ठट्टा गर्नुभएको रहेछ त्यतिकैमा तपाईँ रिसाएर यता आउनुभएछ। उहाँले लिन पठाउँछु भन्नुभएको छ तपाईँ झट्टै गइहाल्नोस् भनर भनेको भनाइको अनुकरणस्वरूप अमालकोट डबलीमा रहेको वत्सलेश्वरीको खटलाई तीन पटक परिक्रमा गरी तीन ठक्कर लगाएपछि नक्साल भगवतीको खटजात्रा जयवागीश्वरी, नवालीटोल, सिफल ज्ञानेश्वर हुँदै फर्किन्छ। यत्तिकैमा वत्सलेश्वरीलाई फकाउन पशुपतिमन्दिरबाट एउटा खटमा पूजासामग्री राखेर त्यहाँ लगिन्छ। यसलाई विचारपूजा भनिन्छ। सो पूजा कर्माचार्यले गर्छन्। विचारपूजा सकिनासाथ पशुपतिनाथका मूलपुजारी, वासुकिमन्दिरका पुजारी तथा पशुपतिनाथका अन्य तीन जना पुजारीहरू वत्सलेश्वरीको दर्शनपूजनका निमित्त आउनुपर्ने प्रचलन छ। त्यहाँ आउनुभन्दा अगाडि पशुपतिनाथका मूल पुजारीले आफूअन्तर्गतका रैरकमीहरूलाई टोपी लगाइदिई एक एक पोका सिन्दूर दिने चलन छ। त्यसपछि आशागुर्जा, बाजागाजा, रैरकमीहरूलाई साथमा लिएर पशुपतिका मूलपुजारी पशुपतिनाथ, शङ्कराचार्यमठ आदि देवदेवताका ठाउँमा सिन्दूर छर्दै पाँचुटोल, दथुटोल हुँदै वत्सलेश्वरी राखेको डबलीमा पुग्छन्। त्यहाँ पुगेपछि पशुपतिनाथबाट आज्ञा भएबमोजिम हामी हजुरलाई लिन आएका छौँ भनी मूल पुजारीले वत्सलालाई बिन्ती चढाउँछन् र वत्सलेश्वरीको प्रदक्षिणासहित दर्शनपूजन गर्छन्। वत्सलेश्वरीले म आउँला भनेर भनेको भनाइको अनुकरण गरिन्छ। त्यसपछि मूल पुजारी पशुपति अमालकोटमा पुग्छन् र अन्य पुजारीहरूका साथमा त्यहाँको झ्यालमा बसी आफ्ना रैरकमीहरूले बजाएको बाजा तथा नृत्य केही बेर हेरी उनीहरूलाई परम्परानुसार दस्तुर दिन्छन्। बाहिर आएर पुनः वत्सलेश्वरीलाई उनले पूजा गर्छन् र उनको वचनले श्रीको खट डबलीबाट ओरालिन्छ। यसैबेला चन्द्रविनायक गणेशजीले चावहिलबाट आमा वत्सलेश्वरीलाई लिन पठाउँछन्। गणेशको आज्ञाले चावहिलका जनता आई वत्सलेश्वरीको खट बोकी लगेर गणेशस्थानअगाडि राख्दछन्। चावहिलबाट पनि लावालस्करका साथ बाजागाजा गरी लिन जाने चलन छ। यसरी चावहिल चन्द्रविनायकबाट खटयात्रा आएपछि वत्सलेश्वरीको खटयात्रा चन्द्रविनायकसम्म लाने चलन छ तर यो परम्परा बिस्तारै हराउँदै गएको छ त्यसैले हिजोआज चन्द्रविनायकको खटयात्रा पशुपतिमा ल्याएको वर्ष वत्सलेश्वरीको यात्रा पनि चन्द्रविनायकमा लगिन्छ नत्र लगिँदैन।

वत्सलेश्वरीयात्राको तेस्रो दिन अर्थात् द्वितीयाका दिन पशुपति अमालकोटको डबलीबाट यात्रा आरम्भ भई नवालीटोल हुँदै सिफलको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तपाखेल पुगी भण्डारखालको पर्खालमा तीन ठक्कर लगाई सिफलढोकामा खट पुऱ्याइन्छ। त्यो ढोकादेखि पशुपतिको भित्री क्षेत्र सुरु हुने हुनाले पशुपतिनाथले निगाह राखी विचारपूजा पठाए पनि चमरपङ्खा नपठाइकन वत्सलेश्वरीको खटयात्रा अगाडि बढाउन नहुने परम्परा भएकाले पशुपतिमन्दिरका मूल भँडारीले चमरपङ्खा ल्याई हम्क्कन सुरु गरेपछि मात्र खटयात्रा अगाडि बढाइन्छ। त्यसपछि ताम्रेश्वरमन्दिर, पाँचुटोल हुँदै खटयात्रा पशुपतिमन्दिरको पश्चिम ढोकातिर चलाइन्छ। यसरी खटयात्रा अगाडि बढाउँदा देशोद्धारपूजामा पालो पर्नेको मूलघरबाट अनिवार्य रूपले पूजा गनुपर्ने चलन छ। खटयात्रा पुनः पशुपति आइपुगेपछि वत्सलेश्वरी प्रसन्न भएर फर्केको अनुकरणस्वरूप पशुपतिनाथ मन्दिरको पश्चिम ढोकामा खटले तीन ठक्कर लगाउने चलन छ। त्यसरी तीन ठक्कर लगाइसकेपछि पशुपतिनाथका मूल पुजारीले वत्सलेश्वरीको खटलाई परिक्रमा गरी पूजा गर्छन्। त्यसपछि मूल पुजारीले पशुपतिमन्दिरको चारैतिरका मन्दिर तथा मूर्तिहरूमा सिन्दूर चढाउँदै मन्दिरभित्र प्रवेश गरी चारै ढोका खोल्छन् र त्यहाँ उपस्थित सबैलाई प्रसादस्वरूप सिन्दूर बाँड्छन्। त्यहाँबाट खटलाई त्यहीँ नजिकको डबलीमा बिसाइन्छ। खट बिसाउनासाथ पिशाचचतुर्दशीको दिन वत्सलेश्वरीमन्दिरमा बलि दिइएको राँगोको टाउको सिन्दूरगुठी, चन्दनगुठीलगायत आठ गुठीका गुठियारहरूले आठ टुक्रा गरी अष्टसिद्धिको रूपमा ग्रहण गर्छन्। यस प्रकार वत्सलेश्वरीको यात्रा सम्पन्न हुन्छ।

४.४.२. वत्सलेश्वरीजात्राको पारम्परिक विधिमा जातिगत सहभागिताको स्वरूप

चैत्रशुक्लप्रतिपदादेखि आरम्भ हुने वत्सलेश्वरीको जात्रामा कर्माचार्य, सङ्घत, डङ्गोलहरूको मुख्य भूमिका रहन्छ। पशुपतिनाथका मूलपुजारीले वत्सलेश्वरीमन्दिर प्राङ्गणमा आएर जब जात्रा गराउने आदेश दिन्छन् तब वत्सलेश्वरीजात्रा आरम्भ हुन्छ। यात्राको आरम्भमा वत्सलेश्वरीको खट उठाउन थालेपछि वत्सलेश्वरीमन्दिरको दक्षिणपट्टि रहेको आकाशभैरवलाई डङ्गोल कन्याहरूले पूजा, आरती गर्नुपर्ने विधान रहेको छ। जात्राको भोलिपल्ट जब वत्सलेश्वरीको खट पशुपति अमालकोट कचहरीको डबलीमा पुऱ्याइन्छ तब पशुपतिनाथले वत्सलालाई फकाउन आफ्ना मान्छे पठाएको अनुकरणस्वरूप गरिने विचारपूजामा कर्माचार्यको भूमिका रहन्छ। जात्राको तेस्रो दिन पशुपतिनाथ मन्दिरका मूल भँडारीले वत्सलेश्वरीको खटमा चमरपङ्खा हम्केपछि सिफलको ढोकाबाट पशुपतितर्फ वत्सलेश्वरीको खट अगाडि बढाउने परम्परा रहेकोले त्यस अवसरमा भँडारीको भूमिका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

देखिन्छ। त्यसपछि ताम्रेश्वर मन्दिर, पाँचुटोल हुँदै खटयात्रा पशुपतिमन्दिरको पश्चिम ढोकातिर अगाडि बढाउँदा देशोद्धारपूजामा पालो पर्नेको मूलघरबाट अनिवार्यरूपले पूजा गनुपर्ने चलन भएकाले यहाँ सम्बद्ध जातिको भूमिका देखिन्छ। वत्सलेश्वरीको जात्रा सम्पन्न गर्ने जिम्मेवारी पाएका सिन्दूरगुठी, चन्दनगुठी र ध्वंगुठीका गुठीयारहरूको भूमिका पनि यस अवसरमा महत्त्वपूर्ण देखिन्छ। सिन्दूरगुठी र चन्दनगुठी देवपाटनका विसेट थरका नेवारहरूले चलाउँदै आएका छन् भने ध्वंगुठी सङ्घतहरूले चलाएका छन्।

३.३.२. वत्सलेश्वरीजात्रा सञ्चालनसम्बन्धी गुठीव्यवस्था

वत्सलेश्वरीको जात्रासम्बन्धी सबै कामका लागि गुठी राखिएको छ। ती गुठीहरू सिन्दूरगुठी, चन्दनगुठी र ध्वंगुठीका नामले प्रसिद्ध छन्। वत्सलेश्वरीयात्रा उतार्ने मुख्य काम पशुपति अमालकोट कचहरीको पनि हो। मुख्य गरी खट बनाउने, तान्ने र त्यससम्बन्धी अरू आवश्यक काम अमालले नै गर्नुपर्ने चलन देखिन्छ। वत्सलेश्वरीको खटयात्राका लागि जयप्रकाश मल्लले १२० रोपनी जग्गा गुठी राखिदिएका थिए। वि.सं. १८५१ पौषशुक्लपञ्चमीका दिन रणबहादुर शाहले सो गुठी थामी देवपाटनका मेलह्म वैद्यलाई गुठीयार बनाई सो गुठीअन्तर्गत गर्नुपर्ने काम सम्पन्न गर्न लालमोहर गरिदिएका थिए (टण्डन, वि.सं. २०५६, पृ. २८८)।

३.४. त्रिशूलयात्रा

देवपाटनमा मनाइने विभिन्न यात्राहरूमध्ये त्रिशूलयात्राको विशेष महत्त्व रहेको छ। प्रत्येक वर्ष आषाढकृष्णअष्टमीको दिन यो यात्रा सम्पन्न हुन्छ। आषाढकृष्णअष्टमीको दिन अधिकतम वर्षा हुने योग परेको हुन्छ भन्ने धारणाअनुसार यो अष्टमीलाई भलभला अष्टमी भनिन्छ। त्यसैले भलभला अष्टमीको दिनमा देवपाटनमा सम्पन्न गरिने यो यात्रा पानी माग्नका लागि गरिएको अनुकरणात्मक अभिचार हुन सक्ने सम्भावना छ।

नेवारी भाषामा यसलाई 'मतिजा' भन्छन्। देवपाटनका तीनओटा स्थलबाट खटमा शूलले घोचेको भान पर्ने गरी पाँच जना बालबालिका निकालिने तथा उहिले बच्चाहरूलाई त्यसरी शूलले नभई त्रिशूलले उन्ने परम्परा भएकोले यो यात्रालाई त्रिशूलयात्रा भनिएको हो भन्ने कुरा बूढापाकाहरू बताउँछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३.४.१. त्रिशूलजात्राका सम्बन्धमा देवमालावंशावलीको कथन

देवमालावंशावलीका अनुसार राजा अमर मल्लले यो जात्राको चलन चलाएको सङ्केत पाइन्छ । त्यहाँ भनिएको छ -

श्री राजा अमरमल्लले नेपाली सम्बत ६३४ सालमा ओं श्री वच्छला देवीका पुजाहारी मन्त्र सास्त्र प्रवल भएका मुनि बन्धु आचार्यसंग संमति गरी तन्त्रोक्त विधिले ९ प्रकारको रथ बनाई मुसल सृंषल त्रिशुल खड्ग पाशबलि छुरि हरू २ ईत्यादि संयुक्त गरी कुमार कुमारी ९ जनालाई रथमा चढाई शरीर छिन्नभिन्न गरी प्रति वर्ष आषाढ कृष्ण ८ का दिन ईसानेश्वर प्रदक्षण गराई यात्रा गर्ने रीत चलाई धेरै खेत गुठी राखी दिएका हुन् (देवमालावंशावली,वि.सं. २०१३, पृ. १०२) ।

त्रिशूलयात्राको अवसरमा हिजोआज तीनओटा खट पाँच जना कुमारकुमारी समावेश गर्ने चलन भए तापनि यो यात्रा सुरु हुँदाका बखत नौओटा रथ र त्यसमा नौ जनना कुमारकुमारी राख्ने व्यवस्था गरिएको कुरा वंशावलीको माथिको विवरणबाट अवगत हुन्छ ।

कालान्तरमा त्रिशूलयात्रामा भुवनेश्वरीमन्दिरबाट लाशको प्रतीकस्वरूप खट निकाल्ने अर्को परम्परा पनि जोडियो । यस प्रसङ्गमा देवमालावंशावलीको कथनअनुसार त्रिशूलजात्रा चलाउने मुनि बन्धुदत्त आचार्य मन्त्रशास्त्रमा निपुण भएका हुनाले अमृत प्राप्त गर्नका लागि घरको कोठामा गई छ महिनासम्म यो कोठा नखोल्नू भनी कोठा बन्द गरी आसन बाँधी स्थूल शरीर त्यहीँ छोडेर सूक्ष्म शरीर धारण गरी अमृतको खोजीमा निस्के । केही महिनापछि कान्तिपुर सहरको एक जना दुष्ट व्यक्तिले मुनि बन्धुदत्त आचार्य मर्‍यो भनी हल्ला फिँजायो र कोठाको ढोका खोली हेर्दा उनको निश्चेष्ट स्थूल शरीर देखी त्यसको दाहसंस्कार गरे । यता त्यही दिन अमृत लिई घर फर्कने क्रममा बाटोमा कसैलाई भेटी आफ्नो घरको खबर बुझ्दा मुनि बन्धुदत्त आचार्य मरे र उनको दाहसंस्कार आजै गरियो भन्ने खबर उसले सुनाएपछि उनी दिक्दार मानी त्यही अलप भए । सो घटनापछि त्रिशूलजात्रामा मारुतपुष्पलाई मृत शरीरजस्तो बनाई जात्रा निकाल्ने र कान्तिपुरवासीहरूलाई गाली गर्ने चलन चलाए भनी लेखिएको छ (देवमालावंशावली, वि.सं. २०१३, पृ. १०२–१०३) ।

३.४.२. त्रिशूलजात्रासम्बन्धी जनश्रुति

त्रिशूलजात्रासम्बन्धी एउटा अनुश्रुतिअनुसार उहिले स्वयम्भूको डाँडावरपर राक्षसहरूको बसोबास थियो । त्यहाँका राक्षसहरू मानिसको बस्ती भएको ठाउँमा वारंवार आएर केटाकेटीहरू लैजान्थे । एक पटक ती

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राक्षसहरूले देवपाटनका बच्चाहरूलाई खुब सताउन थाले। देवपाटनका जनताहरू भयग्रस्त भए। आफ्ना बालबच्चाहरूलाई बचाउने उपायको खोजी गर्ने क्रममा उनीहरूले राक्षसका बच्चाहरूलाई मारी साटो फेर्ने निर्णयमा पुगे र एक दिन राक्षसका बच्चाहरूलाई समाती त्यसै गरिदिए। मारिएका राक्षसका बच्चाहरूलई देवपाटनमा घुमाए र देवपाटनको पश्चिममा रहेको सिफलको डाँडाबाट राक्षसहरूले देखून् भनी खटमा राखी त्रिशूलले घोचेर प्रदर्शन गरे। त्यस वेलादेखि देवपाटनमा राक्षसहरूले दुःख दिन छाडे। त्यसैको सम्झनामा प्रतिवर्ष यात्रा गर्ने परम्परा बसेको हो।

अर्को जनश्रुतिअनुसार उहिले एउटा दुष्ट राक्षस नागार्जुनमा बस्दथ्यो। ऊ हरेक दिन देवपाटनमा आउँदथ्यो र केटाकेटीहरूलाई चोरेर लग्थ्यो। त्यस घटनाले देवपाटनवासीहरू दुःखित थिए। राजा नरेन्द्रदेवले आफ्ना गुरु बन्धुदत्त आचाजुसँग त्यस राक्षसलाई कसरी मार्ने भन्ने बारेमा विचार-विमर्श गरे। बन्धुदत्तले राजासँग ३०-४० जना सिपाहीहरू मागे। उनीहरूलाई अस्त्रशस्त्र दिई राक्षसलाई समाउन बाटोमा लुकाई राखे। तर यो कुरा राक्षसले थाहा पाएकोले आएन। त्यसपछि राजा, बन्धुदत्त र सिपाहीहरू नागार्जुन पर्वतमा गई उक्त राक्षसलाई त्रिशूलले मारे। त्यो थाहा पाई देवपाटनका प्रजाहरू अत्यन्त हर्षित भए र त्यसैको सम्झनामा प्रत्येक वर्ष यात्रा गर्ने चलन चलाए।

कालान्तरमा त्रिशूलयात्रामा भुवनेश्वरीमन्दिरबाट लाशको प्रतीकस्वरूप खट निकाल्ने परम्परा पनि जोडियो। त्यस परम्परासँग सम्बद्ध जनश्रुतिअनुसार राजा अमर मल्लको समयमा भुवनेश्वरीका पुजारी भूमि आचाजु थिए। एक दिन सधैँझैँ नित्यपूजा गर्न उनी मन्दिरको आगम घरभित्र गए। दैवसंयोग त्यस दिन दीक्षा नलिएका उनका एक जना छोरा पनि पछि लागेर गएछन्। भूमि आचाजुलाई यो कुरा थाहा भएन। उनी बलि क्रियाका लागि कालो बोका पनि डोऱ्याएर गएका थिए। देवी प्रत्यक्ष भएर सो दिन म कालो बोकाको बलि लिन्नँ, तिम्रो पछि आउनेको बलि दिन सक्छौ ? भनी सोधिन्। पुजारीले पछाडि हेर्न नहुने रीतिअनुसार पछाडि नहेरिकनै देवीको प्रश्नको सकारात्मक उत्तर दिए। आफ्नो पछाडि भएको प्राणीको बलि दिनुपऱ्यो भनी पछाडि हेर्दा त आफ्नै छोरो रहेछ। उनलाई बडो धर्मसङ्कट पऱ्यो। देवीसँग वाचा बाँधेकाले बलि नदिन पनि भएन। उनी सिद्ध तान्त्रिक थिए त्यसैले कुनै उपाय निकालिहाल्छु भनेर देवीलाई छोराको बलि दिई छोराको मृत शरीरलाई कसैले थाहा नपाउने गरी कोठामा राखी ताल्चा मारेर छोरालाई बचाउने उपायको खोजीमा श्रीमतीलाई आफू केही दिनका लागि बाहिर जान लागेको तथा ताल्चा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मारेको कोठा कुनै पनि हालतमा नखोल्नू भनी अह्राई गए । श्रीमतीलाई त्यस कोठामा के छ भन्ने कुरा उनले बताएका थिएनन् । उनी अमृतको खोजीमा गए । यता घरमा छोरा हराएको तथा जतातजै खोजी गर्दा कहीँ पनि नपाएकाले खैलाबैला मच्चियो । भूमि आचाजुकी श्रीमतीले माइतीसँग सरसल्लाह गरी लोग्नेले नखोल्नू भनेको कोठामा के रहस्य छ त्यो हेर्न आफू इच्छुक भएको बताइन् । माइतीपट्टिका मानिसहरूले पनि त्यसै गर्न सल्लाह दिए । कोठा खोलियो, आखिर हराएको छोरा काटिएको अवस्थामा त्यहीँ फेला पर्‍यो । सबैले भूमि आचाजुलाई धिक्कार्न थाले । त्यसपछि सबैको सल्लाहले मृतकको अन्तिम संस्कार गर्ने निधो गरे । त्यो दिन त्रिशूलयात्रा परेकाले यात्राको अघि लाश लग्न नहुने भएकाले पछिपछि लगियो । उता भूमि आचाजु आफ्नो छोरालाई जतिसक्दो चाँडो बचाउने विचारले दौडादौड गरेर मृतसञ्जीवनी ल्याउँदै थिए । कुवकुदो भन्ने ठाउँमा आएर उनी एकैछिन विश्राम लिँदै थिए त्यत्ति नै खेर देवपाटनतिरबाट मानिसको हुल आएको देखे र त्यसको कारण जान्न सोधे । उनीहरूले भुवनेश्वरीका पुजारीले आफ्नो छोरालाई हत्या गरी ताल्चा मारी कोठामा बन्दा गरी राखेको तथा आजै मात्र मृतकको दाहसंस्कार गरिएको, सबै जना त्यहीँबाट फर्केको कुरा बताए । त्यो खवरले भूमि आचाजु अत्यन्त दुःखित भए र आफूले छोरालाई बचाउनका निमित्त ल्याएको अमृत काम नलागेको देखेर त्यहीँ घोप्टाइदिए । घोप्टाएको अमृत दूबो भएको चौरमा परेकोले दूबो अजम्बरी भयो अनि चोरमा पोखिएको अमृत कागले खाएकाले काग पनि अजम्बरी भयो भन्ने जनश्रुति चलेको छ ।

३.४.३. त्रिशूलजात्रामा गरिने विधिविधान

त्रिशूलजात्राको खास विधान 'कुमः पूजा' देखि सुरु हुन्छ । यो पूजा ज्येष्ठशुक्लषष्ठी जसलाई नेवारी परम्परामा 'सिठी नखः' भनिन्छ, सो दिन सुरु हुन्छ । त्यस दिन त्रिशूलजात्राको निमित्त आवश्यक पर्ने पाँच जना केटाकेटीहरू गुठियारहरूले छान्छन् । त्यस दिन सम्बद्ध देवीदेवताको पूजाआजा गरी ती केटाकेटीहरूलाई त्रिशूलजात्राको दिन लगाउने पोशाक र जयवागीश्वरीका परिधानहरू देखाइन्छ । ती केटाकेटीहरूलाई जयवागीश्वरीभण्डारको कोठामा विधिविधान गरी एक रात थुनिन्छ । यसलाई एक किसिमको केटाकेटीको साहसको परीक्षाका रूपमा लिएको पाइन्छ तर हिजोआज यो चलन औपचारिकतामा मात्र सीमित छ । यिनलाई नै खटमा राखी त्यस दिन जात्रा निकालिन्छ । त्रिशूलजात्राभन्दा चार दिनअघि भुवनेश्वरीका कर्माचार्य पुजारी नयाँ बानेश्वरस्थित एभरेष्ट होटलको पूर्वपट्टि रहेको कुवकुदो भन्ने स्थानमा पूजा गर्न जान्छन् । यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूजालाई 'चाकूपूजा' भनिन्छ। त्यस्तै यात्रा सकिएको चार दिनपछि पुनः सोही ठाउँमा पूजा गर्न जान्छन्। यो पछिल्लो पूजालाई 'बाकुपुजा' भनिन्छ। कुवकुदो भुवनेश्वरीका पुजारी आचाजु अमृत लिएर फर्कँदा अलप भएको ठाउँ मानिन्छ।

आषाढकृष्णअष्टमीका दिन बिहानैदेखि जयवागीश्वरी, भुवनेश्वरी, वत्सलेश्वरी र वज्रघरमा बलिसहितको पूजा हुन्छ। अपराह्न पाँच बजेतिर यात्रा प्रारम्भ हुने भएकाले त्यतिञ्जेलसम्म खट बोक्नेदेखि लिएर जात्रामा सामेल हुने सबै जम्मा भइसक्छन्। जात्राका दिन खटमा १०८ ओटा असुरोका हाँगाहरू र लुगाहरू झुण्ड्याउने चलन छ। लुगालाई राक्षसको प्रतीकका रूपमा लिइन्छ।

खटमा राख्नुपर्ने र सिङ्गार्नुपर्ने वस्तुहरू राखिसकेपछि बालवालिकाहरूलाई ल्याइन्छ। त्यसभन्दा अगाडि खटमा राखिने ती बालबालिकाहरूलाई गरिने गोप्य तान्त्रिक विधान र सिङ्गारपटार गुठियार र कर्माचार्य पुजारीको उपस्थितिमा गरिन्छ। त्यसपछि उनीहरूलाई खटमा लैजाँदा छोपेर लान्छन्। खटमा शूलले छोपेको भान पर्ने गरी उत्तानो परेको शरीरमा नाइटोमाथि शूल अर्थात् भाला देखाइन्छ। बच्चालाई नखस्ने गरी टाउको, ढाड र खुट्टामा काठको आड दिइएको हुन्छ। झट्ट हेर्दा कुनै लाशको ढाडबाट शूलले घोपेर पेटमा निकालिएको जस्तो देखिन्छ।

वत्सलेश्वरी, वज्रघर र जयवागीश्वरीमा भिन्नाभिन्नै खट तयार पारिएको हुन्छ। जात्राका दिन ती खटहरूमध्ये वत्सलेश्वरीको खटले अगुवाइ गर्दछ। त्यसपछि क्रमैसँग वज्रघरको खट यात्रामा सामेल गरिन्छ। भकुनटोल हुँदै यात्रा बालकुमारीस्थानबाट जयावागीश्वरीतर्फ गइरहँदा भुवनेश्वरी मन्दिरबाट चार जना व्यक्तिहरूले लाश झैं पहेँलो कपडाले छोपिएको वस्तु ल्याएका हुन्छन् र उनीहरू पनि यात्रालाई पछ्याउँदै पछाडि पछाडि जान्छन्। जयवागीश्वरी पुगेपछि त्यहाँको खट पनि वज्रघरबाट निकालिएको खटको पछि लाग्दछ। नवालीटोलस्थित पश्चिम ढोका हुँदै यात्रा सिफलचौरको पश्चिममोत्तर सीमाभित्र रहेको बारीमा पुग्दछ। त्यहाँ पुगेपछि ठूलो ठूलो स्वरले मनपरी अश्लील गाली गर्दछन्। तान्त्रिक विधिपूर्वक गरिने जात्रामा यस किसिमको अश्लील शब्द वा क्रियाकलाप विधिसम्मत मानिन्छ। शवरोत्सव आदि उत्सवहरूमा त्यस्ता क्रियाकलाप अनिवार्य मानिएको छ। त्यसपछि यात्रा अघिकै बाटो जयवागीश्वरीसम्म फर्कन्छ र त्यहाँबाट पाँचुटोल हुँदै लगनलाछी पुगेपछि भीमसेनस्थानको अगाडिबाट भुवनेश्वरीमा पुऱ्याइन्छ। जयवागीश्वरीबाट निकालिएको खटको भने खटमा झुण्ड्याइएका कपडाहरू त्यहीँ झिक्छन्। वत्सलेश्वरीमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुगेपछि खटयात्राको काम समाप्त हुन्छ। त्यसपछि भुवनेश्वरीमन्दिरबाट यात्राको पछाडि पछाडि निकालिएको चार जनाले बोकेको वस्तुलाई भस्मेश्वरघाट हुँदै विराटेश्वर शिवलिङ्ग रहेको घाटबाट वाग्वतीमा सेलाइन्छ। भुवनेश्वरीमन्दिरदेखि नै यसको अगुवाइ त्यहीँका पुजारीले गरेका हुन्छन्। त्यसपछि उनीहरू भुवनेश्वरी मन्दिरमा फर्किन्छन्। छोपेको कपडा र गोप्य विधानसँग राखेको शिवलिङ्गबाहेक मुस्वाँ, दूबो आदि सबै वाग्वतीमा सेलाउँछन्। शिवलिङ्गलाई गोप्यसाथ रातो कपडाले लपेटेर पुजारीले ल्याउँछन्। ती चिजहरूलाई मन्दिरमा भित्र्याउनुभन्दा अघि भुवनेश्वरीमन्दिरको पूर्वपट्टि लसकुसको विधान गरिन्छ। लसकुससम्बन्धी विधान दक्षिणामूर्ति मन्दिरका राजोपाध्याय पुजारीको आचार्यत्वमा हुन्छ। यसपछि जात्रामा समावेश गरिएको शिवलिङ्गलाई मन्दिरमा भित्र्याइन्छ।

उता वत्सलेश्वरीको प्राङ्गणमा खटका बालकबालिकाहरूलाई ओरालिन्छ। नुहाइ धुवाइ गरेपछि जयवागीश्वरी खटका केटाकेटीलाई जयवागीश्वरीमा र वज्रघर तथा वत्सलेश्वरी खटकालाई भुवनेश्वरीमा लगी गोप्य विधान गरिन्छ। त्यसपछि उनीहरू विश्राम गर्छन्। त्यसवेला उनीहरू निदाउँछन्। यात्रामा प्रत्यक्ष भाग लिने गुठियारहरूले उनीहरू नब्युँझिएसम्म खाना खानु हुँदैन भन्ने चलन छ। उनीहरू ब्युँझिएपछि खान दिनका लागि विभिन्न किसिमका व्यञ्जन तयार पारिएको हुन्छ। त्यसपछि भुवनेश्वरी र जयवागीश्वरीका पुजारीहरू पशुपतिनाथमा पूजा गर्न जान्छन्। त्यसै दिन बेलुका भुवनेश्वरीका पुजारीले जात्रामा लगिएको शिवलिङ्गलाई कपडामा लपेटेर देवपाटनभरि घुमाउँछन्। एक दुई जना अन्य सहयोगीका साथ उक्त कार्य गरिन्छ। भोलिपल्ट त्रिशूलजात्राको अवसरमा लाशको प्रतीकस्वरूपको खट बोक्ने बिसेटहरूलाई भुवनेश्वरीमन्दिरमा भोज ख्वाइन्छ। यस जात्रामा पशुपतिका सबै बिसेटहरूले सक्रिय रूपमा भाग लिनुपर्छ।

त्रिशूलयात्रा छुटगुठीअन्तर्गत पर्दछ। आजकल यसको सञ्चालनको केही खर्च गुठीसंस्थानले भुवनेश्वरीका पुजारीलाई दिन्छ। उनैमार्फत यो यात्रा सञ्चालन हुने गरेको छ।

यस जात्राको एउटा विशेषता के हो भने लाशको प्रतीकका रूपमा रहने खटमा भएको 'मु:स्वाँ' लाई वाग्वतीमा सेलाएपछि मु:स्वाँको याम गयो भनी नयाँ फूल नफुलुन्जेल त्यसको प्रयोग गर्दैनन्।

३.५. देशोद्धारपूजा

देवपाटनमा चार वर्णहरू ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रबाट राष्ट्रको कल्याण तथा समृद्धिका लागि वैदिक तथा तान्त्रिक विधिविधानद्वारा पिङ्गला

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थात् वज्रेश्वरीको पीठमा चैत्रकृष्ण एकादशीदेखि पिशाच चतुर्दशीका दिनसम्म गरिने विशेष पूजालाई देशोद्धारपूजा भनिन्छ ।

३.५.१. देशोद्धारपूजासम्बन्धी जनश्रुति

देशोद्धारपूजाको सम्वन्धमा प्रचलित एउटा जनश्रुतिअनुसार घण्टाकर्ण नामको राक्षसले एक पटक नेपालमा ज्यादे अत्याचार गरेको थियो। जताततै त्राही-त्राही थियो । ऊ भगवान् शिवको दर्शनको निमित्त दिनहुँ पशुपति जान्थ्यो तर त्यहाँ विघ्न मच्चाउन भने पछि पर्दैनथ्यो । त्यो कार्य देखी एक दिन त्यहाँकै चार वर्ण मिली त्यसको अत्याचार रोक्न वज्रेश्वरीमा गई प्रार्थना गरे । वज्रेश्वरीले भगवान् शिवकी अर्धाङ्गिनी वत्सलेश्वरीलाई गुहारी शिवसँग घण्टाकर्ण राक्षसको अमानवीय कार्य तथा अत्याचार रोक्न अनुरोध गरिन् । अनुरोधअनुसार भगवा्न शिवले यो शक्तिक्षेत्रमा जथाभावी नगर्न घण्टाकर्णलाई बाध्य गराई उत्तरापन्थमा पठाइदिए । शिवजीले त्यसरी पठाइदिँदा उसलाई खुब चोट पऱ्यो र रोयो । त्यस्तो देखि उसलाई वर्षमा दुई पटक घण्टाकर्णचतुर्दशीको दिन दिनभरि र पिशाचचतुर्दशीको वेला रातभरि कनै विघ्न नगर्ने शर्तमा बस्ने अनुमति दिए । यो कथनअनुसार घण्टाकर्णको अत्याचारबाट मुक्ति पाउन देशोद्धारपूजा चलेको हो भन्ने आशय रहेको छ ।

३.५.२. देशोद्धारपूजामा चारै वर्णको सहभागिता

देशोद्धारपूजामा नवालीटोलको पश्चिम ढोकादेखि देवपाटन पाँचुटोलनजिकको कुँछेँसम्मका चार वर्णका मानिसहरूले पूजामा पालो पाउने चलन छ । देशोद्धारपूजामा पालो लिई पूजा गर्ने देवपाटनका चार वर्णहरूमध्ये ब्राह्मणमा राजोपाध्याय, क्षत्रियमा वैद्य, भँडारी, शाक्य र पशुपतिका पाँच कवलमध्ये एक कवलका बिसेट, वैश्य समूहमा डङ्गोल, नापित र मानन्धर, शूद्रमा सङ्गत पर्छन् । तिनीहरूमध्ये आआफ्नो समूहमा पालो लिई पूजा गरिसकेको बाहेक जन्मकुण्डलीअनुसार जो जेठो छ, उसले पालो लिई देशोद्धारपूजा चलाउनुपर्दछ । देशोद्धारपूजामा ब्राह्मणबाहेक अन्य तीन वर्णको पालो जीवनमा एक पटक मात्र आउने हुनाले पनि त्यहाँका मूल प्राचीन बासिन्दाले यसलाई विशेष उत्साहसाथ मनाउँछन् । ब्राह्मण समूहका राजोपाध्यायमा चाहिँ थकाली जो छ उसैले जीवनपर्यन्त प्रतिनिधित्व गर्नुपर्ने प्रचलन छ ।

वैश्य वर्णमा उहिले मानन्धरहरू देशोद्धारपूजाका अधिकारी थिएनन् । उनीहरूले कसरी पालो पाए भन्ने सम्बन्धमा एउटा लोकोक्ति प्रचलित छ । उहिले एक जना डङ्गोल थरका बलवान् व्यक्ति देवपाटनमा बस्दथ्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

देवपाटनका बासिन्दाहरू मर्दापर्दा डङ्गोलहरू मलामी जान्थे त्यही चलनअनुसार ऊ पनि अन्त्येष्टि क्रियामा मलामीलाई सघाउन जान्थ्यो। त्यसरी मलामी जाने गर्दा दाहकार्यमा गर्नुपर्ने सबैजसो काम आफू एक्लैले सजिलोसँग गर्न सक्ने भएकाले अरू मलामी साथीहरूलाई अन्त्येष्टिको सम्पूर्ण काम नसकिँदै घर फर्काइदिने गर्दथ्यो। एक दुई पटक यस्तै भयो। मान्छेको अन्त्येष्टिजस्तो कुरा लाग्ने समयभन्दा ज्यादै कम समयमा सकेर आएको देख्दा अरू साथीहरूको मनमा चिसो पस्यो। उसको कार्यप्रति अविश्वास र शङ्का लागी एक पटकको त्यस्तै अन्त्येष्टिमा चियो बस्ने निधो गरेअनुसार बसे। त्यस वेला उनीहरूले के थाहा पाए भने ऊ त स्वयं मृतकको लाश पोलेर खाँदो रहेछ। एक कान दुई कान सबैतिर त्यो कुरा फैलियो। ऊ समाजबाट परित्यक्त भयो। त्यसपछि ऊ पशुपतिकै जङ्गलमा लुकेर बस्न थाल्यो। जङ्गलमा बस्न थालेपछि ज्यूँदै मानिस पनि खान थाल्यो। समाजमा हाहाकार भयो। तिनै कुकृत्यले गर्दा ऊ 'बालादैत्य' नामबाट प्रसिद्ध भयो। बालादैत्यलाई मार्न अनेक प्रयासहरू भए तर सबै कार्य निष्फल भइको देखी त्यतिखेरका काठमाडौँका राजाले उसको मीत देवपाटनको एक जना मानन्धरलाई अनेक प्रलोभन दिई बालादैत्य मार्ने काममा लगाए। मीतप्रति शङ्का गर्ने कुरै थिएन। मीतले हातहतियार खर्पन मुन्तिर लुकाई माथितिर मीठो मीठो खाने कुरा लिएर बालादैत्यलाई भेट्न जङ्गलतिर लाग्यो। अनेकौँ प्रयासपछि बल्ल बल्ल एक दिन पत्ता लगाई केही नगर्ने सर्तमा पहिले आफूले लगेको मीठो मीठो खाने कुराहरू खान दिई आफ्नो काखमा सुतायो। घरसमाजबाट परित्यक्त भई जङ्गलमा बसेको हुनाले कपाल लामा लामा भई जुम्रा परिसकेको थियो। हातखुट्टाका नङहरू राक्षसको जस्तो भइसकेको थियो। मीतले टाउकोको जुम्रा हेरिदिन थालेकाले बालादैत्य मीतको काखमा मस्तसँग सुत्यो। सुतेको मौका पारी उसले बालादैत्यको टाउको गिँड्यो। त्यो खबरले सबै खुसी भए। बालादैत्यलाई मारेवापत राजाले ती मानन्धरलाई प्रशस्त जग्गा-जमीन इनाम दिए। त्यस कामले खुशी भएर त्यसै वेलादेखि राजाले र उसका सन्तान मानन्धरहरूलाई देशोद्धारपूजामा पालो लिन पाउने गरिदिए भन्ने अनुश्रुति छ (यो अनुश्रुति मलाई मृत्युञ्जय कर्माचार्यले बताएका थिए)।

३.५.३. देशोद्धारपूजाको परम्परागत विधिविधान

देशोद्धारपूजाको परम्परागत चलनअनुसार जातवाला जेठो छोराले मात्र पालो लिन पाउँछ। पालोवालाको घरमा सो पूजा छेक्ने गरी जूठोसूतक परेमा अरूको घरमा सरेर भए पनि पूजा उतार्नुपर्ने चलन छ। प्रत्येक वर्ष चैत्रकृष्णएकादशीमा आआफ्नो मूल घरबाट ब्राह्मण, क्षत्रिय,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वैश्य, शूद्रको पूजासामानहरू क्रमशः पशुपति अमालकोटको अगाडिको डबलीमा राखिन्छ। चैत्रकृष्णद्वादशीका दिन देवपत्तन, सिफलको ढोकादेखि भुवनेश्वरीतर्फ जाने कुनाछे टोलभित्रका ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र वर्णका एक एक व्यक्तिले वज्रेश्वरीको पीठमा गई निम्ता गरिएका जनप्रतिनिधिबाट पुजारीमा वरण गरिएको प्रतीकस्वरूप फेटा ग्रहण गर्छन्। यसरी वरण गरिएका व्यक्तिहरूबाट त्रयोदशीका दिन कुमारीपूजा गरिन्छ। चतुर्दशीका दिन बाजा बजाउने कुसले, दमाईं, डङ्गोल, आदिलाई सेता कपडाको धरोले फेटा बाँधिदिएर सिन्दूर लगाइदिएपछि पूजासामग्रीसहितको लस्कर गौशालाको पूर्वपट्टिको परम्परागत मुर्दा बाटो हुँदै वनकालीको गोरखनाथ मन्दिर निस्केर सो मन्दिरदेखि पूर्वपट्टिको छेडोबाट वज्रेश्वरीपीठमा पुग्दछ। यो काम साँझपख हुन्छ। पूजासामग्री पीठमा पुऱ्याएपछि पीठको सिङ्गारपटारको काम हुन्छ। पूजासामग्री त्यहाँ पुऱ्याउनासाथ देशोद्धारपूजामा संलग्न हुने कर्माचार्य पुरोहित वत्सलेश्वरी मन्दिरमा आई अन्नप्राशनको विधान गर्दछन् जसमा भातले पीठको मुखमात्र देखिने गरी छोपेर पूजा गरिन्छ। त्यस्तै वत्सलेश्वरीपीठवरपर पञ्चगणेश, यमराज, अनन्तनारायण, भैरव, जयमङ्गला आदिमा भात र फूलअक्षता चढाई 'चाख पूजा' गर्छन्। पीठलाई छोपेको भात कसाईले झिक्नुआगाडि स्याललाई खुवाउनुपर्ने चलन छ। पहिलेपहिले त्यो भात खान स्याल आफैं आउँथ्यो रे तर अहिले भने कुकुरलाई स्यालको प्रतीक सम्झी खुवाएपछि मात्र पालोवाला कसाईले लिने चलन छ। वत्सलेश्वरीमन्दिरको अन्नप्रकाशनको काम सकिएपछि त्यहाँ पूजा गर्ने पुरोहित नै वज्रेश्वरीपीठमा जान्छन् र देशोद्धारपूजाको काम प्रारम्भ गर्छन्।

त्यतिञ्जेलसम्म वज्रेश्वरीपीठमा सिङ्गारपटार तथा लिपपोतको काम सकिइसकेको हुन्छ। सङ्कल्प आदि प्रारम्भिक चरणको काम सकिएपछि 'भेलुपा' (भैरवको प्रतीक) अगाडि बलिको काम हुन्छ। बलिको कार्य हुँदा पञ्चेबाजा, धिमेबाजा आदिबाट विभिन्न धुनहरू बजाइन्छ। त्यो कार्य सकिएपछि चारै वर्ण वर्णक्रमानुसार वज्रेश्वरीको अगाडि बसी पूजाआजा गर्छन्। त्यो सकिनासाथै कर्माचार्य पुरोहितले पुनः वज्रेश्वरीको पूजा गर्छन्। त्यसको लगत्तै वर्णक्रमअनुसार चारै वर्ण वज्रश्वरीपीठको पश्चिम भागको भित्तामा बस्दछन्। उनीहरूको प्रत्येकको अघिल्तिर सुकुन्दा, दीप र कलश हुन्छ। सबैले कर्माचार्यले भनेबमोजिम कलश, दीप तथा सुकुन्दामा पूजा गर्छन्। त्यतिखेर चार जना कर्माचार्यहरूले एक एक वर्णको पौरोहित्याइँ गरिरहेका हुन्छन्। देशोद्धारपूजामा कर्माचार्यकै आचार्यत्व प्रधान रहन्छ। त्यसपछि देशोद्धारपूजामा सहभागी राजोपाध्यायबाट तीन वर्णका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सहभागीहरूलाई टीका लगाई फूलप्रसाद दिन्छन् । त्यसैगरी अन्य उपस्थित व्यक्तिहरूलाई पनि राजोपाध्याय तथा कर्माचार्यले फूलप्रसाद दिन्छन् । त्यसपछि आमन्त्रित व्यक्तिहरूलाई देशोद्धारपूजाको पालो पर्नेमध्ये कुन वर्णले डाकेको हो उसलाई आफूले लगेको करिब एक डेढ गज लामो सेतो कपडाले फेटा गुताइदिन्छन् । फेटा गुत्ने काम सकिएपछि पूजाको प्रारम्भमा बलि गरिएको राँगोको टाउकोलाई आठ टुक्रा गरी कसाईले भाग लगाई आदरसाथ दिन्छ । त्यसलाई अष्टसिद्धिका रूपमा दिने चलन नेवार समुदायमा रहेको छ । त्यो काम सकिनासाथ वज्रेश्वरीपठिको दक्षिणपट्टि रहेको पाटीमा चारै वर्ण तथा बाजा बजाउने कुसले, दमाईं आदिलाई 'मु समय बजी' भनेर बारा, भुटेको च्यूरा, कालो भटमास र रक्सी आदि दिइन्छ । त्यसपछि चारै वर्णका पालो लिएका व्यक्तिहरूलाई सगुनस्वरूप समयबजी बाँडिन्छ । प्रसादस्वरूप समयबजी खाइसकेपछि पहिले आएकै बाटोबाट फर्किन्छन् र जयवागीश्वरीमा पुगेपछि पालो लिई पूजा गरी फर्केका तीनै वर्णले ब्राह्मण राजोपाध्यायलाई तीन पटक परिक्रमा गरी आदरपूर्वक खुट्टामा ढोगी अर्को वर्षको पालो पर्नेलाई पालो दिन आआफ्नो मूलघरमा जान्छन् । मूलघरको आगमनमा फूल, प्रसाद, चढाइसकेछि अर्को साल पालो पर्नेलाई जिम्मेदारी दिइन्छ । अर्को सालको पालो पर्नेलाई सगुन, प्रसाद आदिमा दान दिइसकेपछि देशोद्धारपूजाको मूलकार्य त्यस वर्षको लागि सकिन्छ । औंसीका दिन श्रीवज्रेश्वरीको खटजात्रा गरिन्छ । यो खटजात्रा प्राचीन कालमा पोडेहरूको बस्ती भएको इँटाटोलबाट आगमघरमा राखिएकी वज्रेश्वरीलाई खटमा राखी पशुपतिक्षेत्रभरि घुमाउने परम्परा रहेको छ । देशोद्धारपूजाको पालो पर्नेले सो पूजा नसकुन्जेल प्रत्येक शनिवारको दिन वज्रेश्वरीपीठमा गई पूजाआजा गर्नुपर्ने चलन छ । डङ्गोलहरू देशोद्धारपूजा हुनुभन्दा दिनअघिदेखि नै कलशपूजा गर्छन् । खास गरी डङ्गोलहरूमा देशोद्धारपूजाकै उपलक्ष्यमा व्रतबन्ध गरिने भएकाले पूजाको प्रतीक्षामा बसेका हुन्छन् । सङ्घतहरूमा यो पूजाको पालो नलिएमा आफ्नो समाजमा प्रतिष्ठा नरहने धारणा भएकाले जसरी भए पनि पालो लिन्छन् । देशोद्धारपूजालाई देवपाटनमा बडो श्रद्धा र आदरसाथ हेरिन्छ । यो पूजाको पालो लिइसकेपछि नेवार समुदायमा अत्यधिक प्रचलित 'जङ्कु' अर्थात् बूढो पास्नीसमेत गर्नुपर्दैन भन्ने भनाइ छ । पालो परेअनुसार ज्यापू र धोबीलाई थकालीमा मनोनयन गरिन्छ ।

३.६ गङ्गामाईजात्रा

प्रत्येक वर्ष आषाढशुक्लसप्तमीको दिन देवपाटनमा गङ्गामाईको जात्रा सम्पन्न हुन्छ । वैदिक संस्कृतिमा गङ्गाको अत्यधिक महत्त्व छ । यसैले नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नदीनाला समुद्रलाई पवित्र, माङ्गलिक र तीर्थको स्वरूप हुन् भनेर मानिएको छ। पशुपतिनाथ मन्दिरको पूर्वपट्टि स्थित वाग्वतीको किनारमा गङ्गामाईको गुम्बज शैलीको सानो आकारको मन्दिर रहेको छ। त्यही मन्दिरबाट गङ्गामाईको जात्रा प्रारम्भ हुन्छ। मन्दिरभित्र गङ्गामाईको सङ्गमर्मरको मूर्ति रहेको छ। यो मन्दिरको स्थापना कसले गरेको हो त्यस बारेमा बताउने सामग्री पाइएको छैन। केही स्थानीय बूढापाकाहरू यस मन्दिरको स्थापना गङ्गारानीले गरेको बताउँछन्। अनावृष्टि, अतिवृष्टिजस्ता प्रकोप नहोऊन् भन्ने उद्देश्यबाट यो जात्रा गरिएको हो भन्ने बूढाबूढीहरूको कथन छ। यस जात्रामा शार्दूलजङ्ग पल्टनको उपस्थितिले जात्रामा रौनकता थप्ने गरेको छ। यात्राको प्रारम्भ हुनुअघि पशुपतिभण्डार तहबिल तैनाथका कुसलेहरू बाजा बजाउँदै यात्रा सञ्चालनको स्वीकृतिका लागि पशुपतिनाथका मूल पुजारीकहाँ जानुपर्ने चलन छ। मूल पुजारीले स्वीकृति दिएपछि तिनीहरू बाजा बजाउँदै पशुपतिमन्दिरलाई प्रदक्षिणा गरी पूर्वपट्टिको ढोकाबाट गङ्गामाईमन्दिरमा जान्छन्। जात्राको अवसरमा निकालिने ढलोटको मूर्ति त्यस वेला मन्दिरमा ल्याएर राखिसकिएको हुन्छ। बाजागाजासाथ आएका भुवनेश्वरीको पुजारी कर्माचार्यले सो ढलोटको मूर्ति बोकेर बाजाको साथ वज्रघरअगाडि खट राखेको ठाउँमा पुगी मूर्तिलाई खटमा विराजमान गराउँछन्। गङ्गामाई खटमा विराजमान गराइएको शुभ अवसरमा शार्दूलजङ्ग पल्टनका जवानहरूले हर्षबढाइँ स्वरूप दुई पटक बन्दुक पड्काउँछन्। देवपाटनमा हुने अरू जात्राहरूमा भन्दा यो जात्राको बाटो अलि फरक छ। वज्रघरबाट पूर्वपट्टि हुँदै प्रचदेवलको पूर्वपट्टिको मूल बाटो, लामपोखरी, वनकाली, गौशाला, जयवागीश्वरी, नवालीटोल हुँदै ताम्रेश्वरको मन्दिरको प्रदक्षिणा गरेर नवालीटोल, जयवागीश्वरी, दथुटोल, पाँचुटोल हुँदै पशुपतिमन्दिरको पश्चिमपट्टिको मूल ढोकामा पुऱ्याइन्छ। पशुपतिमन्दिरको पश्चिमपट्टिको मूल ढोकामा एकछिन विश्राम गरेपछि लगनलाछी, भुवनेश्वरीटोल हुँदै वज्रघरमा पुगेपछि खटलाई तल राखिन्छ। सो अवसरमा पुनः दुई पटक बन्दुक पड्काउने चलन छ। यात्राभर शार्दुलजङ्ग पल्टनका जवानहरूले अगुवाइ गरेका हुन्छन्। श्रद्धासाथ कुसलेबाजा, कसाईबाजा, डङ्गोलबाजा, दमाईंबाजा बजाउनेहरू शोभायात्रामा सोमल हुने हुनाले जात्रालाई भव्यता थपेको स्पष्ट देखिन्छ। जात्रालाई राजकीय सम्मान प्रदान गर्ने काममा हनूमान्ढोकाबाट राष्ट्रप्रमुखको प्रतीकस्वरूपको खड्ग र दुईओटा छडी ल्याइन्छ। खड्गलाई रथमा नै राखेको हुन्छ भने छडीचाहिँ छडीवालले जात्रामा बोकेर हिँड्छन्। यो जात्रा चलाउन गुठीसंस्थान,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पशुपति अमालकोट कचहरी एवं पशुपति गोश्वराले सहयोग गर्ने व्यवस्था छ ।

३.७. दूदू च्याँच्याँ

पशुपतिक्षेत्रमा हुने देशोद्धारपूजा, वत्सलेश्वरीजात्रा र वज्रेश्वरीजात्रा आदिका अवसरमा विभिन्न देवीदेवतालाई निमन्त्रणा गरिने विधानका रूपमा दूदू च्याँच्याँलाई लिइन्छ । पशुपतिनाथले मातृका शक्तिहरूलाई पशुपतिक्षेत्रमा हुने जात्राहरूको अवसरमा निमन्त्रणा गर्दा दूध खाने काखे बच्चा तथा हुकिर्एका बच्चाहरूसमेत यात्रामा लिएर आउनू भन्ने आशय दूदू च्याँच्याँ शब्दले बोकेको छ भन्ने गरिन्छ ।

३.७.१. दूदू च्याँच्याँसम्बन्धी जनश्रुति

दूदू च्याँच्याँका सम्बन्धमा अनेक जनश्रुतिहरू सुन्न पाइन्छन् । तिनीहरूमध्ये एउटा जनश्रुतिअनुसार उहिले कुनै वेला देवपाटनको दक्षिणपट्टिको फाँटमा मातृका गणका देवीहरू सबै दुःखसुखका कुरा गर्न जम्मा हुन्थे । त्यहाँ कङ्केश्वरी पनि आउँथिन् । उनको एक जना कोचिला नामको अत्यन्त प्यारो भक्त थियो । ऊ सधैँ कङ्केश्वरीको सेवामा रहन्थ्यो । कङ्केश्वरीले एक पटक मातृका देवीहरूको भोजमा कोचिलालाई पनि लिएर गइन् तर देवीदेवताको भोजमा आफू मनुष्य भएर जानु ठीक होइन कि भनेर ऊ भोज हुने ठाउँमा पुगेपछि एउटा रुखमाथि चढेर मातृका देवीहरूको भोजमा भएको सबै क्रियाकलाप हेर्न थाल्यो । त्यहाँ जम्मा हुनुपर्ने सबै मातृका गणहरू एकपछि अर्को हुँदै जम्मा भए । त्यसपछि उपस्थित सबैलाई खानेकुरा भागबण्डा लगाइयो तर त्यहाँ उपस्थित देवीहरूभन्दा एक भाग बढी हुन गयो । जति पटक भाग लगाए पनि एक भाग बढी भएको देखी भाग पस्किन बसेकी सेतै कपाल फुलेकी वृद्ध देवीले वास्तविक कुरा के हो ? कसले के त्रुटि गरेको छ ? तुरुन्त भन्न अनुरोध गरिन् । त्यस्तो देखी कङ्केश्वरीले डराएर हात जोड्दै आफूले साथमा ल्याएको कोचिला भक्तको बारेमा बताइन् । त्यसपछि सबै देवीहरूले साथमा आएको भक्तलाई नडराइकन भोजमा सम्मिलित हुन आग्रह गरेकाले कोचिला पनि भोजमा सहभागी भयो । केही दिनपछि कोचिलाले एकान्तको मौका पारेर देवी कङ्केश्वरीलाई मैले हजुरलाई सबभन्दा ठूलो ठानेको थिएँ तर हजुरले पनि आदरभाउ गर्नुपर्ने सेतै कपाल फुलेकी सबैलाई भाग पस्किने वृद्धा हुनुहुँदो रहेछ, उहाँ को हो भनी सोध्यो । त्यसको जवाफमा कङ्केश्वरीले उहाँ हामीहरूमा सबैभन्दा जेठी, सबैले मान गर्नुपर्ने शिवकी प्रिया वत्सलेश्वरी हुनुहुन्छ भनिन् । त्यो कुरा थाहा पाई कोचिलाले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वत्सलेश्वरीलाई साष्टाङ्ग दण्डवत् गरी उनको नाममा एउटा जात्रा चलाउने विचारले वत्सलेश्वरीसँग स्वीकृति माग्यो। उक्त जात्राका लागि पशुपतिनाथले नै सबै देवीहरूलाई निमन्त्रणा पठाउने हो भने जात्रा गराउन आफू राजी भएको वत्सलेश्वरीले बताएपछि कोचिलाले अनेक अनुनय-विनय गरेर पशुपतिनाथलाई राजी गरायो। यसप्रकार दुदुच्याँच्याँको प्रचलन सुरु भएको जनश्रुति पाइन्छ।

३.७.२. दूदू च्याँच्याँको पारम्परिक विधिविधान

दूदू च्याँच्याँको दिन स्थानीय डङ्गोलहरूले पशुपति अमालकोट कचहरीबाट एउटा सानो खट ल्याई पशुपतिमन्दिरको दक्षिण पश्चिम कुनामा राख्छन्। यो काम साँझतिर हुन्छ। त्यसपछि त्यो खटको छानामा ध्वजापताकाहरू राखी सिङ्गारिन्छ। सुनको मोलम्बायुक्त गजुर पनि खटको छानामा राखिन्छ। त्यतिञ्जेलसम्म बाजा बजाउने कुसले, नगरा बजाउने दमाईं, मूल भँडारी, खट बोक्ने डङ्गोलहरू र अन्य सम्बद्ध व्यक्तिहरू जम्मा भइसक्छन्। खटको तयारी तथा रैरकमीहरू जम्मा भइसकेपछि पशुपतिमन्दिरभित्रबाट तामाको करिब आठ इञ्च उचाइको चतुर्मुखी शिवलिङ्ग ल्याई खटमा राखिन्छ। त्यस वेलासम्म पशुपतिनाथको सन्ध्याकालिक पूजा र आरती सम्पन्न भइसकेको हुन्छ। त्यसपछि पशुपतिनाथको दक्षिण मुखका भट्ट सो खट राखिएको ठाउँमा आउँछन् र खटमा राखेको शिवलिङ्गलाई पूजा गर्छन्। उक्त शिवलिङ्गलाई पशुपतिकै प्रतिकृति मानी दूदू च्याँच्याँ जात्रामा लगिन्छ। त्यहाँ गरिने पूजाआजा सकिएपछि जात्रा प्रारम्भ हुन्छ। आशागुर्जा लिएका दुई जना परिचरहरू तथा बाजागाजा टोलीले यात्राको अगुवाइ गर्छन्। पशुपतिमन्दिरको पश्चिम ढोकाबाट सुरु भएको सो जात्रा लगनलाछी, पाँचुटोल, नवालीटोल, सिफल हुँदै अगाडि बढ्छ। भण्डारेश्वरमा पुगेपछि उक्त मन्दिरको प्रदक्षिणा गरिन्छ। त्यसपछि सानो गौचर पूर्वको बाटो हुँदै ज्ञानेश्वर महादेवको प्रदक्षिणा गर्न खटलाई मन्दिरभित्र लगिन्छ। ज्ञानेश्वर महादेवको प्रदक्षिणापछि जात्रा पुनः सानो गौचर हुँदै भगवतीबहाल, चारढुङ्गे, नागपोखरी, हात्तीसार, लालदरवार, तीनधारा, जमल, कमलाक्षी पुग्छ। खट त्यहाँ पुगेपछि नरदेवीको श्वेतकालीमन्दिरका कुमारी, भैरवी, वाराही आदि उक्त खटलाई सहर भित्र्याउन धिमेबाजा बजाउने टोलीका साथ त्यहाँ उपस्थित हुने चलन छ। त्यस अवसरमा विभिन्न भजन समूहका गायकहरू त्यहाँ भक्तिसङ्गीत प्रस्तुत गर्न उपस्थित हुन्छन्। स्थानीय भक्तजनहरू पनि पूजाआजाका लागि त्यहाँ भेला हुन्छन्। केही बेर पूजाआजा भएपछि नरदेवीमन्दिरका तर्फबाट आएको बाजागाजा र रैरकमीहरूका साथ सो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जात्रा अगाडि बढ्छ । परम्परागत रूपमा मुर्दा लाने बाटो मानिँदै आएको 'सिँ लँ' मा बाजा नवजाई चुपचाप मौन भएर यात्रा अघि बढ्ने चलन अद्यापि कायम छ । त्यसपछि सो खटयात्रा अशनको अन्नपूर्णामन्दिरलाई दायाँ पारी बालकुमारी, इन्द्रचोक, मखनटोल हुँदै हनूमान्ढोका पुग्छ । हनूमान्ढोकास्थित हनूमान्लाई दायाँ पारी आकाशभैरवअगाडिको बाटो हुँदै सो खटयात्रा कुमारीघरको उत्तरपट्टिको साँगुरो बाटो भएर मजिम्पाट निस्की जैसीदेवल पुग्छ । त्यहाँ पुगेपछि भोज र पूजासामग्री खर्पनमा बोक्ने मानिस र केही बाजा बजाउनेहरू पचलीभैरवमा पूजा गर्न जान्छन् । पशुपतिनाथको प्रतिकृति राखेको खट र अरू रैरकमीहरू भने जैसीदेवलको पूर्वपट्टिको बाटो हुँदै लगनडबलीमा पुग्छन् । त्यहाँ खटलाई दोस्रो पटक बिसाइन्छ । पचलीभैरवमा पूजाआजा गर्न तथा भोग अर्पण गर्न गएको समूह त्यहाँ नफर्कुन्जेल खटलाई त्यही डबलीमा राखिन्छ । त्यसक्रममा श्रद्धालु स्थानीय व्यक्तिहरू दर्शनपूजन गर्नका लागि त्यहाँ जम्मा हुन्छन् । पचलीभैरवमा पूजाआजा गर्न गएको समूह फर्केर खट बिसाइएको स्थान लगनडबलीमा आइपुगेपछि जात्रा पुनः अगाडि बढ्छ । लगनडबलीबाट जात्रा अगाडि बढ्ने क्रममा यङ्गाल निस्की त्यहाँबाट पश्चिम हुँदै मजिम्पाट निस्केर पहिले गएकै बाटोबाट सिंहमण्डप र काष्ठमण्डपलाई दायाँ पारेर मरुगणेश हुँदै प्यافलको बाटोबाट खटजात्रा नरदेवी पुग्छ । खटयात्रासँगै आएका पशुपतिनाथको दक्षिण मुखका पुजारी खटभन्दा अगाडि नै नरदेवीमन्दिरमा पुगिसक्ने हुनाले नरदेवीमन्दिरको तर्फबाट हुने पूजा उनैले गर्छन् ।

नरदेवीमन्दिरमा यात्राको साथ लगेको शिवलिङ्गको पूजाआजा सकिएपछि खटयात्रा न्ह्याँकन्तला, असन, कमलाक्षी, तीनधारा हुँदै कमलपोखरी, ज्ञानेश्वर, कालोपुल, सिफल, जयवागीश्वरी, पाँचुटोल भएर पशुपतिमन्दिरमा लगिन्छ । त्यहाँ पुग्दा रातको करिब १२-१ बज्छ । पशुपतिमन्दिरको प्राङ्गणमा पुगेपछि त्यहाँका देवीदेवताहरूलाई दायाँ पार्दै परिक्रमा गरेपछि पूर्वपट्टिको ढोकाबाट वाग्वती, आर्यघाट भई वत्सलामन्दिरको प्रदक्षिणा गरिन्छ । त्यसपछि भङ्गेश्वरीको बाटो भई गुठियार पालोवाला मूल भँडारीको घरमा खटलाई पुऱ्याइन्छ । त्यहाँ परम्पराअनुसार लसकुस गरी पशुपतिनाथको प्रतिकृतिलाई पालोवाला भँडारीको घरमा भित्र्याइन्छ । यसरी लसकुस गरी खटयात्रामा लगिएको शिवलिङ्गलाई पालोवाला भँडारीको घरमा भित्र्याएपछि उनैको घरमा यात्रामा सहभागी बाजा बजाउने कुसले, दमाईं, चिराग बाल्दै हिंड्ने चिरागी तथा पिचालाई भोज खुवाइन्छ । त्यो दिन पशुपतिनाथको प्रतिकृतिस्वरूप शिवलिङ्ग पालोवाला भँडारीकै घरमा राखिन्छ र भोलिपल्ट सो प्रतिकृतिलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पशुपतिमन्दिरमा बुझाइन्छ। यसप्रकार देवपाटनमा हुने वत्सलेश्वरीयात्रा, देशोद्धारपूजा एवं वज्रेश्वरीजात्राका लागि सहरका विभिन्न देवीदेवताहरूलाई गरिने निमन्त्रणास्वरूप दुदुच्याँच्याँ सम्पन्न भएपछि पशुपतिक्षेत्रका उपर्युक्त जात्राहरू प्रारम्भ हुन्छन्।

यात्रामा संलग्न हुने पिचा अर्थात् खर्पनमा भात, फलफूल, अक्षता आदि पूजासामग्री बोक्ने व्यक्ति भुवनेश्वरीमन्दिरको तर्फबाट आउँछ। यात्राका क्रममा बाटोमा पर्ने मूर्ति तथा मन्दिरहरूमा ती पूजासामग्रीहरू चढाउने जिम्मा पिचाको हुन्छ। त्यसैगरी दूदू च्याँच्याँको खटयात्रा चलाउने पालो परेका मूल भँडारीकहाँबाट यात्राको दिन बाटोमा चिराग बाल्ने बन्दोबस्त भएको हुन्छ। साथै उनैले बाटोमा पर्ने देवीदेवताहरूको मन्दिरमा धूप बाल्ने व्यवस्था मिलाएका हुन्छन्। ती कामहरूका लागि गुठी राखिएको छ, त्यसैको आम्दानीले ती कार्यहरू गर्नुपर्छ।

३.८. नवदुर्गानृत्य

पशुपतिक्षेत्रमा प्रत्येक वर्ष मार्गशुक्लनवमीका दिन भक्तपुर सहरबाट नवदुर्गाको खट देवपाटनमा ल्याइन्छ। सिफलको चौरमा नवदुर्गा ल्याई राखेपछि विशेष पूजा हुन्छ। त्यहाँ सबै देवीदेवताको पूजा सकेपछि नवदुर्गाको खटलाई देवपाटन घुमाई पूजा गरिन्छ। पशुपति सदावर्तबाट पनि नवदुर्गाको पूजा गरिन्छ र चालीस हाँडीमा चामल, दाल, नून, तेल, घिउसमेत गरी उक्त दुर्गा ल्याउने रकमीहरूलाई दिनुपर्दछ। यसपछि सानो सदावर्त गुठी पूजा गरिन्छ र पशुपतिमन्दिर परिक्रमा गरी नृत्य सकेपछि पशुपति भण्डार तहबीलबाट नवदुर्गाको पूजा गर्नुपर्दछ। पशुपतिमन्दिरबाट नवदुर्गा नृत्यमण्डली राजराजेश्वरीमा पुग्दछन्। त्यहाँको पूजा र नृत्य सकेपछि बेलुका नवदुर्गाको खट जयवागीश्वरीमा ल्याइन्छ। जयवागीश्वरीअगाडिको डबलीमा राति कुमारी च्याटाँ भन्ने नवदुर्गानृत्य प्रस्तुत गरिन्छ र त्यहाँ पनि विशेष पूजा हुन्छ। त्यसपछि मृत्युञ्जय ननीचोकमा लगी नृत्य गर्दा विशेष पूजा हुन्छ। त्यसको भोलिपल्ट मूल डबलीमा बसी जयवागीश्वरीनिर सबै देवीदेवताको पूजा गरी श्वेतभैरवनृत्य हुन्छ तथा पूजा पनि गरिन्छ। यो नृत्य र पूजा बेलुकाको पाँच बजिसकेपछि नवदुर्गाको सवारी भक्तपुरमा हुन्छ। यसरी एघार वर्षसम्म नवदुर्गाको रथयात्रा र नृत्ययात्रा भएपछि बाह्रौं वर्षमा ललितपुरबाट हरसिद्धिको नाच ल्याइन्छ। हरसिद्धिनृत्य ल्याउने वर्ष नवदुर्गा नृत्य देवपत्तनमा गरिँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३.१०. हरसिद्धिनृत्य

हरसिद्धिदेवीलाई त्रिशक्ति (माहेश्वरी, वैष्णवी र कौमारी) को रूपमा स्थापना गरिएको छ। शैवतान्त्रिक विधिअनुसार राजोपाध्याय ब्राह्मणबाट पूजाआजा सम्पन्न गरिन्छ। त्रिशक्तिदेवीको आवाहन गरी स्थापना गरिएका माटोका कलशहरू, पूजापात्रहरू तथा नृत्यगण मण्डलीका मुकुटहरू बदल्ने वा रङ्गरोगन गर्ने कार्य बाह्र वर्षमा हुन्छ। नृत्य गरिने वर्ष साइत हेरी माटो ल्याउने, शुद्धि गर्ने, प्रतीक बनाउने, विशेष पूजा, अनुष्ठान, प्राणप्रतिष्ठा, आह्वान आदि कार्यका साथै उपत्यकाभित्रका प्रमुख स्थान, देवस्थलहरूमा विविध प्रकारका नृत्य प्रदर्शन गर्नुपर्छ। यसै परम्पराबमोजिम प्रत्येक बाह्र वर्षमा पशुपतिक्षेत्रमा पनि हरिसिद्धिको नृत्य प्रस्तुत गरिन्छ। यस नृत्यमण्डलीको खर्च पशुपति अमालकोट कचहरीबाट र जयवागीश्वरी भण्डारबाट बेहोर्ने परम्परा रहिआएको छ। नृत्यका क्रममा पहिले जयवागेश्वरीको डबलीमा हरसिद्धिको प्रतीक कलश रहेको रथलाई राखी नृत्य गरिन्छ। त्यस वेला जयवागीश्वरी भण्डार तहबीलबाट पूजा तथा नृत्यमण्डलीलाई भोजन दिने चलन छ। अमालकोटबाट पूजा दिँदा अमालकोटको बगैँचामा नृत्यमण्डली बस्तछ। त्यसैगरी पशुपतिनाथमा नृत्य गर्दा पशुपति भण्डार तहबीलबाट पूजा दिने र सानो सदाबर्तबाट पूजा तथा भोजन सामग्री दिनुपर्छ। देवपाटनक्षेत्रमा बसी विभिन्न ठाउँमा नृत्य गर्दा यसरी पूजा दिने र खाना खर्च दिने परम्परा रहिआएको छ।

४.५. उपर्युक्त जात्रापर्वहरूले त्यहाँको जनजीवनमा पारेको प्रभाव

पशुपतिक्षेत्रमा अवस्थित शक्तिपीठसँग सम्बद्धजात्रापर्वहरूले त्यहाँको जवजीवनमा ठूलो प्रभाव पारेको छ। समाजलाई एकताबद्ध बनाइराख्न र आपसी सद्भाव कायम राख्न पनि ती जात्रापर्वले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। जात्रापर्वको एउटा उद्देश्य मनोरञ्जन पनि हो तर यहाँ मनोरञ्जनको मात्रै ध्येय रहेको छैन। परम्परादेखि आफ्नो पुर्खाले जोगाउँदै आएको सांस्कृतिक परम्परा, धीर्मिक आस्था र विश्वासलाई जोगाउनु र यो संस्कृति आगामी पुस्तालाई हस्तान्तरण गर्नु पनि यस्ता जात्रापर्वहरूको उद्देश्य हो। त्यसैले यहाँ प्रचलित जात्रापर्वले यस क्षेत्रमा बसोवास गर्ने बासिन्दामा धार्मिक भावना जगाउन र आफ्नो सनातन परम्परालाई माया र स्नेह गर्न सिकाएको छ भन्दा अत्युक्ति नहोला।

३.११. उपसंहार

पशुपतिक्षेत्रमा रहेका शक्तिपीठहरूसँग सम्बद्ध जात्रापर्वहरूले त्यस क्षेत्रका मानिसहरूको धार्मिक आस्था र विश्वासका साथै परम्परागत

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मान्यताको पनि प्रतिनिधित्व गरेका छन् । कतिपय जात्रापर्वहरू विशुद्ध लोकपरम्परामा आधारित छन्, तिनमा धार्मिक मनोभावना कालान्तरमा गाँसिएको अनुभूति हुन्छ भने केही जात्रापर्वहरू सम्बद्ध शक्तिपीठको धार्मिक विधिविधानमा आधृत छन् तर सबै जात्रापर्वलाई कुनै न कुनै रूपमा शक्तिपीठसँग सम्बद्ध गराएर आफ्नो धार्मिक मनोभावलाई लोकले व्यक्त गरेको देखिन्छ । हरेक समाजले आफ्नो धार्मिक मनोभाव, दैनन्दिन व्यवहार, मनोरञ्जन आदिलाई जात्रापर्वका माध्यमबाट व्यक्त गर्ने गरेको पाइन्छ । आदिम कालदेखि आफ्ना पूर्वजहरूले मनाउँदै आएका परम्परागत चालचलन, उनीहरूको आदिम व्यवहारको अनुकरण जात्रापर्वहरूमा व्यक्त भएको हामी पाउँछौं । त्यसैले जात्रापर्वको अध्ययनबाट प्राचीन सभ्यता, आदिम संस्कृतिको विषयमा प्रशस्त ज्ञान हासिल गर्न सकिन्छ । यी जात्रापर्वहरू त्यस्ता अध्येताहरूका लागि बौद्धिक खुराक प्रदान गर्ने सामग्री हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उपसंहार

हाम्रो धर्म एवम् संस्कृतिको मुख्य आधार भनेका वेद, पुराण, आगम वा तन्त्र, स्मृतिशास्त्र आदि नै हुन् । तिनै शास्त्रहरूले नै हाम्रा धार्मिक एवं सांस्कृतिक क्रियाकलापहरूलाई निर्देश गर्दछन् । ती शास्त्रहरूले कुनै स्थानविशेषलाई महत्त्व दिएका छन् भने ती क्षेत्रहरू हाम्रा आस्थाका धरोहर बन्न पुग्दछन् । सोही आधारमा नै पशुपतिक्षेत्र नेपाली जनजीवनमा आस्थाको केन्द्र बन्न पुगेको हो । यस्तो पावन क्षेत्रका अधिष्ठाताका रूपमा पशुपतिनाथलाई नेपाली जनजीवनले अत्यन्त श्रद्धा र विश्वासका साथ ग्रहण गरेको छ । नेपालमा हिन्दु धर्मावलम्बीले मात्र होइन बौद्ध, जैन, शिख, किरात आदि धर्मावलम्बीले पनि कुनै न कुनै रूपमा पशुपतिनाथलाई श्रद्धा र विश्वासपूर्वक ग्रहण गरेको हामी पाउँछौं ।

शक्तिउपासनाको लामो र सुदृढ परम्परा रहेको नेपालमा देशभरि नै पाइलैपिच्छे शक्तिपीठ एवं मातृशक्तिका मन्दिरहरू रहेका छन् । शक्तिउपासनाको परम्पराले गर्दा नै नेपाल कहिल्यै पनि विदेशीको गुलाम बन्नुपरेन भन्दा अत्युक्ति नहोला । देशभरि हरेक क्षेत्रमा व्याप्त शक्तिपीठहरूले नेपाली जनजीवन र नेपाली मानसिकतामा शक्तिउपासनाले गहिरो प्रभाव पारेको देखाउँछन् । आर्थिक रूपमा कमजोर भए तापनि सधैं खुसी र प्रसन्न रहन सक्ने नेपालीहरूको दृढ मनोबल शक्तिउपासना एवं आध्यात्मिक अभ्यासका परिणाम हुन् ।

पशुपतिक्षेत्रमा रहेका शक्तिपीठहरूसँग सम्बद्ध जात्रापर्वहरूले त्यस क्षेत्रका मानिसहरूको धार्मिक आस्था र विश्वासका साथै परम्परागत मान्यताको पनि प्रतिनिधित्व गरेका छन् । कतिपय जात्रापर्वहरू विशुद्ध लोकपरम्परामा आधारित छन्, तिनमा धार्मिक मनोभावना कालान्तरमा गाँसिएको अनुभूति हुन्छ भने केही जात्रापर्वहरू सम्बद्ध शक्तिपीठको धार्मिक विधिविधानमा आधारित रहेका छन् तर सबै जात्रापर्वलाई कुनै न कुनै रूपमा शक्तिपीठसँग सम्बद्ध गराएर आफ्नो धार्मिक मनोभावलाई लोकले व्यक्त गरेको देखिन्छ । हरेक समाजले आफ्नो धार्मिक मनोभाव, दैनन्दिन व्यवहार, मनोरञ्जन आदिलाई जात्रापर्वका माध्यमबाट व्यक्त गर्ने गरेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाइन्छ । आदिम कालदेखि आफ्ना पूर्वजहरूले मनाउँदै आएका परम्परागत चालचलन, उनीहरूको आदिम व्यवहारको अनुकरण जात्रापर्वहरूमा व्यक्त भएको हामी पाउँछौं । त्यसैले जात्रापर्वको अध्ययनबाट प्राचीन सभ्यता, आदिम संस्कृतिको विषयमा प्रशस्त ज्ञान हासिल गर्न सकिन्छ । यी जात्रापर्वहरू त्यस्ता अध्येताहरूका लागि बौद्धिक खुराक प्रदान गर्ने सामग्री हुन् ।

यस पुस्तकमा पशुपतिक्षेत्रमा रहेका शक्तिपीठहरूको अध्ययन गर्दै ती शक्तिपीठहरूसँग सम्बद्ध जात्रापर्वले त्यहाँको जनजीवनमा पारेको प्रभाव, ती जात्रापर्वहरूसँग त्यहाँका बासिन्दाहरूको अन्तःसम्बन्ध आदि विषयमाथि प्रकाश पारिएको छ ।

यस विषयक्षेत्रमा थप अध्ययनको प्रशस्त सम्भावना रहेको छ । त्यसतर्फ यो अध्ययनले अवश्य पनि विद्वान्हरूको ध्यान आकृष्ट गर्नेछ । शिवमस्तु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रथम परिशिष्ट

टिप्पणीमा उल्लेख भएका अभिलेखहरू

(अ) गुह्येश्वरीमन्दिरको प्राङ्गणमा रहेको सिंहध्वजमा उट्टङ्कित प्रताप मल्लको अभिलेख

मूलपाठ

ॐ श्री ३ गुह्येश्वरीप्रीतिन भूपकेशरी श्रीश्रीजयप्रताप मल्लदेवन थ्व सिंहध्वज तया सम्वत् ७७४ माघशुक्ल एकादशी बौद्धवार कुन्हु ।

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ६१)

अनुवाद

ॐ श्री ३ गुह्येश्वरी प्रीतिका लागि राजाहरूमा सिंहसमान श्रीश्रीजयप्रताप मल्लदेवले यो सिंहध्वज नेपालसंवत् ७७४ माघशुक्ल एकादशी बुधवारका दिन राखे ।

(आ) गुह्येश्वरीको कुण्डमण्डलमा रहेको प्रताप मल्लको अभिलेख

मूलपाठ

स्वस्ति ॥ नेपालेन्द्रैर्द्धरेन्द्रैः रघुकुलललितै राजराजेन्द्रपुण्यैः ॥ संसारे सारभूते हिमरुचिविमले वंशराजे सुजातैः जुह्या (गुह्या) भित्ते नियुक्तै रविकुलतिलकश्रीकवीन्द्रप्रतापैर्गुह्येश्वर्यां स्थापितं तद्वरकनकमयं पद्मपत्रद्वयं च ॥ स्वस्ति ॥ श्री श्री श्रीं गुह्येश्वरी मात प्रीति न शास्त्रसंगीतादिसकलविद्यापारगमहाराजाधिराजविदग्धचूडामणि श्री श्री राजराजेन्द्रकवीन्द्रप्रतापमल्लदेवन थ्व त्रियनु (तु) तया संवत् ७८० आषाढ शुद्धि.........श्री प्रतापाभिके...... आ गुह्येश्वर्या स्थापितं.......॥

(साभार : नेपालपीठ र गुह्येश्वरी, पृ. १३९)

अनुवाद

स्वस्ति ॥ नेपालभूमिमा इन्द्रका रूपमा रहेका रघुकुलका सुन्दर राजाहरूमा श्रेष्ठ राजा संसारमा सारभूत हिउँको किरणजस्तै निर्मल वंशहरूमा राजा रघुवंशमा जन्मिएका रविकुलतिलक श्रीकवीन्द्रपतापद्वारा सुवर्णमय दुईओटा पद्मपत्र स्थापना गरियो । श्री श्री श्री गुह्येश्वरी माताको प्रीतिका लागि शास्त्र, संगीत आदि सम्पूर्ण विद्यामा पारङ्गत महाराजाधिराज

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्री श्री राजराजेन्द्रकवीन्द्रप्रतापमल्लदेवले यो ने.सं. ७८० आषाढशुक्ल...गुह्येश्वरीमा स्थापना गरियो ॥

(इ) गुह्येश्वरी मन्दिरको वरिपरि प्रस्तरका आठओटा सिंहमूर्तिमा उट्टङ्कित प्रताप मल्लको अभिलेख

मूलपाठ

ॐ श्री श्री जयप्र–
ताप मल्लन
ध्व सिंह तया

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. २०१)

अनुवाद

ॐ श्री श्री जयप्रताप मल्लले यो सिंह राखे ।

(ई) गुह्येश्वरी मन्दिरको मूलढोकाको सामुन्ने वायव्य कोणमा सिद्धेश्वर देवालयमा रहेको अमरसिंह थापाको अभिलेख

मूलपाठ

(बायाँपट्टि कुँदिएको)

१. श्रीमन्नेपालदेशे शशिकुलतिलको नि-
२. र्जितारातिवृन्दो नानाभूमीशचूडाम-
३. णिकरनिकरैः संस्फुरत्पीठभूमिः ।
४. विद्वद्वृन्दस्तुतश्रीललितरणबहादूरसाहो
५. नृपेन्द्रो यत्रास्ते प्राप्तवांस्तत्प्रतिनिधिपदवीं
६. श्रीबहादूरसाहः ॥१॥ तत्रेलान्द्रशैलोदधिजनि-
७. तशके रौद्रवर्षे तपस्ये मासे पक्षेवदाते भृगसु-
८. तदिवसे कुंभसंस्थे दिनेशे । पञ्चम्यां शुक्लयो-
९. गेजभवनगविधावश्विभे सिंहगेब्जे, मध्याह्ने
१०. द्वन्द्वलग्ने नृपबलपतिना क्षात्रधर्मे दृढेन ॥२॥
११. आत्रेये गोत्रवर्ये समुदितवपुषा ख्यातशौ-
१२. र्यस्य भूमौ रंजैसिंहस्य नप्त्राधिकलिम-
१३.तिमता भीमसिंहात्मजेन । भार्यापुत्रा-
१४. न्वितश्रीविलसदमरसिंहेन थापोप-
१५. नान्ना प्रीत्यर्थ गुह्यकाल्याः कनक-
१६. मयगृहं ताम्रगर्भ न्यवेदि ॥३॥ शुभमस्तु

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ७७)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अनुवाद

श्रीनेपालदेशमा चन्द्रवंशका तिलकजस्ता, अनेकौं शत्रुहरूलाई जितेका, अनेक राजाहरूका मुकुटका मणिले पाउदानी झलमल्ल भएका अर्थात् अनेकौं राजाहरूलाई परास्त गरेका, विद्वान्हरूले प्रशंसा गरिएका महाराजाधिराज श्रीरणबहादुर शाह हुनुहुन्छ जहाँ उहाँको प्रतिनिधिपदवी पाएका श्रीबहादुर शाह हुनुहुन्छ ।

शकसंवत् १७११ (वि.सं. १८४६), रौद्रसंवत्सर, फाल्गुनशुक्ल पञ्चमी शुक्रवार अश्विनीनक्षत्र शुक्लयोग, कुम्भराशिमा सूर्य गएका बखतमा, सिंहराशिमा चन्द्रमा गएको समयमा, आत्रेयगोत्रमा जन्मेका, क्षत्रियधर्ममा दृढ भएका रंजैसिंहका नाति, भीमसिंहका छोरा, कलियुगमा पनि बुद्धिमान् भएका, पत्नी एवम् छोराहरूसहित भएका श्रीअमरसिंह थापाले गुह्येश्वरीलाई प्रसन्न पार्न सुनको मोलम्बायुक्त ताम्रपत्र मन्दिरमा चढाए । शुभ होस् ।

(उ) नुगुदेव, बाबुचा आदिको अभिलेख

मूलपाठ

१. ॐ ॐ नमः श्री नैरात्मादेव्यै ॥ सम्वत ७३९ चैत्रकृष्णदस-
२. म्यायां तिथौ, थव सम्बछलस, दिदिस्यवा जुयाया थुन
३. काया गुरुभलाड, परदेवजु, थंकादि जिवनराजजु
४. वइस्यनजु, नुगुदेवजु, बाबुचाजु, रथजु, मधुजु
५. गोमिसिं भारो, हरि भारो दंगुरि जिकेस हषा थ्व-
६. ते थंकादि प्रमुखन नैरात्मादे(व)सके, सुवर्ण्णछत्र दो-
७. होरपा जुरो, थ्वतेया पुण्यवन आयुआरोग्य
८. जनधन, विधिरस्तु, सुखावतिमोक्षेपदं शुभ ॥

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. १५६)

अनुवाद

ॐ नमस्कार श्रीनैरात्मादेवीलाई । ने.सं. ७३९ (वि.सं. १६७६) चैत्रकृष्णदशमी तिथिमा यो वर्ष दशमी सेवा गरी सिध्याएका गुरुभलाड परदेवजु, थकाली जीवनराजजु, वइस्यानजु, नुगुदेवजु, बाबुचाजु, रथजु, मधुजु, गोमिसिं भारो, हरि भारो, दंगुरी जिकेश हर्ष थकाली प्रमुखले नैरात्मादेवीलाई सुवर्णछत्र चढाए । यसको पुण्यले आयुआरोग्य जनधनवृद्धि होस्, सुखावतीमोक्ष प्राप्त होस्, कल्याण होस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(ऊ) शङ्कर भट्टको अभिलेख

मूलपाठ

१. श्रीगुह्येश्वरी .... सम्वत् ८ (३२) .... (मा)
२. घकृर्ष्न शिवरात्रीचतुर्दश्यां तिथौ, श्रवणनक्षेत्रे
३. परिघयोगे यथाकरनमूहुर्त्तके बृहस्पतिवास -
४. रे कुम्भराशिगते सवितरि मकराशिगने च-
५. न्द्रमसि थ्वकुन्हु श्रीजयभास्करमल्लदेव्या
६. विज(य)राज्यस श्री ३ पशुपति पूजावारि श्रीराघवा-
७. नन्द स्वामिया शिष्य द्राविड ब्राह्मण श्रीशं-
८. कर भट्टन श्री ३ गुह्येश्वरी प्रीतिन थ्व घ-
९. ण्ट दुन्ता जुरो थ्व घण्टस सुनानं
१०. लोभानि पापानि याङ सेनकरासा पन्चमहापाप रा-
११. क लाक जुरो ग्वह्मन निदान याङ विचार
१२. यातकरसा श्री ३ इश्वरीया सुदृष्टि ॥ शुभ ॥

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. २२०)

अनुवाद

श्रीगुह्येश्वरी....सम्वत् ८३२ माघकृष्ण शिवरात्रि चतुर्दशी तिथि, श्रवणनक्षत्र, परिघयोग, यथाकरणमुहूर्त, बृहस्पतिवार, कुम्भराशिमा सूर्य मकरराशिमा चन्द्रमा गएको दिन श्रीजयभास्करमल्लदेवको विजयराज्यमा श्री ३ पशुपतिका पुजारी श्रीराघवानन्द स्वामीका शिष्य, द्राविड ब्राह्मण श्रीशङ्कर भट्टले श्रीगुह्येश्वरीको प्रीतिका लागि यो घण्टा राखे । यस घण्टामा कसैले लोभ गरे, पाप गरे, बिगार गरे भने पञ्चमहापाप लाग्ला । कसैले असल गर्ने विचार गऱ्यो भने श्री ३ ईश्वरीको राम्रो दृष्टि होस् ॥ कल्याण होस् ॥

(ऋ) सुवर्णप्रभाको अभिलेख

मूलपाठ

१. ॐ नमः श्रीगनेशाय नमः श्री ३ गुह्यकाल्याम्बाय नम ॥ हरिहरपुत्राय नम ॥ मातमैदिनितातमारुतरसज्योतिश्च वंधूज्वलनज्ञातव्यौमनिभद्रयसभवतामग्रे प्रणामांजलिभू ॥ जिष्णोः संगवसोपजासुकृतोद्रेकस्फूरं निर्म्मलंल्हानायास्तु समस्तमोहनहिमालीनं प-
२. रब्रह्मणि ॥ तेजोमण्डलमध्यगां त्रिनयनां दिव्यांबरालंकृतां दैवापूज्यसिरसुकमलरुचिमानिक्य पात्राभयाम् ॥ विज्ञानंकरपंकजेन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मतगंस्कंदादिरुद्राशिवां सास्त्रारं प्रणवं नमामि सहितं त्रैलोक्यसम्मोहीनीं ॥ प्रवर श्रीशङ्करभट्टन, श्री ३ गुह्येकालिप्रीतिन थ्व घंण्ट दुन्ता जुलो ॥ सम्वत्
३. ८३२ सुनान सेनकलसा पन्चमहापातक लाक जुलो गोह्मन निदान यातसा महापुन्य लाग जुलो ॥ शुभ ॥ ॐश्रीगुह्यकाल्यै नम ॥ ब्रह्मानंदविचारसारविकसज्योस्नाकलापांतरप्राद्यच्चंचलनृत्यमानसुकलासौदामिनी शाम्भवीः ॥ भक्ताभीष्टवरप्रदाननिरतां कारुण्यकल्लोलिनीं श्री गुह्यां परमामिकामविरतंचिन्हा-
४. श्वरूपां भजे ॥ १ ॥ प्रीत्यर्थ निजभावसंजतधिया श्रीगुह्यकाल्यासती श्रीराज्ञी नयकोविदासुविदिता सांव्राज्यलक्ष्मीरिव ॥ घण्टं वै निखिलागमोक्तविधिना निर्म्मारासन्नादिनीं जीर्णोद्धारतया समर्पितवती स्वर्णप्रभा सादरं ॥ २ ॥ धूर्वाहकष्कार्यकर्त्ता सचिवो भीमसंज्ञकः कोकिलश्चापरोध्याक्षष्कार्येस्मिन्साह- चर्यकृत ॥ ३ ॥
५. थ्व घंथ ज्योयाकह्म यरया नकवाहाया थकमि नायक तऔदिजु ध-वृधि ॥ शुभ ॥

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ३६०)

अनुवाद

श्रीगणेशलाई नमस्कार छ। श्रीगुह्यकाली अम्बालाई नमस्कार छ। विष्णु र शिवका छोरालाई नमस्कार छ।

हे माता ! तपाईंका अगाडि पृथिवी, जल, तेज, वायु, आकाश अञ्जलिबद्ध भएर प्रणाम गर्दछन्। इन्द्र, वसु आदिका निर्मल सुकर्मको स्फुरण तपाईंकै अनुग्रहले हुन्छ। समस्त मोहमहिमा परब्रह्ममा लीन होस्।

तेजोमण्डलको माझमा रहेकी, तीन आँखा भएकी, दिव्यवस्त्रले अलङ्कृत, देवगणद्वारा पूजित, कमलले शिर सुरुचिपूर्ण भएकी, अभय मुद्रा धारण गरेकी, माणिकको पात्र धारण गरेकी, तीनै लोकलाई सम्मोहन गर्ने भएकी कल्याणस्वरुपिणी गुह्येश्वरीलाई ॐकारसहित साष्टाङ्ग प्रणाम गर्दछु।

वरिष्ठ श्रीशङ्करभट्टले श्रीगुह्यकालीको प्रीतिका लागि यो घण्टा राखे। संवत् ८३२। कसैले बिगाऱ्यो भने पञ्चमहापाप लागोस्। जसले यसको हेरचाह गर्छ उसलाई ठूलो पुण्य लागोस्। कल्याण होस्।

श्रीगुह्येश्वरीलाई नमस्कार छ।

ब्रह्मानन्दको विचारको सारजस्तो उदाउँदो ज्योत्स्नाकलाले उज्ज्वल भएकी, बिजुलीजस्तो चञ्चल कला भएकी, नाचिरहेकी, शम्भुको शक्तिस्वरूप भएकी, भक्तलाई अभीष्ट वर दिन सदा तत्पर, करुणाको भावको लहरले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भरिएकी, गुह्य चिह्नस्वरूप परमाम्बिका भगवती श्रीगुह्यकालीलाई नमस्कार गर्दछु ॥१॥

आफ्नो स्वाभाविक बुद्धिले, नीति जान्ने भएकी, साम्राज्यलक्ष्मी जस्ती, सुवर्णप्रभाले श्रीगुह्यकालीको प्रसन्नताका लागि आगमशास्त्रोक्त विधिपूर्वक राम्रो आवाज भएको घण्टा जीर्णोद्धार गरी सादर समर्पित गरिन् ॥२॥

भारवाहक कार्यकर्ता भीम र परोक्षरूपमा यस कार्यमा सहभागी हुने कोकिल हुन् । यो घण्टा बनाउने पाटन नकबहालका थकमी नायक तओधि ध-वृद्धि हो ।

(ऋृ) ललितत्रिपुरसुन्दरीको अभिलेख

मूलपाठ

श्रीगुह्येश्वरी

१. श्रीः ॥ स्वस्ति श्रीगिरिराजचक्रचुडामणिमरीचिनीराजि-
२. तपादारविन्दश्रीसिंहप्रतापशाहदेवपट्टराज्ञ्या श्री-
३. राजेन्द्रलक्ष्मीदेव्या....१ प्रीतये तत्सन्निधौ
४. स्थापनाय संकल्पिता हेमसमुज्जला देवीवाहन-
५. सिंहमूर्त्तिस्तद्धर्मपरिपूरणाय तत्स्नुषया श्रीमद्रण-
६. बहादुरशाहदेवपट्टराज्ञया श्रीमल्ललितत्रिपुरसुन्द-
७. रीदेव्या स्वपौत्रश्रीमद्राजैन्द्रविक्रमशाहदेवसंमइता
८. गगननागवसुवसुमतीमितवैक्रमशके १८८०
९. तपस्यासितपञ्चम्यां गुरुवासरे यथोक्तसाङ्गवि-
१०. धानेन प्रतिष्ठापिता चिरं ....१ प्रीतये भूयोदिति शिवं

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ४४५)

अनुवाद

श्री ॥ कल्याण होस् । पार्वत्य राजाहरूको मुकुटको किरणले चरणकमल चम्केका अर्थात् समस्त पार्वत्य राजाहरूलाई परास्त गरेका श्रीसिंहप्रताप शाहदेवकी पटरानी श्रीराजेन्द्रलक्ष्मीदेवीले श्रीगुह्येश्वरीको प्रीतिका लागि गुह्येश्वरीको नजिकमा स्थापना गर्न सङ्कल्प गरेको सुनको देवीवाहन सिंहमूर्ति उनको धर्मपूर्तिका लागि उनकी बुहारी श्रीरणबहादुर शाहकी पटरानी श्रीललितत्रिपुरसुन्दरीदेवीले आफ्ना नाति श्रीराजेन्द्रविक्रम शाहको सम्मतिले वि.सं. १८८० माघशुक्ल पञ्चमी बृहस्पतिवारका दिन विधिपूर्वक स्थापना गरिन् । दीर्घ कालसम्म श्रीगुह्येश्वरीको प्रीतिका लागि होस् । कल्याण होस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(लृ) उपेन्द्रविक्रम शाहको अभिलेख

मूलपाठ

१. ॐ श्रीशाकेधरणीधरस्वराधरामाने सिते माधवे पक्षे मासिदिनेतिथावनवरे गुह्येश्वरीप्रीतये । क्षोणीभर्त्तुरूपेन्द्रविक्रम इति प्रख्यातपुत्रेण तु प्रोन्नद्धाम्बुदनादनादितककुपृक्षैयार्प्पिता घण्टिका ॥शुम्भ॥

२. शाकेधराधरपयोधरलब्धमाने राधे सिते च सुदले भुभघस्नतिथ्यो ॥ दुर्गामुदेर्प्पयततन्निलयेसु धण्यं श्रीमानुपेन्द्रमुखविक्रमनामसाह ॥१॥

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ५१३)

अनुवाद

ॐ शकसंवत् १७७१ तदनुसार वि.सं. १९०६ चैत्रशुक्लमा गुह्येश्वरीलाई खुशी पार्न क्षोणीका पति उपेन्द्रविक्रम शाहनामक प्रख्यात छोराले बादल गर्जेजस्तो बुलन्द आवाज आउने घण्टा चढाए ॥ कल्याण होस् ॥

(लॄ) देवीप्रसाद गिरिको अभिलेख

१. स्वस्ति श्रीसम्वत् १९३६ साल मिति मार्गशिर्षशु-
२. क्ल १० भौमवासर श्री ३ गुह्येश्वरिप्रिति गरि
३. कपतान देवीप्रसाद गिरिका विवाहिता भार्यसहि-
४. त भै ढलवटाका आसा लियाको मूर्ति बनाइ चढा-
५. याको यस्मा लोभानि पापानि गऱ्यो भन्या महापातक ला-
६. गला जसले संभार गर्ला उसको जय होला धार्नि ११ को शुभ्म् ॥

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ५८३)

(ए) वषवरसिंह, राजवरसिंह आदिको अभिलेख

१. स्वस्ति श्रीसम्वत् १९३९ साल मिति श्रावणवदी १२ रोज ४ का दीन श्रीगुह्येकालीप्रीति गरि काठमाडौं बाग्यामुढाटोल बस्न्या वषवरसिं राजवरसिं जगत्मानसिं रत्नमा-

२. नसीं उदैमानसि राजमानसिं पुर्णमानसिं ज्यानमानिसिं प्रमुषले चढ्ढायाको हो शुभ्म् ॥

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ५९४)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(ऐ) मैथकुँ, हरिनसिंह आदिको अभिलेख

मूलपाठ

१. श्रीगणेशाय
२. नमः सम्वत्
३. १९४८ साल
४. मार्गशुदि अ-
५. ष्टमी बुधवा-
६. र थो खुन्हु वं-
७. गलटोलया
८. साहु राजेन्द्र-
९. या भार्या मैथ-
१०. कुं तत्पुत्र हरि
११. नसिं तत्भार्या
१२. लानिवेति तत्पु-
१३. त्र रामदास त-
१४. त्भार्या ज्यानमा-
१५. या मोतिलानि
१६. पुत्र कृष्णदास

(बाँकी अंश दायाँपट्टिको आसनीमा छ)

१. कृष्णभक्त बद्रिदा-
२. स, पितृ रामदास -
३. नं संकल्पयाना
४. वंगु श्रीगुह्येश्वरी-
५. या पश्चिमपट्टि-
६. या वदामि थांक-
७. व पेक मुल धो -
८. काया धलवत-
९. या षलुः लु भ्यां पा
१०. २ या षलु आसा
११. समेतं सुवर्ण ले-
१२. पनयाना पुत्र कृ-
१३. ष्ण भक्तनं श्रीगु-
१४. ह्यकालीयात प्रि-
१५. तियाना जुल शुभ्म्

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ६०८)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अनुवाद

श्रीगणेशलाई नमस्कार। संवत् १९४८ साल मार्गशुक्लअष्टमी बुधवारका दिन इन्द्रचोकका साहु राजेन्द्रकी श्रीमती मैथकुँ, उनका छोरा हरिनरसिंह, हरिनरसिंहकी श्रीमती लानीवेती, हरिनरसिंहका छोरा रामदास, रामदासकी श्रीमती ज्यानमाया र मोतीलानी, छोरा कृष्णदास, कृष्णभक्त, बद्रीदास, बाबु रामदासले सङ्कल्प गरी गएको गुह्येश्वरीको पश्चिमपट्टिको खम्बा चार, मूलद्वारको ढलोटको दैलो, आसासमेत सुनको जलप गरी छोरा कृष्णभक्त श्रीगुह्यकालीलाई खुशी पारेको भयो। कल्याण होस्।

(ओ) वषवरसिंह थकुलक्ष्मी आदिको अभिलेख

१. ॐ स्वस्ति श्रीसंवत १९४९ साल मिति ज्येष्ठवदि १ रोज १ का दिन श्रीश्रीगुह्यकालीप्रीती गरि सहर काठमाडौं न्ह्योषाटोल बस्न्या साहु वषवर सिं थकुंलक्ष्मी राजवरिसं नरेन्द्रलक्ष्मी उदयमानसिं राजमानसिं ज्यानमानसिं राममेहरसिं चंपादेवी ..... नी जसलानी रत्नमाया हीरामाया देवीलानी मोहनमाया कृष्णमाया आसा थकुं संतकुमारी सेतीमाया बेतीमाया बेलकुमारी रत्नकुमारी चन्द्रमाया प्रभीती सकल परिवारले चह्राायाको शुभ्म्: श्रीराम

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ६०९)

(औ) रत्नकुमारी, सुब्बा गणेशदास आदिको अभिलेख

१. ॐ नम: श्रीगुह्येश्वरी महादेव्यै स्वस्ति श्रीसम्वत् १९५७ साल मिति चैत्रवदि ८ रोज ४ का दिनमा श्री गुह्येश्वरीप्रीति गरी स्वस्ति श्रीगिरिराजचक्रचुडामणि नरनारायणेत्यादि विविधविरुदावलि विराजमान मानेन्त श्रीमन्महाराजाधिराज श्री ५ महाराज पृथ्वीवीरविक्रम जङ्गबहादुर सम्सेर

२. जङ्गदेवनाम् सदा समर विजयीनाम् स्वस्ति श्रीमद्दतिप्रचण्डभुजदण्डेत्यादि श्री ३ महाराज वीरसम्सेर जङ्गराणा बहादुर जी.सी.एस.ओ.ई.थोङ लिङ पिम्माको काङ वाङ स्यान पृ.अ.गा.द.वा.पृ.अ.गा..प्र.प. प्राइम मिनिष्टर याण्ड कम्याण्डर चीफका सेवक दिवंगत साहु

३. धर्म्मनारायण तनका पत्नी साहुनी दातिलक्ष्मी तनका पुत्र साहु रामनारायण तनका पत्नी साहुनी मानकुमारी तनका पुत्र साहु रामदास स्वर्गे भउापछि सजीव साहुनी रत्नकुमारी तनका पुत्र सुब्बा गणेशदाश सुब्बा रत्नदाश पौत्र साहु कृष्णदास मच्छेनारायण पुत्री रत्नमाया तुलसि-

४. माया बुहारी ज्यानमाया तुलसिमाया बालकुमारी पौत्री दानकुमारी जगतकुमारी कृष्णकुमारीसहित भयाका वेलामा साहुनी रत्नकुमारी पुत्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सुब्बा गणेशदास रत्नदासहरूका धर्मचित्त भै यो उत्तरपट्टि कवल ४ भयाका गाह्वोसमेत चांदिले छापी प्रीति गरी चह्वायाको शुभ्म् ॥

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ६१८)

(अं) चन्द्रशमशेरको अभिलेख

श्रीगुह्येश्वरी

१

१. श्री ३ महाराज जङ्गबहादुर राणाबाट ....१ का मन्दिरभित्र वरीपरी छापी
२. बक्सेको ढलौट पाता बीग्रदा ६५ सालमा सो पाता झिकी श्री३ महाराज
३. चन्द्रसम्शेर जङ्गबहादुर राणाबाट तायेल छापी बक्सदा सो अघी छापीया-
४. को बीग्रेको ढलौट पाताको सींह १६ बनाइ चढाई बक्सेको इति सम्वत्
५. १९६८ साल आश्विनसुदी ८ रोज ७ आश्वीण १४ गते शुभ्म ।

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ६२८)

(अः) राजवैद्य पद्मानन्दको अभिलेख

१. गुह्येश्वरी नमः । श्री विक्रमादित्य सम्वत् १९५० साल कार्त्तिकशुदि नवमीका दिन श्री ५ सर्कार श्री ३ सर्कारका जय मनाई श्रीसूर्य्यवंशी देवचिकित्सा राजवैद्य दण्डपानिका जेठा छोरा रा-
२. जवैद्य देवानन्दले श्रीभवानी गुह्येश्वरीको ढोकामा चादिका ढोका बनाई चढायाको विग्रदा सो ढोकाको षापा तोरन् चौकोष ठेलोसमेत झिकी ल्याई यथाशक्ति चादि थपि सो ढोका बनाई राजवैद्य दे-
३. वानन्दका कान्छा छोरा राजवैद्य पद्मानन्दले श्रीविक्रममादित्य सम्वत् १९८७ साल आश्विनशुदी द्वितीया बुद्धवार ८ गतेका दिन सब जहान्सहित भै जगतमाता श्रीगुह्येश्वरी श्रीभवानीलाई चढाया ।

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ६४८)

(क) महेन्द्रवीरविक्रम शाहको अभिलेख

मूलपाठ

श्रीगुह्यकालिकायै नमः

१. हिमाद्रिभूमिमण्डलाधिराजमानशोभिना
२. महेन्द्रवीरविक्रमादिशाहदेवभूभुजा ।
३ सुवर्णपट्टमण्डितं समन्ततः परिष्कृतं
४. विधाय गुह्यकालिकाप्रसिद्धपीठमन्दिरम् ॥
५. शशीभदन्तिभूमितशकाब्दके शुचौ शुभे

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६. स्ववर्षवृद्धिवासरे सदा प्रसादसिद्धये ।
७. सभक्तिपाणिसम्पुटप्रमाणतत्परा चिरं
८. सधर्मिणी समन्वितात्महेममूर्तिरर्पिता ॥
९. विक्रमसम्वत् २०१६ आषाढकृष्ण दशमी
१०. शुभमस्तु सर्व जगताम् ॥

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ६७५)

अनुवाद

श्रीगुह्यकालिकालाई नमस्कार

हिमालय पर्वतको भूमिमण्डलमा अधिराजका रूपमा सुशोभित भएका महेन्द्रवीरविक्रम शाह राजाले चारैतिर सुनको पाताले सिङ्गारेर तथा प्रसिद्ध गुह्यकालिका पीठमन्दिरलाई परिष्कार गरेर शकसंवत् १८८१ तदनुसार वि.सं. २०१६ मा आफ्नो वर्षाभिवृद्धिका शुभ अवसरमा सधैँ गुह्येश्वरीलाई प्रसन्न पार्नका लागि सहधर्मिणीका साथ सभक्ति नमस्कार मुद्रासहितको आफ्नो सुनको मूर्ति अर्पित गरे । वि.सं. २०१६ आषाढकृष्णदशमी । सम्पूर्ण जगत्को कल्याण होस् ।

(ख) रणवहादुर शाहको अभिलेख

१. स्वस्ति श्रीसम्वत् १८५२ साल चैत्रवदि १४ रोज ४ श्री ३ वछलादेवीलाई श्रीमहाराजा रणवहादुर शाहले चढायाको हो शुभं ।

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. २९०)

(ग) ठाकुरप्रसाद टण्डनको अभिलेख

श्रीवछलेश्वरी १

१. श्रीवछलेश्वरीदेवी श्रीसुवेदार मानबहादुर टंडन लाहुरी क्षेत्रीका जेष्टपत्नीक देवलीलादेवीका जेठा छोरा सार्जट (न्ट) ठाकु-
२. र्प्रसाद टंडन लाहुरी छेत्रीले सपत्नीकसहीत भै श्रीवछलेश्वरीलाई घंन्ट १ र द्वेवागोटा ५४ स्मेत् श्रीवछलेश्वरी प्रीति गरेको ईती सम्वत् १९६८ साल मीति आस्मीन् १४ गते ७ शुम्भ् ।

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. १११)

(घ) ज्ञानी, मानकुमारी, सिरिपाँ वैद्यको अभिलेख

मूलपाठ

स्वस्ति श्रीपशुपतिस्थान देवपट्टन श्री ३ वछलादेवीसके गोलादेस लुह-
तिकुसया ज्ञानि स्वपुत्र भायर्या मानकुमारी धर्म्मपुत्र सिरिपां वैद्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्वेछ्रान खतस लुपलि जीर्णोढार याङा सम्वत ९९६ साल मिति फार्गु-
णकृष्ण अमाबस्यांतिथौ शुक्लवार शुभम् थु गुज्याया चितांयाके वैद्य
उद्धवनारां शुभ

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन
(अभिलेख खण्ड), पृ. ५८०)

अनुवाद

कल्याण होस्। श्रीपशुपति देवपाटन ग्वलदेश लुहतिकुसकी ज्ञानी, बुहारी मानकुमारी, धर्मपुत्र सिरिपां वैद्यले श्री ३ वत्सलेश्वरीको खटको छाना संवत् ९९६ फाल्गुनकृष्णअमावस्या तिथि शुक्रवार जीर्णोद्धार गरे। यसका गुठियार उद्धवनारायण वैद्य। कल्याण होस्।

(ङ) पूर्ण डङ्गोलको अभिलेख

१. भुवनेश्वरीटोल बस्ने बुद्धिलाल डंगोल
२. छोरा पूर्ण डंगोलले वि.सं. २०३७ साल
३. चैत्र २२ गते रोज ७ मा वत्सलेश्वरी
४. माई प्रीति गरी झण्डा चढायौ।

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन
(अभिलेख खण्ड), पृ. ६७९)

(च) महन्तसिंह भारोको अभिलेख

मूलपाठ

१. स्वस्ति ॥ अद्य ब्रह्मणे द्वितीयप्रहरार्द्धे स्वेतवालाहकल्पे वैव-
२. श्वतंमन्वन्तरे कलियुगे प्रथमपादे भरतखण्डे जम्बूद्वीपे हि-
३. मवन्दक्षिणपादे नेपालमण्डले श्री ३ पशुपतिसन्निधाने वासु-
४. किक्षेत्रे वाग्मत्या दक्षिणकुले विष्णुमत्यां पूर्वकुले श्रीदेवपट्ट-
५. नस्थानाश्चय आर्य्यावर्तदेशे इहैव पुण्यभूमौ ॥ अद्य माघमासे
५. कृष्णपक्षे पंचम्यान्तिथौ हस्तनक्षत्रे व्वतियोगे जथाकर्णमुहू-
६. र्त्तके शुक्रवासरे मकररासिगते सवितरि कन्यारासिगते चन्द्र-
७. मसि ॥ थ्व कुनु ग्वलादेश इन्दूलाछेतोल न्हछेननि यौताछे-
८. या वैद्य महन्तसिंभारोन स्वमाता पद्मावतिया नामे-
९. न थ्व चपालकजोल १ दया पूर्न वैद्य जिजै नारायण
१०. भारो, वैद महन्त सिं भारो, वैद्य पुरन्द सिं भारो स्वह्म स-
११. मुच्चयन, थ्व चपालकजोल दयकं प्रतिष्ठा याङा दिन जुरो।
१२. श्री ३ वज्रेश्वरीप्रीतिम ताताओकेहेपतो बु रो २ चमदन
१३. सिंयाके षसितोल प्वचकगु दाम तका १ थुति वु दाम
१४. दून्ता व वुया दामया ल्वसानवर्ष प्रति दूकायाओ वर्ष

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१५. प्रति श्री ३ वज्रेश्व्रीस जु १ पूजा याय, चपालल्होने माल
१६. थूति याङान लेको गुठिजनन भक्षभोजन याय, गुठि
१७. जन स्व पुत्रा मनोलक्ष्मी जुरो ॥ थुति भिनकंयाकाले ज-
१८. नधनलक्ष्मी संतति संतान वृद्धिरस्तु महकाले पंच
१९. महापापलाक जुरो थगुतिया दृष्ट साक्षि यावत्चन्द्रा-
२०. र्कमेदिनि जुरो ॥ स्वत (सम्वत) ९२३ जुरो ॥ शुभ

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ३४२)

अनुवाद

कल्याण होस् । आज ब्रह्माको दोस्रो परार्द्धमा, श्वेतवाराहकल्पमा, वैवस्वतमन्वन्तरमा, कलियुगको पहिलो पाउमा, भरतखण्डमा, जम्बूद्वीपमा, हिमवत्खण्डको दक्षिण पाउमा, नेपालमण्डलमा, पशुपतिको नजिकमा, वासुकिक्षेत्रमा, वाग्वतीको दक्षिण किनारमा, विष्णुमतीको पूर्व तटमा आर्यावर्तमा देवपत्तननामक यस पवित्र भूमिमा। आज माघ महिनामा, कृष्णपक्षमा, पञ्चमीतिथिमा, हस्तनक्षत्रमा, धृति योगमा, यथाकरण मुहूर्तमा, शुक्रवारमा, मकरराशिमा सूर्य र कन्याराशिमा चन्द्रमा गएको बेलामा ॥ यो दिन ग्वलदेशको इन्दुलाछेटोलको न्हुछेननीको पश्चिमपट्टिको वैद्य महन्तसिंह भारोले आफ्नी आमा पद्मावतीको नाउँमा यो पाटी जोडा १ बनाए। पूर्ण वैद्य जिजैनारायण भारो, वैद्य महन्तसिंह भारो, वैद पुरन्दरसिंह भारो यी तीन जना मिली यो पाटी जोडा १ बनाई प्रतिष्ठा गरेको दिन भयो ।

श्री ३ वज्रेश्वरीका प्रीतिका लागि ताताओकेहेपतो खेत २ चमदनसिं यमके खसिटोल प्वचक गु दाम टका १ यति खेत र दाम राखियो। यो खेत र दामाको आयस्ताले प्रतिवर्ष श्री ३ वज्रेश्वरीलाई पूजा १ भाग राखी पूजा गर्नू, पाटी मरमत गर्नू। यति गरेर बाँकी रहेको जत्ति गुठियारले भक्ष्य भोजन गर्नू। गूठीजन आफ्नी छोरी मनोलक्ष्मी भइन्। यसरी राम्ररी गूठी चलाएमा जनधन, लक्ष्मी, सन्तति सन्तान वृद्धि होस्। यसअनुसार गरेन भने पञ्च महापाप लागोस्। यसको दृष्टसाक्षी सूर्यचन्द्र र पृथ्वी भयो। ने.सं. ९२३ (वि.सं. १८६०) भयो। कल्याण होस्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(छ) भुवनेश्वरीको अभिलेख

मूलपाठ

प्रद्युम्नप्राणस्य कीर्ति

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ४१)

अनुवाद

प्रद्युम्नप्राणको कीर्ति

(ज) भक्तदास श्रेष्ठको अभिलेख

१. श्रीभुवनेश्वरी शर्ण इति सम्वत २०३३ साल आश्विन ९ गते रोज ७ सुभं (भक्तदास श्रेष्ठ)

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ६७९)

(झ) पञ्चनारायण मानन्धरको अभिलेख

१. श्रीभुवनेश्वरी शर्ण श्रीपंचनारायण मानन्धर परिवार

२. २०४३ साल जेष्ठ १० गते आइतवार कृष्णपक्षे नवमी तिथिमा चढाएको ।

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ६८०)

(ञ) शिवानन्द वैद्य, विद्यानन्द वैद्य आदिको अभिलेख

मूलपांठ

१. ॐ संवत ९२८ मिति आश्विणकृष्ण त्रयोदशी श्वमवार थ्व खुन्हु श्रीजयवागेश्वरीप्रीतिन वैद्य सिवानन्द ताभृ (भातृ) विद्यानन्द वैद्य मुक्तनन्द थ्व सोह्म समुच्चयन सुभफलप्राप्तिकामनानं ग्वल १ घं-

२. न्ट दुन्ता सुनानं लोभयातसा पन्च माहापाप लाक निदानयाकह्मयात शुभकल्यान संप्राप्ति जुय् शुभं ऊं संवत् ९५० कात्ति(क)वदि ७ रोज जिनउधार याङा शुभ ॥

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ४६४)

अनुवाद

ॐ ने.सं. ९२८ तदनुसार वि.सं. १८६४ आश्विनकृष्णत्रयोदशी सोमवारका दिन श्रीजयवागेश्वरीको प्रीतिका लागि वैद्य शिवानन्द वैद्य भाइहरू विद्यानन्द वैद्य, मुक्तानन्द वैद्य यी तीन जनाले शुभ फल प्राप्त होस् भन्ने कामनाले एउटा घण्टा चढाए । कसैले लोभ गरे पञ्च महापातक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लाग्ला, असल चिताए शुभकल्याण प्राप्ति होला कल्याण होस् । ॐ ने.सं. ९५० तदनुसार वि.सं. १८८६ कार्त्तिककृष्णसप्तमीका दिन जीर्णोद्धार भयो । कल्याण होस् ॥

(ट) अंशुवर्माकी पत्नीले राख्न लगाएको अभिलेख

मूलपाठ

....प्रासादपिण्डं स्थलं सद्भित्त्यामृतवर्मणा
.....प......शिलापट्टकम् ।
(भर्तुः पुण्य)विवृद्धये भवगतिक्लेशक्षयायात्मनः
भार्या श्रीकलहाभिमानिनृपतेर्लब्ध्वा प्रसादोदय(म्) ॥

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. २१)

अनुवाद

श्रीकलहाभिमानी राजाकी पत्नीले भगवती वनकालीको अनुग्रह प्राप्त गरेर पतिको पुण्य बढोस् तथा आफ्नो सांसारिक गति राम्रो होस् र क्लेशको क्षय र मोक्ष होस् भनी अमृतवर्माद्वारा....मन्दिरको क्षेत्रलाई राम्रो पर्खालले घेरी शिलापत्र राखिन् ।

(ठ) महेन्द्रवीरविक्रम शाहको अभिलेख

१. श्रीविक्रम सम्वत् २०१५ साल कार्तिक मैन्हामा श्रीवनकालीभग-
२. वतीको प्रीति गरि श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाह
३. देवबाट मंदिर पर्खाल क्याम्प सबै पुनर्निर्माण गरिबक्सियो ।

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ६६९)

(ड) राजराजेश्वरी मन्दिरको पेटीमा रहेको अभिलेख

मूलपाठ

१. ॐ नमो महामायै ॥ श्रीनैपालिकसंवत्सरे पञ्चकराकं...
२. माघ मास्यसिते महेश्वरतिथौ भास्वद्दिने मैत्र मे एषा श्री...
३. वन्दित महाराजेश्वरी श्रीपरादेवीयागपुरस्सरं च विधिवद्देवा(लय) स्था–
४. पित ॥ स्वस्ति श्रीमन्नैपालिकसम्वत्सरे ५२८ माघकृष्णअष्टम्यां तिथौ
५. आदित्यवारे ज्येष्ठनक्षत्रे
श्रीश्रीराजाधिराजपरमेश्वरपरमभट्टारकेत्यादिश्रीश्रीयु–
६. वराजजयधर्म्ममल्लदेव तदनुजश्रीश्रीजयज्योतिर्मल्लदेव तदुभयस्य वि–
७. जयराज्ये ॥ ॥ श्रीमच्छ्रीपशुपतिस्थान श्रीदाक्षिणे ...या
८. मगरमण्डेहारीत...त्र श्रीनारायण स...काय...श्री–
९. स्य श्रीश्रीश्रीपशुपतिभट्टारकचरणकमल... राय ... (ध)र्मात्मा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१०. ...श्रीश्रीश्रीराजभट्ट...
११. गन यङि च्वंग स अव श्रीदेवा यतन आदीन श्रीजगत्माना श्रीश्रीश्रीराजेश्वरी शागण्डो
१२. लेपन श्रीकण्ठादिनवदुर्गासवाह ... याङ्न ...
१३. कं पाद्दन ध्वजात्वं यावुमुद्धयाव मालकोनक्रिया यारकं श्रीदेवीप्रति–
१४. स्थापन त्वंजुरो ॥ ॥ अनेन तस्य पुण्येन राजा भवतु धार्मिकः ॥ काले वर्षी न–
१५. भश्चास्तु लोकानन्दन्तु सर्व्वदा ॥ ॥ शुभमस्तु सर्व्वजगतां ॥ ॥

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ५३)

अनुवाद

ॐ महामायालाई नमस्कार छ । नेपालसंवत् ५२८ माघकृष्णअष्टमी तिथि रविवार... मैत्र मुहूर्तमा मेरी यिनी श्री... वन्दना गरिएकी महाराजेश्वरी परादेवीयागपूर्वक विधिवत् देवालय स्थापना गरियो । कल्याण होस् । नेपालसंवत् ५२८ माघकृष्णअष्टमी तिथि आइतवार ज्येष्ठानक्षत्रमा श्रीश्रीराजाधिराज परमेश्वर परमभट्टारक युवराज जयधर्म मल्लदेव र उनका भाइ जयज्योतिर्मल्लदेव दुवैको विजयराज्यमा । श्रीपशुपतिस्थानको दक्षिणपट्टि मगरमण्डमा उपहारस्वरूप दिइएको...श्रीनारायण... श्रीपशुपतिभट्टारक चरणकमल.. धर्मात्मा... श्रीराज भट्ट ..गणसहित... देवालय आदि जगन्माता श्री ३ राजराजेश्वरी...लेपन श्रीकण्ठादि नवदुर्गा.. गरी.. ध्वजा.. चाहिने जति क्रिया गराएर श्रीदेवीको प्रतिष्ठा गरियो । तिनको यस पुण्यले राजा धार्मिक बनून्, आकाश समयमा वर्षा दिने बनोस्, लोक सधैं प्रसन्न रहून्, जगत्को सधैं कल्याण होस् ।

(ढ) जितजङ्ग राणाको अभिलेख

१. स्वस्ति श्रीसम्वत् १९३९ साल मिति भाद्रवदि ८ रोज ३ मा श्रीराजराजेश्वरीप्रीति गरि श्री ३ महाराज जङ्गबहादुर महाराणाका माहिला छोरा श्री ३ पश्चिमतर्फका कम्यान्डिङ्ग जनरल जितजङ्गबहादुर महाराणाले सपत्नि परिवार भै सुवर्णको तोरण ढोका झ्याल कार्नेस चढायाको हो यसमा कसैले लोभानि पापानि नगर्नु जो गर्ला तेस्लाई श्रीराजराजेश्वरीको कुदृष्टि भै पञ्चपातक लाग्ला जसले यसको संरक्षण गर्ला तस्लाई परत्र बैकुण्ठबास होला ॥ शुभम् ।

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ५९४)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(ण) जितजङ्ग राणाको अभिलेख

स्वस्ति श्रीसंवत् १९४१ साल मिति कार्तिकवदि ८ रोज १ मा दफे श्रीपश्चिमतर्फका कम्याण्डिङ जनरल जितजङ्गबहादुर राणाले सपत्नी रानी रुद्रकुमारीदेवीसहित पुत्रपरिवार भै सुवर्णको छाना गजूर चढायाको हो यसमा कसैले लोभानि पापानि गऱ्यो भन्या श्रीराजराजेश्वरीका कुदृष्टि ।

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ५९८)

(त) जङ्गबहादुर राणाको अभिलेख

१. ॐ स्वस्ति श्री सम्वत् १९२४ सु (?) साल मिति फागुणसुदि १४ रोज ७
मघानक्षत्र मुलजोगका दिन श्रीकामका मे(श्व)रिप्रीति गरि श्रीश्रीश्रीमहाराज
जङ्गबहादुर राणा जि.शी.वी. बाट चडायाको घंट १ मार्फत
२. मेजर कपतान जुद्धमान्सी राजभडारी तवल धार्नि २१४ऽ॥ शुभ्म् ।

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ५५४)

(थ) जङ्गबहादुर राणाको अभिलेख

१. ॐ स्वस्ति श्रीसम्वत १९२४ साल मिति फाल्गुणसुदि १४ रोज ७
मघानक्षत्र (मु) लजोगका दिन श्रीकामकामेश्वरिप्रीति गरि श्रीश्रीश्रीमहाराज
जङ्गबहादुर राणा जि.शीवी.बाट चह्रायाका घं १ मार्फत मेजर कपतान
जुद्धमान्सी राजभडारि तव-
२. ल धार्नि २१७ऽ॥ शुभ्म् ॥१॥

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ५५४)

(द) अन्नपूर्णा मूर्तिको पादपीठको अभिलेख

मूलपाठ

१. ॐ श्री ३ पशुपतिप्रीतिन पूर्णवतिन श्री ३ अन्नपूर्ण थापना
२.याङा ७९३ कार्तिक पूर्णमासि कुन्हु शुभ

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. २०५)

अनुवाद

ॐ श्री ३ पशुपतिको प्रीतिका लागि पूर्णवतीले श्री ३ अन्नपूर्णा स्थापना गरेको ने.सं. ७९३ कार्तिक पूर्णिमाको दिन । कल्याण होस् ।

(ध) मृगस्थलीस्थित मनकामना मन्दिरको अभिलेख

श्रीगोरक्षनाथ पीठमृगस्थली भैरवनाथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मनकामनाको मन्दिरलाई पीरमहन्त
क्षिप्रानाथ योगी को अनुमति ईन्द्रचौक
गोरक्षनाथको पुजारी गोपालनाथ योगी
को सहयोगबाट भक्तनन्दलाल चिरा
इया फार्म वनवारीलाल सोहनलाल
काठमाण्डू ईन्द्र चोक निवाशीले जीर्णो
द्धार गरे। विक्रम सम्वत् २०३० साल
फाल्गुण शिवरात्रि।

(पङ्क्तिकारद्वारा स्वयं उतार गरिएको)

(न) गौरीघाटस्थित गौरीपीठको घण्टाको अभिलेख

स्वस्ति श्री बृर्गेडियर कर्णेल दलभंजन थापा क्षेत्रीका जेठा मुख्यानी श्री विष्णुभक्त कुमारीबाट श्री गौरी प्रीती गरि संम्बत् १९४४ साल फाल्गुण शुदि १५ रोज ६ का दिनमा चढायाको घण्ट १ के धार्नी ५० को शुभम्

(पङ्क्तिकारद्वारा स्वयं उतार गरिएको)

(प) मङ्गलागौरीको अभिलेख

श्री

१. काठमाडौं चक्रपथ निर्माण गर्दा
२. सडकमा परेकोले श्रीगोरखनाथ तथा
३. श्रीमंगलागौरीको मन्दिर २०३३ भाद्र
४. ८ गते रोज ३ मा पुन निर्माण सडक
५. विभागद्वारा गरीयको

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ६७८)

(फ) उपेन्द्रविक्रम शाहको तलेजुमा समर्पित घण्टाको अभिलेख

मूलपाठ

१. ॐ श्रीश्रीश्रीस्वेष्टदेवेषु प्रीतिरस्तु सदा सम ॥ ऊनविंशच्छते वर्षे पुनः पंचदशान्विते ॥ १ ॥ उपेन्द्रानन्दनाथेन समर्पितमिदं शुभम्।

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृ. ५४४)

अनुवाद

ॐ श्रीश्रीश्रीइष्टदेवहरूमा मेरो सधैं प्रीति होस्। वि.सं. १९१५ मा उपेन्द्रानन्दनाथले यो समर्पण गरे। कल्याण होस्।

(ब) साम्राज्येश्वरी मन्दिरअगाडिको सिंहस्तम्भको अभिलेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

१. श्रीगणेशाय नमः ॥ सर्वन्नेत्रमहीनवक्षितिमिते मासोऽ–
२. त्तमे माधवे साम्राज्येश्वरिकामुदे विनिहितः सिंहः पुरः शौ–
३. ल्वकः ॥ श्रीसाहाचमत्तमेन तदयं युग्मं पदोः संपदमापत्तिं व–
४. हतु क्रमेण गिरिजास्वस्थापकैतद्विषाम् १ शुभ्म्ः ॥ ॥ ॥
५. अस्यार्थो भाषया १९१२ सालका मासोत्तम वैशाखमैन्हामा सा–
६. हवंशमा अति श्रेष्ठ श्रीउपेन्द्रानन्दनाथ साहबाट श्रीसाम्राज्येश्व–
७. रि भगवतिका प्रीतिनिमित्त, इनैका अगाडिविषे धातुमय सिंह
८. स्थापना गरीयो इनै सिंहवाहन भइ. भगवत्तिका २ पाउकन धा–
९. रन् भगवतीकन आफुकन स्थापना गर्न्याको ऐहिक पारलौ–
१०. किक ऐश्वर्यकन गराउन भगवतिकन भगवती स्थापना गर्न्या
११. पुरुषकन द्वेष गर्न्याका आपत्तिकन गराउन् १ शुभ्म् ॥

(साभार : गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन
(अभिलेख खण्ड), पृ. ५३३)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

द्वितीय परिशिष्ट

पशुपतिक्षेत्रका शक्तिपीठहरूको यथोपलब्ध तस्बिरहरू



CC-0. Nepal Sanskrit Academy, Kathmandu



CC-0. Nepal Sanskrit Academy, Kathmandu





CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu



CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu





CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu





CC-0. Nepal Sanskrit Academy, Kathmandu

सन्दर्भग्रन्थसूची

अथर्ववेदसंहिता (सायणभाष्य–भाषानुवादसहिता) (सन् १९९०), रामस्वरूप गौड (सम्पा.), वाराणसी : चौखम्बा विद्याभवन ।

आचार्य, दिवाकर (२०५३), शीलवतीको अभिलेख र यसका विशिष्ट पक्ष, प्रज्ञा पूर्णाङ्क ८३क, वर्ष २६, असार–असोज, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

आचार्य, दिवाकर (२०७५), *नेपालपीठ र गुह्येश्वरी*, काठमाडौँ : श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान

आचार्य, राजेश (२०६३), *पशुपतिको मन्दिरको पश्चिमढोकाबाट गर्भगृहमा देखिने २ स्त्रीमूर्ति*, पूर्णिमा, पूर्णाङ्क १२५, काठमाडौँ : संशोधन–मण्डल ।

ऋग्वेदसंहिता (सायणभाष्यसहित) (सन् १९४५), राजाराम बोडास र शिवराम गोरै (सम्पा.), बम्बई : बम्बई टेक्नोलोजिकल पब्लिकेसन फन्ड ।

कुब्जिकातन्त्र (सन् १९७५), प्रदीपकुमार राय (सम्पा.), वाराणसी : प्राच्य प्रकाशन ।

क्षेत्री, गणेश र खतिवडा, सोमप्रसाद (२०५४), *हिन्दु समाज र धर्म*, विराटनगर : शिव प्रकाशन ।

ज.ब.रा., धनशमशेर (२०२०), *प्रबुद्धसनातनरहस्यम्*, काठमाडौं ।

ज.ब.रा., धनशमशेर (२०३१), *कामकलारहस्य*, काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

जोशी, हरिराम (२०३०), *नेपालको प्राचीन अभिलेख*, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

टण्डन, गोविन्द (२०५३), *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन*, काठमाडौँ : झरेन्द्र शम्शेर ज.ब.रा. तथा श्रीमती मञ्जु राणा ।

टण्डन, गोविन्द (२०५६), *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* -अभिलेख खण्ड), काठमाडौँ : झरेन्द्र शम्शेर ज.ब.रा. तथा श्रीमती मञ्जु राणा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ढकाल र थापा (सम्पा.) (२०७७), निर्मला पोखरेल, मूर्त सांस्कृतिक सम्पदा, *पशुपति क्षेत्रको सांस्कृतिक सम्पदा (मूर्त र अमूर्त),* काठमाडौं : पशुपति क्षेत्र विकास कोष ।

ढकाल र थापा (सम्पा.) (२०७७), सन्ध्या खनाल, अमूर्त सांस्कृतिक सम्पदा, *पशुपति क्षेत्रको सांस्कृतिक सम्पदा (मूर्त र अमूर्त),* काठमाडौं : पशुपति क्षेत्र विकास कोष ।

तन्त्रालोक (सन् २००२), राधेश्याम चतुर्वेदी (सम्पा.), वाराणसी : चौखम्बा विद्याभवन ।

तैत्तिरीयारण्यक (सन् १९८५), महादेव शास्त्री (सम्पा.), दिल्ली : मोतीलाल बनारसीदास ।

देवमालावंशावली (२०१३), काठमाडौं : श्रीपीरमहन्त क्षिप्रानाथ योगिराज ।

देवीभागवत (सन् २००३), रामतेज पाण्डे (सम्पा.), वाराणसी : चौखम्बा विद्याभवन ।

नासदीयसूक्त (२०७३), निश्चलानन्दसरस्वती (व्याख्या.) पुरी : श्रीमज्जगद्गुरु–शङ्कराचार्य–गोवर्द्धनमठ–पुरीपीठ ।

नेपालमाहात्म्य (१९५७), मुरलीधर झा, वाराणसी : प्रभाकरी एन्ड कम्पनी ।

पन्त, महेशराज (२०३१), *गोपालराजवंशावली र भाषावंशावलीको साधर्म्यका केही उदाहरण,* पूर्णिमा ३१ अङ्क, काठमाडौं : संशोधन–मण्डल ।

.............(२०४४), गोपालराजवंशावली सर्सर्ती हेर्दा, पूर्णिमा ७२ अङ्क, काठमाडौं : संशोधन–मण्डल ।

.............(२०६३), संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र, पूर्णिमा, पूर्णाङ्क १२४, काठमाडौं : संशोधन–मण्डल ।

पन्त, महेशराज र पन्त, दिनेशराज (२०६३), *संसारदेवी परलोक भएको दिन,* पूर्णिमा, पूर्णाङ्क १२५, काठमाडौं : संशोधन–मण्डल ।

पन्त, महेशराज (२०६३), नेवारराज्यमा ब्राह्मण–नरदेवीका भट्टहरूको विषयमा, पूर्णिमा, पूर्णाङ्क १३३, काठमाडौं : संशोधन–मण्डल ।

परातन्त्र (२०७५), माधवप्रसाद लामिछाने (सम्पा.), काठमाडौं : राष्ट्रिय अभिलेखालय ।

पशुपति–पुराण (२०२९), मधुसूदन रिसाल (अनु.), काठमाडौं : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

पौडेल, नयनाथ (सम्पा.) (२०२०), *भाषावंशावली,* काठमाडौं : नेपाल राष्ट्रिय पुस्तकालय ।

भागवतमहापुराण (२०४५), गोरखपुर : गीताप्रेस ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महाकालसंहिता (गुह्यकालीखण्ड) (सन् १९९३), किशोरनाथ झा (सम्पा.), इलाहाबाद : गंगानाथ झा केन्द्रीय संस्कृत विद्यापीठ ।
मानन्धर, सरला (२०४८), *पशुपति क्षेत्रका सांस्कृतिक सम्पदाहरू*, काठमाडौँ : पूर्णप्रसाद मानन्धर ।
मेरुतन्त्र (सन् १९४०), रघुनाथ शास्त्री (सम्पा.), बम्बई : लक्ष्मीवेंकटेश्वर स्टीम प्रेस ।
रिमाल, हरिप्रसाद (२०७७), *देवाधिदेव पशुपतिनाथ र पशुपतिक्षेत्र*, काठमाडौँ : उत्कृष्ट प्रकाशन ।
लंसाल, देवीप्रसाद (सम्पा.)(२०२३), *भाषावंशावली (द्वितीय भाग)*, काठमाडौँ : नेपाल राष्ट्रिय पुस्तकालय ।
लिङ्गपुराण (सन् १९८०), दिल्ली : मोतीलाल बनारसीदास ।
वरिवस्यारहस्य (सन् २००५), श्यामाकान्त द्विवेदी (सम्पा.), वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।
वाङ्देल, लैनसिंह (२०३९), *प्राचीन नेपाली मूर्तिकलाको इतिहास*, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।
वाराहपुराण (सन् १९८२), हृषीकेश शास्त्री (सम्पा.), वाराणसी : चौखम्बा अमरभारती प्रकाशन ।
शतपथब्राह्मण (माध्यन्दिनशतपथब्राह्मण–सायणभाष्यसहित १–९ भाग) सन् २००२ (द्वितीय संस्करण), सत्यव्रत सामश्री (सम्पा.), दिल्ली : नाग पब्लिसर्स ।
शिवमहापुराण (सन् १९९६, द्वितीय संस्करण), गोरखपुर : गीताप्रेस ।
श्रीमद्भगवद्गीता (शांकरभाष्य हिन्दी–अनुवादसहित) (२०६३), गोरखपुर : गीताप्रेस ।
स्वस्थानीव्रतकथा (२०४३), वाराणसी : जय नेपाल प्रकाशन ।
हिमवत्खण्ड (२०१३), योगी नरहरिनाथ, लोकराज सत्याल, चन्द्रनाथ योगी, लक्ष्मीनारायण चौडिलागाई (सम्पा.), वाराणसी : योगप्रचारिणी–गोरक्षटिल्ला ।
Preston, J. (1980). *Cult of the goddess*, New Delhi : Vikas Publishing House .
Gheranda Samhita (1979), Srisa Chandra Vasu (Ed.&Trns.), Delhi : Sri Satguru Publications.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल प्रज्ञा-प्रतिष्ठान

9 789937 781732